
# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष १० अङ्क ४ पूर्णाङ्क ४३० | २०८२ साउन ५ गते सोमबार | Monday 21 July, 2025 | पृष्ठ ८ | मूल्य रू. १०।-


## तलवमान निर्धारणमा संसदवादी ट्रेड युनियनहरूले वर्गीय आत्मसमर्पणकारी चरित्र प्रदर्शन गरेको आरोप




काठमाडौं । क्रान्तिकारी ट्रेड युनियन महासंघले श्रावण १ गते श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निर्धारण गरेको नेपाली श्रम बजारमा कार्यरत मजदुरहरूको तलबमानबारे आफ्नो धारणा सार्वजनिक गरेको छ । महासंघका संयोजक इश्वर तिमिल्सिनाले एक वक्तव्य जारी गर्दै महासंघको धारणा सार्वजनिक सार्वजनिक बाँकी ७ पेजमा

# जनगणतन्त्रका लागि एकजुट हुन सीपी गजुरेलको पुनः आव्हान




काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यबाहक महासचिव सिपी गजुरेलले जनगणतन्त्रका लागि नेपालका सबै कम्युनिस्ट पार्टीहरूलाई एकजुट हुन पुनः अह्वान गरेका छन् । मंगलबार राजधानीको संवाद डबलीमा पार्टीको काठमाडौं जिल्लाले आयोजना गरेको अन्तरक्रियमा गजुरेलले प्रचण्ड-बाबुरामले धोका दिएका कारण क्रान्ति असफल हुन पुगेको बताएका छन् ।

काठमाडौं जिल्ला सेक्रेटरी केदार खतिवडाले प्रस्तुत गरेको 'दलाल संसदीय व्यवस्थाको विकल्पमा संघीय जनगणतन्त्र' सम्बन्धी कार्यपत्रमाथि चर्चा गर्दै गजुरेलले समयको मागअनुसार विषय उठान भएको बताए । गजुरेलले जनयुद्धमा लिएको उद्देश्य पूरा नहुँदा पश्चगामी र बुर्जुवाहरूले देशलाई अस्थिर बनाएको आरोप लगाउँदै भने,"प्रचण्ड र बाबुरामहरूले बुर्जुवा लोकतान्त्रिक गणतन्त्रको पक्षमा सम्झौता गरेर १० वर्षको महान् जनयुद्धमाथि धोका दिँदा यो अवस्था आयो, हामीले क्रान्तिबाटै जनगणतन्त्र ल्याउन पाएको भए अहिले नत पश्चगामी राजतन्त्रात्मक भूतले टाउको उठाउने मौका पाउँथ्यो न त दलाल पुँजीवादीहरूले देशलाई कंगाल बनाएर असफल बनाउन लागेका छन्" गजुरेले भने । गजुरेलले प्रचण्ड नेतृत्वको माओवादीसहित विभाजित माओवादी धारका पार्टीहरू र संघीय जनगणतान्त्रिक व्यवस्था मान्ने सबै धारहरूसँग सहकार्य र आवश्यक परे एकता गर्न तयार भएको पनि बताए ।

नेपाल कम्युनिस्ट पार्टीका अध्यक्ष लोकनारायण सुवेदीले कार्यपत्रमाथि आफ्नो धारणा राख्दै सो कार्यपत्रले विकल्पको खोजी गरेको आफूले पाएको बताए । सुवेदीले राष्ट्रियता, जनतन्त्र र जनजीविकालाई मध्यनजर गरेर कार्यक्रम र कार्यनीति ल्याउन क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले पहल गर्नेमा आशावादी भएको बताउँदै भने,"अब आउने कायनीति र कायक्रमले जनवादी संघीयता दिन्छ कि दिदैन बहसमा जानुपर्छ ।"

नेकपा(मशाल)का प्रवक्ता राम प्रकाश पुरीले कार्यत्रपत्रमा इतिसको राम्रो व्याख्या रहेको भएपनि अहिले के गर्ने ? हाम्रो कार्यक्रम के हो ? संघीय जनगणतन्त्रमा जाने बाटो के हो लगायतका विषय अस्पष्ट रहेको बताए ।

नेकप (ऋषि कट्टेल)का उपाध्यक्ष शम्भु कट्टेलले कार्यपत्र ठिक भएपनि राजनीतिक लक्ष्य पूरा गर्ने बाटो प्रष्ट नआएको बताए ।

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका कार्यालय सदस्य बाँकी ७ पेजमा

## श्रद्धाञ्जली तथा समवेदना व्यक्त



धरान । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका १५ नं. ब्यूरोका सदस्य तथा सुनसरी जिल्ला सचिव पारस लिम्बूकी नातिनी नामसिमा लिम्बूको निधनको तेस्रो दिन आइतबार क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल १५ नं ब्यूरोले श्रद्धाञ्जली तथा समवेदना व्यक्त गरेको छ ।

पार्टीका ब्यूरो इन्चार्ज सिताराम बुढाथोकी, ब्यूरो सचिव डिल्लीराम बोहरासहितका नेताहरूले मृतकको घरमा पुगी मृतकका हजुरबुबा पारस लिम्बू तथा हजुरआमा सुनमाया लिम्बूलाई पार्टीको तर्फबाट हार्दिक समवेदना पत्र समेत हस्तान्तरण गर्नुभएको थियो ।

२०७६ साल बैशाख ५ गते जन्मिएकी नामसिमा लिम्बूको २०८२ साल असार २७ गते उपचारको बाँकी ७ पेजमा

# अखिल (क्रान्तिकारी)ले तीव्र पार्दै विद्यार्थी जागरण तथा शैक्षिक संघर्ष अभियान




काठमाडौं । शैक्षिक क्षेत्रमा रहेका तमाम विकृति विसंगति, अनियमितता भ्रष्टाचार, बेथिति, निजी स्कूलहरूको चर्को शुल्क असुली, शिक्षामा बढ्दो निजीकरण, बजारीकरण र माफियाकरणका विरुद्ध संघर्ष गर्दै आएको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल निकट अखिल (क्रान्तिकारी) अहिले देशव्यापी रूपमा 'विद्यार्थी जागरण तथा शैक्षिक सङ्घर्ष अभियान' सञ्चालनमा रहेको छ । जुलाई १ मा अभियानको उद्घाटन गरेयता देशका सबै ब्यूरोहरूमा सापेक्षिक रूपमा अभियान सञ्चालन भइरहेको छ । अभियानको क्रममा संगठन विस्तार, विभिन्न कमिटिका भेला, बैठक र सापेक्षिक संघर्षका कार्यक्रमलाई एकसाथ अगाडि बढाइएको छ ।

असार १५ गते काठमाडौं र नेपालगञ्जबाट उद्घाटन गरिएको अभियान निरन्तर रूपमा जारी छ । दुवै कमाण्ड अन्तर्गत संगठन विस्तारका कार्यक्रमलाई तीव्रता दिइएको छ । प्राप्त जानकारी अनुसार अभियान क्रममा ९ नम्बर ब्युरो अन्तर्गतका विद्यार्थीसँग अन्तरक्रिया र छलफल, अखिल (क्रान्तिकारी) भक्तपुर जिल्ला संगठन समितिको विस्तारित बैठक, बाँकी ७ पेजमा

# क्रान्तिकारी महिला संगठन नेपालको बर्दिया जिल्ला भेला सम्पन्न



बर्दिया । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल निकट क्रान्तिकारी महिला संगठन नेपालको वर्दिया जिल्ला भेला २०८२ श्रावण गुलरियामा सम्पन्न बाँकी ७ पेजमा

# भ्रष्टाचार विरोधी अभियानसम्बन्धी पर्चा प्रकाशित

काठमाडौ । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले भ्रष्टाचार विरोधी अभियानसम्बन्धी पर्चा प्रकाशित गरेको छ । २०८२ असार ५ गते प्रकाशित उक्त प्रचारको व्यहोरा निम्नअनुसार रहेको छ -

भ्रष्टाचार विरोधी अभियान सफल पारौँ।

हाम्रो पार्टी क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले गत पिबी बैठकको निर्णय अनुसार २०८२ साल असार ५ गतेदेखि देशव्यापी रूपमा भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्न गइरहेको छ। यस भ्रष्टाचार विरोधी अभियानमा सहभागी हुन हामी सम्पूर्ण न्यायप्रेमी जनसमुदायसँग हार्दिक अनुरोध गर्दछौं ।

हाम्रो देश भ्रष्टाचारबाट आक्रान्त भएको छ। देशमा भ्रष्टाचार नभएको र नहुने कुनै निकाय छैन। मन्त्रालय,प्रशासनिक तथा स्थानीय निकायहरू , अड्डा ,अदालत, प्रहरी प्रशासन,विकास निर्माणका काम जहाँ जाउ त्यहाँ भ्रष्टाचार छ। घुसखोरी व्याप्त छ । घुस नदिँदासम्म जनताले सामान्य एउटा सिफारिस पनि पाउँदैनन् । यसलाई नियन्त्रण गर्ने निकाय देशको सरकार हो । तर स्वयं सरकार नै भ्रष्टाचारमा संलग्न रहँदै आएको छ। सरकारमा सामेल भएका मात्र होइन केही अपवाद बाहेक प्रतिपक्षमा रहेका राजनीतिक पार्टीका नेताहरू समेत भ्रष्टाचारबाट मुक्त छैनन् । भुटानी शरणार्थी काण्ड, ललिता निवास काण्ड, सहकारी ठगी काण्ड, गिरिबन्धु टि स्टेट काण्ड, भिजिट भिसा काण्ड लगायत दर्जनौं काण्डहरूले यही कुराको पुष्टि गर्दछन् । भ्रष्टाचार गर्न र त्यसबाट प्राप्त रकम बाँडफाँड गर्न सफ्टवेयर समेत विकास गरेको कुरा चर्चामा आइरहेको छ।

यी घटनाक्रमहरूले के कुरा प्रष्ट गर्दछन् भने नेपालमा भ्रष्टाचार संस्थागत रूपमा विकास भएको छ र त्यसको नेतृत्व सरकारले गरिरहेको छ। सरकारमा सामेल राजनीतिक पार्टी तथा प्रतिपक्षमा बाँकी ७ पेजमा

# नेपालको संसदीय राजनीतिमा देखिएको विदेशी चलखेल



● डा. केशव देवकोटा ●

विश्व कम्युनिस्ट राजनीतिमा संसदीय ब्यवस्थालाई खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने ब्यवस्थाकारूपमा ब्याख्या र बिश्लेषण गरिएको धेरै भएको छ । हालैमात्र नेपालमा संसदीय राजनीतिभित्रै लुटपुटिएका एकजना कथित क्रान्तिकारी नेताले नेपालको बिद्यमान राजनीतिक ब्यवस्था उपरोक्त कथनअनुसार अगाडि बढ्न थालेको सार्बजनिक अभिब्यक्तिदिँदा समाचारको बजार राम्रैसँग गर्माएको थियो । त्यसलगत्तै उक्त नेताले नेपालमा बिद्यमान राजनीतिक ब्यवस्थाको आफू संस्थापक भएको दाबि गरेको पनि देखिएको थियो । जसलेगर्दा उहाँको सन्देश आफूहरू बिद्यमान राजनीतिक ब्यवस्थालाई बिकृत बनाउन सक्रिय छौंभन्ने होभनेर सहजै बुझ्न सकिन्थ्यो । त्यसरी नेपालको राजनीतिक ब्यवस्थालाई बिकृत बनाएर र नेपाललाई अस्तब्यस्त बनाएर के कस्तो अभिष्टको साधनागर्ने गरिएको छ ? त्यो अन्य पक्षहरूका लागि आफैमा एक गंभिर र महत्वपूर्ण खोजीको बिषय भएको छ । हुन त नेपालका कतिपय पार्टीका कतिपय नेताहरू देशमा राजनीतिक बिकृति बढाउन र विदेशी चलखेललाई सहयोगगर्न लागिपरेको भन्ने कुरा अब दिनको घाम जतिकै छर्लङ्ग भएको छ। देशमा बिद्यमान राजनीतिक ब्यवस्था साम्राज्यवादी मुलुकहरूबाट प्रायोजित रहेकोभन्ने कुरा पनि बिभिन्न घटनाक्रमहरूले स्पष्ट गरेका छन् । प्रायः पार्टीहरूमा राष्ट्रकाबारेमा चिन्तनगर्ने प्रबृत्त हराउँदै गएजस्तो देखिएको छ । जस्तो अमेरिकाले नेपालको संघीय शासनका लागि बार्षिक बजेटकै ब्यवस्था गरेको भन्ने सप्रमाण खुलेकै हो । नेपालको संघीयता बचाउनभन्दै युरोपियन यूनियनले ठूलो धनराषि ऋण सहयोग गरेको कुरा पनि खुलेकै हो । संघीयता बचाउन प्रतिमहिना एब अर्ब रूपैयाँ थप खर्च गर्नुपरेका कारण देशको ऋण भार ३० बाँकी ५ पेजमा

## सम्पादकीय

# कहालीलाग्दो विदेश पलायन

नेपालबाट विदेश जानेहरूको लहर कहालिलाग्दो छ। विदेश जान चाहनेलाई रोक्न मिल्दैन, त्यो व्यक्तिको अधिकार हो। तर, राज्यको जिम्मेवारी हो- स्वदेशमै रहन सक्ने आकर्षक विकल्प सिर्जना गर्नु। पहिचान दिने थुप्रै सांस्कृतिक र प्राकृतिक सम्पदा भए पनि राष्ट्रको आधार भनेको शिक्षा हो। आज विश्वशक्तिमान अमेरिका आर्थिक, सामरिक हिसाबले मात्रै प्रभुत्वशाली बनेको होइन, ज्ञान उत्पादन, निर्माण र प्रसारमा उसले गरेको प्रगतिले विश्वलाई आकर्षित गर्न सफल भएको हो।

हामी भने शिक्षा, ज्ञान र प्रज्ञानलाई मतलब नगरी केवल अतीतजीवी भएका छौं र इतिहास तथा प्राकृतिक सम्पदामा गौरव गरेर आत्मरतिमा रमाइरहेका छौं। ती प्राकृतिक सम्पदा हाम्रा गौरव त हुन् तर पौरख होइनन्। देशलाई स्वाभिमान बनाउने मुख्य आधार आत्मनिर्भरता हो। हामी आर्थिक रूपमा मात्रै होइन, शिक्षा र ज्ञानमा पनि आत्मनिर्भर हुन सकेका छैनौं। त्यसैले शिक्षाकै लागि पनि देश छाड्नेहरूको ताँती नै लागिरहेको छ। शिक्षा केवल डिग्रीको विषय होइन, राष्ट्रको भविष्य बनाउने आधार हो। गएका १ दशकमा ७ लाखभन्दा बढी नेपाली विद्यार्थी बिदेसिए। यो केवल एउटा अंक होइन, भविष्यको पलायन हो।

जसै विद्यार्थी बिदेसिए, तिनीहरूसँगै पुँजीसमेत पलायन भइरहेको छ। ७ लाख विद्यार्थी बाहिरिँदा देशले झन्डै ६ खर्ब २५ अर्ब रूपैयाँ गुमाएको छ। यो केवल आर्थिक घाटा होइन, 'ब्रेन ड्रेन' को भयावह संकेत पनि हो। शिक्षा शीर्षकमा बर्सेनि बढ्दो विदेशी मुद्रा खर्च र जनशक्तिको पलायन गम्भीर चिन्ताको विषय हो। स्वदेशका विश्वविद्यालय गतिला नभएर मात्रै विद्यार्थी बिदेसिएका होइनन्। विश्वविद्यालयहरूको विश्वसनीयता कमजोर छ। पढाइ बेलामा नसकिने, परीक्षा बेलामा नहुने र नतिजा पनि समयमा नआउने दीर्घरोगले हाम्रा विश्वविद्यालयहरूलाई गाँजेको छ। पढाइभन्दा ज्यादा राजनीति बढी छ हाम्रा विश्वविद्यालयमा। त्यसका अलावा पढिसकेपछिको अवसरको सम्भावना पनि विद्यार्थीले देखेका छैनन्। यो नै पलायनको मुख्य कारण हो। स्वदेशी शिक्षाले रोजगारीको निश्चितता दिन सकेको छैन।

राष्ट्र बैंकको तथ्यांकअनुसार शिक्षा शीर्षकमा अहिले वर्षकै १ खर्ब नाघ्न थालिसकेको छ। चालु आवको ११ महिनामै १ खर्ब २४ अर्ब रूपैयाँभन्दा बढी रकम त्यही शीर्षकमा बिदेसिएको छ। शिक्षाका नाममा देशबाट प्रतिभा र पैसा दुवैको अभूतपूर्व पलायन भएको छ। शिक्षाको गुणस्तर उक्साउने, सीपयुक्त जनशक्ति उत्पादन गर्ने र तिनलाई खपत गर्ने उद्योग, व्यापार, सेवा क्षेत्र निर्माण गर्ने हो भने मात्रै युवालाई स्वदेशमै रोक्न सकिन्छ।

विदेश जान चाहनेलाई रोक्न मिल्दैन, त्यो व्यक्तिको अधिकार हो। तर, राज्यको जिम्मेवारी हो- स्वदेशमै रहन सक्ने आकर्षक विकल्प सिर्जना गर्नु हो। नेपाली शिक्षालाई गुणस्तरीय, व्यावसायिक, रोजगारोन्मुख र प्रतिस्पर्धी बनाउनु जरुरी छ। त्यसैमा मात्रै समृद्ध नेपालको आधार निर्माण हुन्छ। शिक्षा पलायनको यो प्रवृत्ति अब टुलुटुलु हेर्ने होइन, तुरुन्तै नीतिगत क्रान्तिको विषय हो। आशा र अवसरको खोजीमा बिदेसिने युवाको लर्को रोक्न नसके, कुनै दिन यो देश रेमिट्यान्सले चल्ने तर युवाविहीन 'वृद्धाश्रम' मा परिणत नहोला भन्न सकिन्न। यस्तो कहालीलाग्दो अवस्था पैदा हुनुमा विगत ३५ वर्षदेखिको संसदीय व्यवस्था मुख्य रूपले जिम्मेवार छ। यो व्यवस्था परिजीवी व्यवस्था बनेको छ। यसले सस्तो श्रम उत्पादन गर्ने विदेशी बजारमा बेच्ने एउटा 'दलाल' राज्यको भन्दा अर्को भूमिका खेल्न सकेको छैन। तसर्थ, यो व्यवस्थाको अन्त्य गरेर जनवादी व्यवस्था स्थापित नगर्ने हो भने नेपाल भन्ने देश विश्वमानचित्रबाट गायब हुन सक्ने वा पारिनसक्ने खतरा दिनानुदिन बढ्दै गएको छ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com


# आफ्नो देशको लागि एक हुने कहिले ?



● नारायणप्रसाद भण्डारी ●

**अहिले विश्वभर साम्राज्यवाद मत्त हात्ति, सत्त राँगो जसरी उनमत्त भएको छ । त्यसरी मत्ताएको जीव जन्तुहरू खालि निहु खोज्ने,जँहा पनि लडने भिडने शक्तिको पर्दशन गर्ने,सधै आक्रमक हुन्छन ।अहिले साम्रज्यवाद र उसका मतियार हरूको ठिक त्यहि अबस्था चलिरहेको छ । त्यसको एउटा कारण त विश्व कम्युनिस्ट आन्दोलन विश्व सर्वहारा वर्गका महान् बैज्ञानिक, दार्शनिकहरूले संसारका मजदुर गरिखाने वर्गको बलियो राजनैतिक,बैचारिक र सैद्धान्तिक हतियारबाट सुसज्जित, सुदृढ संगठन निर्माण गरेर मात्र साम्राज्यवादको शक्ति छिन्न भिन्न पार्न सकिन्छ भन्ने प्रमाणित दर्शन दिनु भयो ।**

वर्तमान विश्व परिवेश पलपलमा साम्राज्यवादका नयाँ,नयाँ घटना परिघटना संग ठूलो चुनौतीका साथ जुधिरहेको छ। विश्वमा हुने यस्ता गतिविधि पुँजीवाद र साम्राज्यावादद्वारा गरिने कृयाकलापका रूप एबं तरिका फरक हुनसक्छन् तर उद्देश्य लक्ष्य निरन्तरता कै हुन। अहिले साम्राज्यवादले जसरी एक पछि अर्को रूप बदल्दै पात्रहरू पनि बदलिदै आ आफना हर्कतहरू गरिब,कमजोर,गरिखाने बर्गमाथि अमानवीय एबं अपराधजन्य कुकृत्यहरूको श्रृखला प्रदर्शन गरिरहेको छ। यो आतंक युक्रेन, हमास माथि मात्र होइन यी देश त उसका अभ्याशका परीक्षण हुन। साम्राज्यवादको लक्ष्य विश्व नै हलचल गराएर तेस्रो विश्व युद्ध निम्ताउने हो। साम्राज्यवाद आफैमा युद्ध हो भने यिनीहरू युद्ध,आतंक,अपराध गर्ने गराउने,लडाउने,भिडाउने आफना हातहतियार बिक्री वितरण गर्ने ,अर्काको भूमिमा हस्तक्षेप गर्ने जस्ता अपराध नगरि सन्तोस लिन सक्दैनन ।साम्राज्यवादको नाइके जब सत्तामा आयो उसलेअघोषित तेस्रो विश्व युद्ध शुरु गरिसकेको छ र आफु पनि संसारको नयाँ हिटलर बन्न खोज्दैछ। त्यसका केही उदाहरणहरू दिदै आएको आर्थिक सहयोग कटौतिले लाखौको रोजगार खोसियो। संघ सस्थाहरूले गर्दै आएका धेरै प्रकारका कामहरू विचमै अलपत्र भए। उसको योजना युद्ध तिरै मोडिए। जसरी पनि आतंक मच्चाएर समाज अस्तब्यस्त बनाउनका लागि हातहतियार सहयोग गरेर जर्बजस्त युद्धमा होम्ने दुश्कार्यलाई प्राथमिक्ता दियो। करमा बृद्धि, महँगीं,एमसिसी लागु भएका देशहरूमा सहयोगको बाहनामा आफना गतिविधि षडयन्त्रकारी गतिविधिलाई निरन्तरता दियो। त्यसबाट नेपाल जस्ता कुनैपनि देशले विकाश होइन विनास निम्ताएका छन। आप्राबासीहरू लटलटमा स्वदेश फिर्ताको कारण नेपाल लगायतका धेरै देशहरूले अरबौ क्षति ब्यहोर्न बाध्य बनाइयो। रोजगारको लागि कराडौ खर्चेर गएकाहरूलाई जेल यातना भोग्न बाध्य छन। रुस र युक्रेन इजरायल र हमास बिच भनाइमा युद्ध भनिन्छ तर युद्ध शब्दले पुग्दैन त्यो त साम्राज्यवादको आतंककारी शैलिमा हमास र युक्रेनी जनता माथि अपराध रक्तपातको होलि खेलिरहेको छ। ती देशका नेतृत्व त्यहाँका जनता विश्वकै बहादुर,नीडर,राष्ट्र जनता प्रतिको इमान्दारितालाई धन्यवाद, स्यालुट, सम्मान गर्दै सहयोग गर्नु पर्ने हामी सबैको दायित्व हुन्छ। अहिले साच्चिकै भन्नु पर्दा ती देशहरूलाई आफनो देश र जनताको लागि कति ठूला ठूला अपराधजन्य खतराबाट बच्दै भोक,प्याँस,अनिद्रा,औषधि विनाको आपत,विपत जीवन,मरणको संर्घषमा भिडिरहेका छन ? हामीले सुन्नमा र उनीहरूको प्रत्यक्ष भोगाइको कल्पना गरौ कति विजोग होला ? त्यँहाका जनताको पीडा कस्तो अवस्थामा होला?लाखौंको ज्यान गैसक्यो लाखौं घाइते अपागं छन लाखौंलाख जनता भोकमरिको चपेटामा छन। पानी जस्तो नभै नहुने बस्तु को लागि लाइन लागेका बृद्ध,बालक कोहि बचेनन ।अस्पतालहरू ध्वस्त छन ।मानब सहयोगको लागि दाताहरू समेत त्यहाँ जान सक्ने अवस्था छैन। तै पनि स्वयं राष्ट्रपति आफनै कमाण्डमा हतियार बोकेर लडिरहेका छन। यसबाट साम्राज्यवाद कति निस्ठुर र अपराधी हुन्छन? तिनीहरूको ब्यबहार कस्तो हुदो रहेछ भनेर सायद भनिरहनु पर्दैन ।अहिले यो दानवीय ब्यबहारको विरुद्धमा संसार भरका प्रगतिशील विचारधारा राख्नेहरू लाइ सैह्य भएन सबैले आ आफनो तरिकाले विरोध जनाउने कामहरू भएका छनत्यो कार्यले हामी नेपाली हरूलाइ पनि छोयो यदि मानब हो मानबता छ भने विश्वका र्सबहारा बर्ग एक हौ भन्ने नारा लगाउने हरू अर्को भाइचारा मित्र लाइ आपत विपत परेको समयमा मानवीयताको कदर दिन सकिन्न भने त्यस्ता लाइ बामपन्थि को नाम दिनु ब्यर्थ हुन्छ ।तिनीहरू पनि घोषित अघोषित साम्राज्यवादका दलाल पिछलग्गु एबं दुश्मनका दुत भन्दा फरक पर्दैन ।अर्को महत्वपूर्ण कुरा अहिले फेरिपनि स्थगित भएको एमसिसी निरन्तरता पायो त्यसको पछाडी ठूला ठूला षडन्त्रकारी रहस्य छन। केही लक्षण त देखिएका छन। अब एमसिसी सम्झौता गर्ने हरूले छर्लङ्ग हुने गरि देख्ने छन्। साम्राज्यवादको अहिले भैरहेको कुकृत्यको संकेतबाट संसारका सर्बहारा वर्ग,अग्रगामी प्रगतिशील विचार भएका वामपन्थी विचारकहरूको बहुमत भएका देशहरूको नाम निशाना नै मेटाउने दाउँमा सबैखाले बर्गबैरीहरू एकमत हुदै बल प्रयोग गरेरै लागिपरेका छन्। जसको नजरमा हाम्रो देश पनि अछुतो रहने छैन। त्यसकारण आफनो जन्मभूमि,आफनो देशप्रति समयमै वामपन्थी विचार राख्ने सम्पूर्ण क्रान्तिकारी शक्तिहरू एकठाउँमा उभिनुको विकल्प छैन। फेरि एकपटक भाइफुटे गवारलुटे भन्ने इतिहासको स्मरण गर्ने समय आइसकेको छ। अहिले देखिएका साम्राज्यवादका नवफासीवादी र नवउदारवादी हर्कतको विरुद्धमा आफनो मातृभूमिका लागि देश र जनताको लागि बलिदान दिन तैयार छौ भनेर फलाक्ने सम्पूर्ण क्रान्तिकारीहरू एक हुनेदिन कहिले हो ? जनताका दुश्मनहरूले गला रेटदै छ।

अहिले विश्वभर साम्राज्यवाद मत्त हात्ति, सत्त राँगो जसरी उनमत्त भएको छ। त्यसरी मत्ताएको जीव जन्तुहरू खालि निहु खोज्ने,जँहा पनि लडने भिडने शक्तिको पर्दशन गर्ने,सधै आक्रमक हुन्छन ।अहिले साम्रज्यवाद र उसका मतियार हरूको ठिक त्यहि अबस्था चलिरहेको छ। त्यसको एउटा कारण त विश्व कम्युनिस्ट आन्दोलन विश्व सर्वहारा वर्गका महान् बैज्ञानिक, दार्शनिकहरूले संसारका मजदुर गरिखाने वर्गको बलियो राजनैतिक,बैचारिक र सैद्धान्तिक हतियारबाट सुसज्जित, सुदृढ संगठन निर्माण गरेर मात्र साम्राज्यवादको शक्ति छिन्न भिन्न पार्न सकिन्छ भन्ने प्रमाणित दर्शन दिनु भयो। स्वयंले पनि प्रयोग गरेर प्रमाणित गर्नु भयो ।त्यसकारण विश्वका अधिकांश देशहरूमा प्रगतिशिल बामपन्थि हरूको बलियो शक्तिल नै दुश्मनलाइ पराजित गर्न सफल भएको तत्थ्य हामीले प्राप्त गरयौ। त्यो बलियो हतियार भनेकै यही मार्क्सवादी दर्शन थियो। जब माओको सन् १९७६ मा मृत्यु भयो। त्यसपछि चिनबाटै च्याङकाइ सेकका अबशेष,रुसमा जारशाहीका मतियारहरूले जसरी कम्युनिस्ट विचार मौलाएको देखे। सबैखाले बर्गबैरीका अवशेषहरूले शिर उठाउन थाले र पुनः कम्युनिस्ट समाप्त पार्ने बलियो रणनीति अपनाएर बिभिन्न तरिकाबाट प्रहार गर्ने क्रम चलाए। उनीहरू सफल हुदै गए। सर्बहारा बर्गको बिचलित हुदै जान थाल्यो। वास्तवमा जनताका दुश्मनहरू आफनो योजनामा कसरी सफल हुन सके ? यदि इमान्दारिताका साथ प्रगतिशील विचार राखेको हो भने मन मुटुबाटै समाजवाद हुदै साम्यवादमा जाने लक्ष्य बोकेर हसिया, हथौडा, अंकित झण्डाको कसम खाएर विना लोभ लालच पार्टीमा लागेको हो भने समीक्षा गर्ने र क्रान्तिकारीहरू एकठाउँमा उभिनका लागि समयले घिर्राउँदै ल्याइसक्यो। होइन भने संसदवादको रसपानमा डुबेर समाजवादको नारा एबं समाजवादी मोर्चा बनाएर ठूला ठूला क्रान्तिकारी भाषण गरेर साम्राज्यवाद पनि तर्सिन्न समाजवाद पनि आउदैन। यिनी सबै जनताका आँखामा छारो हालेरभ्रम छरेको मात्र हुनेछ। फेरीपनी जाल झेल गरेर चुनाबमा आहाल खेल्ने प्रपन्च रचिएको हाल सम्मको इतिहासले देखाउछ।

वास्तवमा किन वाम शक्ति कमजोर बन्यो र साम्राज्यवाद मौलायो कारण के ?

१) कम्युनिस्ट विचार राख्ने नेतृत्व देखि कार्यकर्ता सम्म कस्तो भएमा मात्र कम्युनिस्ट आन्दोलन अघि बढन सक्थ्यो ?

क)सर्बप्रथम त कम्युनिस्ट शब्द नै बैज्ञानिक छ ।किनभने यो बिचार कै हतियार बाट विश्वलाइ उथल पुथल पार्न सक्ने क्षमता मार्क्स,एङ्गेल्स,लेनीन,माओ जस्ता महान दार्शनिक बाट नीर्मित दर्शन हो ।यो जुनसुकै बर्ग ब्यक्तिको लागि नभै नहुने अत्याबस्यक राजनैतिक बैचारिक र सैद्धान्तिक शिक्षा हो ।जो संग मार्क्सवादी दर्शन छैन। किताब घोकेर क्रान्तिकारीता देखाउछ ।त्यो कम्युनिस्ट हुनै सक्दैन त्यो बुर्जुवा हो त्यस्ता अबसरवादी को नेतृत्वले क्रान्तिमा ठुलो धोका बाहेक अरु हुदैन ।त्यस्ताहरू नै साम्राज्यवादका नीकट मतियार र जतिसुकै मिठा भाषण कुरा गरेर आफुले क्रान्तिकारीको घोषणा गरेर संघर्षका नाटक देखाए पनि अन्तिममा तिनीहरू धोकेवाज,जनताका दुश्मन एबं क्रान्तिका बाधक जासुस हुन।

ख) वास्तविक इमान्दार कम्युनिस्टमा हुनु पर्ने गुण के के हुन ? विद्धान, बुद्धिमान, विबेकी, निडर, ठोस समयको ठोस विश्लेषक, समाजसेबी, अनुशासित, इमान्दार, दक्ष, नीपुर्ण, त्यागी, नीजि सम्पत्तिको विपक्षी, न्याय कर्ता, अनुसन्धान कर्ता, ब्याबहारिक, ढाट, छल, कपट नभएको, मार्क्सवादको अध्यता, जनताबाट सियोसम्म नलिने, जनता नसताउने, हरेक कुराको सहयोगि,सकारात्मक पक्षको नमुना, द्धन्दात्मक भौतिकवादी विचारमा निपुर्ण, पश्चिमा सस्कृतिको बिपक्षी, मिलनसार, मितब्ययी लगायतका बिषय बस्तुको दक्ष एबं बिज्ञ नै कम्युनिस्ट नेतृत्व एबं कम्युनिस्ट पार्टीको सदस्य हुन सक्छ ।यी उल्लेखित क्षमता भन्दा अझ धेरै दक्षताले भरिपुर्ण भएका विश्व कम्युनिस्ट आन्दोलन एबं सर्वहारा बर्गका राजनैतिक बैचारिक र शैदान्तिक दर्शनका जन्मदाता र्दार्शिनकहरूको उदयको समयमा उनीहरूको अगाडी जस्तोसुकै शक्तिको दम्भ भएका बर्गबैरी हरूपनि झुक्न बाध्य हुन्थे र मात्र संसार जित्न सफल भएका हुन।

ग) बिडम्बनाको कुरा नेपाल र नेपाली जनताले कम्युनिस्ट नेतृत्व नै पाउन सकेन। माथि उल्लेखित कुराको ठीक बिपरीत बाटो हिडने नेतृत्वकै कारण साम्राज्यवाद मौलाउदै गयो। देशको भविष्य नै खतरामा पर्न थाल्यो। त्यसकारण अन्य भाइचारा देशको लागि एउटै मन्चबाट एक मत भएर साम्राज्यवादको जसरी बिरोध गरियो यो कार्यले धेरै राम्रो सकारात्मक भूमिका खेलेको छ। अब आफ्नै देश,आफनै मातृभूमि,जनम जननीको पक्षमा क्रान्तिकारी शक्तिहरू एक ठाउँमा उभिनको लागि समयले माग गरिरहेको छ। यदि ढिलो भयो भने पश्चाताप बाहेक कुनै चिज प्राप्त हुने छैन देशनै धरापमा पर्ने छ। धन्यवाद।

# नेकपामा विभाजनको कारक डा. रायमाझी

❑ **विश्वबन्धु भण्डारी**

नेपाल कम्युनिष्ट पार्टी स्थापनाको १३ बर्ष पुग्दानपुग्दै २०१९ सालमा वनारसमा भएको तृतीय महाधिवेशनबाट औपचारिक रूपमा पार्टी विभाजन हुन पुगेको थियो। २०१७ पौष १ गते राजा महेन्द्रद्वारा गरिएको संसद विघटनको १६ महिनापछि वनारसमा २०१९ बैशाख ४ देखि १५ सम्म तेस्रो महाधिवेशन सम्पन्न भएको थियो। महाधिवेशनका प्रमुख पात्र संस्थापक महासचिव पुष्पलाल र तुलसीलाल अमात्य थिए। परन्तु यी दुवैबीच मतभेदको श्रृखला पनि महाधिवेशनबाटै शुरु भएको हो, कारण तेश्रो महाधिवेशनले पार्टीको घोषित सिद्धान्त नयाँ जनवादी कार्यक्रमको सट्टा राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रमलाई बहुमतद्वारा पारित गर्ने काम भयो।

त्यो समयमा राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रमलाई रुसी ख्रुश्चेभी संशोधनवादको लेपन आमरूपमा लगाइएको थियो। यस अगाडि १९५७ मा महान अक्टोबर समाजवादी क्रान्तिको ४०औं वार्षिकोत्सवको सन्दर्भमा पारस्पारिक हितको साथै व्यापक विचारविमर्श गर्ने उद्देश्यले सोभियत कम्युनिष्ट पार्टीसहित पूर्वी यूरोपका ८ समाजवादी देशका र एशियाका चीन, भियतनाम, उत्तर कोरिया, मंगोलियाका कम्युनिष्ट तथा मजदूर पार्टीका प्रतिनिधिहरूको बैठको आयोजना भएको थियो। सो बैठकको लगतै १९६१ मा ८१ देशका कम्युनिष्ट तथा मजदूर पार्टीका प्रतिनिधिहरूको सम्मेलन पनि मस्कोमा आयोजना भएको थियो। सो सम्मेलनमा सहभागी राष्ट्रहरूको लहरमा एशियाका दुई भूमिगत पार्टी भनिएको छ, जानिफकारहरूका अनुसार दुई मध्य नेपाल र अफगानिस्तान हुन्।

त्यसैगरि, त्यस्ता अन्तर्राष्ट्रिय मञ्चमा प्रोटोकल अनुसार पहिलो लहरमा सत्तारुढ पार्टी, दोस्रो लहरमा संसदको प्रमुख प्रतिपक्षी स्थानमा रहेको पार्टी, तेस्रो लहरमा संसदमा उपस्थिति रहेको पार्टी, चौथो लहरमा पार्टी खुला रहेको (भूमिगतमा नभएको) र पाचौं लहरमा आफ्नो देशमा प्रतिबन्धित (भूमिगत) अवस्थामा रहेका पार्टीहरूको स्थान निर्धारण गरिएको थियो। १९४३ मा कम्युनिष्ट इन्टरनेशनल (कोमिण्टर्न) को विघटन पछिको विश्वका मजूदर तथा कम्युनिष्ट पार्टीको प्रतिनिधिहरूको ठूलो भेला सम्भवत यही थियो र यो नै अन्तिम पनि। यस अगाडि १९४३ मइ १५ तारिखमा स्टालिनको प्रस्तावमा अब संसारका सबै कम्युनिष्ट पार्टीहरू आफ्नो रणनीति र कार्यनीतिहरू तय गर्न सक्षम भइसकेकोले कम्युनिष्ट पार्टीहरूको साँझा मञ्च कोमिन्टर्नको औचित्य समाप्त भएको भन्दै विघटन गरिएको थियो। १९६१ मा पनि विश्वका कम्युनिष्ट पार्टीहरूको भेला मस्कोमा आयोजना गरिएको थियो। १९५७ को भेलाले घोषणा पत्र र १९६१ को भेलाले सामूहिक वक्तत्व्य जारी गरेको थियो।

उक्त सन्दर्भमा सोभियत संघको २०औं महाधिवेशनमा स्टालिनको व्यापक आलोचना भएको र त्यो आलोचनाका सन्दर्भमा मस्को भेलामा पुगेका पुष्पलालले विमति प्रकट गरेका थिए। त्यसपछि विश्व कम्युनिष्ट आन्दोलनमा सोभियत र चिनिया कम्युनिष्ट पार्टीको विभाजित धुरी देखा पर्न थालेको थियो। त्यस सन्दर्भमा वनारस महाधिवेशनमा आफुलाई सोभियत धुरीमा देखाउन तुलसीलालको राष्ट्रिय प्रजातान्त्रिक कार्यक्रम पारित भएको भनिन्छ। भारतीय कम्युनिष्ट पार्टीका महासचिव अजय घोषले नेपालमा ससंद विघटनको बेला मस्कोमा रायमाझी र अजय घोषका बीच भेटघाट भएको र घोषले रायमाझीलाई राजावादी धारमा बग्न लागेको निस्कर्ष निकाल्दै पुष्पलाल र अमात्यहरूलाई नेपालमा राजावादी धारबाट पार्टीलाई जोगाउन तलबाट महाधिवेशनको माग गर्न सुझाए अनुरूप अन्तरजोनल सामन्जस्य कमिटि गठन भई तृतीय महाधिवेशन आयोजना भएको तत्कालीन तथ्य र दस्तावेजहरूबाट पुष्टि हुन्छ।

महाधिवेशन त भयो भाकपा र सोभियत कम्युनिष्ट पार्टीको भाईचारा सम्बन्ध डा. माझी तिरै ढल्किएपछि पार्टी संगठन अगाडी बढ्न सकेन। पार्टीलाई सही बाटोमा डोऱ्याउने उद्देश्यले पुष्पलालको नेतृत्वमा २०२५ सालको गोरखपुर सम्मेलन आयोजना भई सम्पन्न भयो। तुलसीलाल अलग बस्नुको विकल्प थिएन र तुलसीलालको निर्वासित जीवनको अधिकांश समय दिल्लीमा बितेको थियो। अमात्य २०४८ सालको संसदीय निर्वाचनमा राष्ट्रिय पार्टी नभई सकेपछि नेकपा एमालेमा प्रवेश गरे। उनलाई तत्कालीन मनमोहन अधिकारीको सरकारले चिनका लागि नेपाली राजदुतका रूपमा नियुक्त गरेको थियो।

*बाँकी ७ पेजमा*

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# हामीलाई यसरी लपेट्यो भ्रष्टाचारले

● तीर्थ कोइराला ●

विश्वमा देहव्यापारको शुरुवात इसा पूर्व २४ सय वर्ष अगाडि भएको इतिहासमा उल्लेख गरिए पनि जब समाजमा परिवार र विवाहको प्रारम्भ भयो त्यसैबेला लुकिछिपि यौन लेनदेन हुन थालेको अनुमान गरिन्छ। पछि समयक्रममा देहव्यापारको रूप लियो ।

यसअघि शुरु भएका व्यवशायमा हातहतियार निर्माण, काठका सामान बनाउने कला, शिकार गर्ने काम, कपडा उत्पादन र सिउने काम, ठाउँठाउँ हिड्दै लोककथा बाचन गर्ने काम, चित्रकला बनाउने, कपाल काट्ने, बाजा बजाउने काम, कृषि कर्म र घर बनाउने काम प्राचीन समाजका प्रमुख पेसा मानिएका छन् ।

यसरी नै चार हजार वर्ष अघि ग्रिक र मेसोपोटामियाबाट मानव सभ्यता शुरु हुँदा जब सदाचारका कुरा गर्न थालियो दुराचार र भ्रष्टाचार पनि त्यसैबेला शुरु भयो । अनि जब दुराचार र भ्रष्टाचारको कुरा पनि शुरु हुन्छ; त्यसलाई नियन्त्रण गर्ने कुरा पनि लगभग सँगसँगै आउँछ ।

दुनियाँमा कानुनको जन्मदाता अपराध र दुराचार नै हो । जब अपराधको शुरुवात् भयो, त्यसको नियन्त्रणका लागि नियम कानुन निर्माण हुनथाल्यो । सर्वप्रथम रोम, ग्रीक, इजिप्ट र चीनमा राज्यका गतिविधि शुरु भए । त्यससँगसँगै घुस लेनदेन हुन थालेका प्रमाणहरू इतिहासमा उल्लेख छन् । इसापूर्व ३१ सयदेखि २७ सयसम्म इजिप्टको प्रथम राजवंशका समयमा न्याय निरूपणका क्रममा घुस लेनदेन भएको उल्लेख गरिएको छ ।

तत्कालीन चीनमा भान्सामा बसेको देवताले परिवारका हरेक सदस्यको आनिबानी नियालिरहेको विश्वास गरिन्थ्यो । र, त्यो देवताले स्वर्गमा राम्रो खबर लैजाओस् भन्नका खातिर देवताको काल्पनिक तस्बीर सहित राजदरबारमा मह, घिउ आदि सामग्री वर्षको एकपटक लाने गरिन्थ्यो भनेर इतिहासकारहरूले उल्लेख गरेका छन् ।

अहिलेको समाजमा कतिपय अबस्थामा उपहार सहयोग र घुसको सिमाना नछुट्टिए जस्तो प्राचीन ग्रिक साम्राज्यमा पनि त्यस्तो अन्योल थियो । यद्यपि त्यसको खुला रूपमा आलोचना हुदैनथ्यो । पश्चिमा समाज र राज्यको अवधारणासँगै भ्रष्टाचारको गन्ध आउन थाल्यो भने पूर्वीय सभ्यतामा छलछाम, नातावाद, हिनामिना, घुस लेनदेन, पक्षपात, जालझेल जस्ता माध्यमबाट पदको दुरूपयोग गर्दै भ्रष्टाचार हुने गरेको पाइन्छ । जहाँ इमान र जमान रहदैन त्यहाँ बेइमानी हुन्छ र बेइमानीले भ्रष्टाचारलाई बोक्छ ।

१. हाम्रो समाजमा भ्रष्टाचार

हाम्रो समाज राजनीतिक भन्दा पनि पहिलेपहिले धर्म संस्कारमा आधारित थियो । त्यसबखत राजकीय मामिलामा हुने भ्रष्टाचार, दुराचारलाई कानुनी वा राजनीतिक दृष्टिले भन्दा पनि पाप धर्मका आधारमा हेरिन्थ्यो । शुरुदेखि नै हाम्रो समाजमा सामान्य अर्थमा घुस खानु वा आर्थिक हिनामिनालाई मात्र भ्रष्टाचारमा गनिएको पाइन्छ ।

तर जुन कामका लागि जसलाई जिम्मेवारी तोकिएको हुन्छ उसले त्यो काम नगर्नु पनि भ्रष्टाचार हो । रकम लिई वा नलिई अर्कालाई मर्का पर्ने गरी वा राज्यलाई नोक्सान पुग्ने गरी काम गर्नु वा कुनै कानुनले गर्नु भनी तोकिएकोमा सो नगर्नु वा कानुनले अख्तियारी नदिएको काम मेरो अधिकार हो भनी अनाधिकृत पदाधिकारीले गर्नुलाई भ्रष्टाचार मानिन्छ ।

प्रारम्भिक काल

नेपालमा बडामहाराज पृथ्वीनारायण शाहका समयमा पनि घुस लेनदेन रहेको र त्यसलाई नियन्त्रण गर्ने गतिलै प्रयास भएको बुझिन्छ । बडामहाराज स्वयंको दिव्य उपदेशमा ' निआँ निसाप बिगार्न्या भन्याको घुस दिन्या र घुस षान्या हुन् । यी दुईको ता धन जिव गरिलिया पनि पाप छैन ई राजाका महा सतुर हुन् ।' साथै उनको दिव्य उपदेश मै ' घुस लिन्या र दिन्या दुबै राष्ट्रका महा शतुर हुन्' भन्ने उल्लेख भएबाट यसलाई प्रष्ट गर्छ ।

राजा रणबहादुर शाहका सययमा भ्रष्टाचार नियन्त्रणका लागि विस्तृत कानुन जारी भएको देखिन्छ । त्यसबखत जारी कानुनी बन्दोबस्तको सवाल एकमा नै ' साठी साल फागुनदेखि बढो कसैले कसैको छेउ घुस खायाको भया कायल मुकाल गरी घुसको तेबर डंड गर्नु साठी साल अघि घुस षाई राजाको गिराइ नोक्सान पार्याको भया कायल मुकायल गरी षान्यालाई घुसको तेबर लिनु' भनिएको छ ।

अचेल कर्मचारीतन्त्रले कोष दाखिला नगरी राजश्वमा तर मार्ने घटना सुनिए जस्तो त्यसैबेला बिचैमा राजश्व गायब गर्ने तर्फ इङगित गर्दै रणबहादुरको कानुनी बन्दोबस्तको सवाल ६ मा 'दर्बारबाट अमानत रह्याको सेरा गोठ गैरह जगामा कति आमदानी हुंछ. तेसमा कति दर्बार आउँछ. त्यो जाचिबुझि बिचमा रह्याको जाँचिबुझि दर्बार दाखिल गर्नु. दबाउन्यालाई तेबर डंड गर्नु' भनिएको छ ।

यसैगरी सवाल ७ मा अम्बालि ईजारदारले तनषादारको तनषा चुक्ता नगरी सरिद नदेखाई सर्कारबाट मोजरा लियाको ठहर्या तनषादारलाई दिलाई दिनु. तनषादारले माया मारी छोडि गयाको भया असुल गरी दर्बार दाषिल गर्नु. ईजारदारलाई र बिना हाम्रा हुकुम मोजरा दिन्या भारालाई दोबर डंड गर्नु.

सवालमा मा पञ्चायतको आम्दानीविना हाम्रा हुकुम कस कसले बिचमा षायाको रहेछ. सो बुझि षोजि दर्बार दाषिल गर्नु.

२.

सोही कानुनी बन्दोबस्तको सवाल ९ मा नयाँ पोता सलामी भैसीको पुछही जैसीको डंड तामापत्र गुठ जाँच दुदमा पानी मिसाएको डंड गादिम मारषि (राजालाई रैतिले पहिलोपटक चढाउने उपहार) बट्टा डंड बलक (कोसेली) महन्तमंडलीको आमदनी उघाउन्याहरूले कत्ति उघाएछन् । कत्ति बिचमा खाएछन् । कत्ति रैयत उठाएछन् ।

सो जाचिबुझि काएल गरि बिचमा षाया दबायाको षोजि दर्बार दाषिल गर्नु. बिचमा खान्या दबाउन्यालाई तेबर डंड गर्नु.

सबाल १० पनि बिचमा कैफियत गरी नाप तौलमा कैफियत गरी खाने दबाउनेलाई लक्षित गरिएको छ । सबाल १० मा भनिएको छ- सेराका चिताई गर्न्या अडै हिट्टिचोक्या गैह्रले नेवीदेवीका माना पाथी चलाई षोट चलन गरि बिचमा किफाईत षायाको झीकी दर्बार दाषिल गर्नु. छाप नलाग्याका माना पाथी तुलो ढकले लेनदेन नर्नु भनि अडै हिट्टिचौक्यालाई चेताई दिनु.

अचेल पार्टी संगठनका नाउँमा नगद सामान लिएर बिचैमा हिनामिना गर्ने वा सरकारी कर भन्सार छले जस्तो त्यसबेला दरबारमा दाखिल गर्ने सामान बिचैमा हिनामिना गर्ने गरिदो रहेछ। त्यसको नियन्त्रणका लागि पनि राजा रणबहादुर शाहले कानुनी बन्दोबस्त गरेका थिए । उनले जारी गरेको कानुनमा ' मामुलि फरफर्माइस र सरसौगात बिचबिचैमा षाईराख्यालाई काएल मुकाएल गरी डंड गर्नु. काएल भयाको चिजबिज दर्बारमा दाषिल गर्नु. (सबाल ११)

यसैगरी मठमन्दिरको भेटी, पुरोहित ब्राह्मणको दक्षिणा, राज्यको दरबारको सम्पत्ति हिनमिना गर्नेलाई पनि कारबाही दण्ड जरिवानाको व्यवस्था गरिएको थियो ।

राणाकालीन नेपालमा गुठीको धन मास्न र खान हुन्न भन्ने राजा प्रजामा धार्मिक धारणा व्यापक थियो । गुठीको र अरु राजश्व मिसाउन पाइदैनथ्यो । गुठीबाट उठेको रकम प्रधानमन्त्रीको खल्तिमा नगई पाठशाला चलाउन र विदेशमा अंग्रेजी पढ्न जानेका लागि छात्रबृत्ति दिने गरिएको सरदार भीमबहादुर पाँडेको 'त्यसबखतको नेपाल' मा उल्लेख छ। श्री ३ जंग बहादुरका समयमा भ्रष्टाचार नियन्त्रणका हेतुले 'धर्म कचहरी' व्यवस्था गरिएको थियो । अहिलेको अख्तियार त्यसैको परिवर्तत रूप मानिन्छ ।

प्रधानमन्त्री जंगबहादुर शिकारका लागि जाँदा सरकारी हात्ती प्रयोग भएको अबस्थामा त्यसको समेत किराया तिरेर लाने गरेको इतिहासमा उल्लेख छ। यद्यपि त्यस्तो रकम सरकारी कोषकै हुने र शक्तिका नजिक हुनेले सरकारी कोष अनेक तरहले हात पार्ने गर्थे ।

जंगबहादुरको समय पछि सरकारी कोष माथिको ढलिमलि शक्तिशालीहरूबाट बढ्दै आयो। तत्कालीन समयलाई चित्रण गर्ने गरी आदिकवि भानुभक्त आचार्यले आफ्नो कलम चलाएका छन् । मूलतः न्याय क्षेत्र माथि उनको कलम सोझिएको छ ।

ढिलो न्याय, अन्याय, नातावाद क्रिपावाद, भ्रष्टाचारले न्याय बिगारको र अन्याय र ढिला सुस्तीका आधारमा उनले प्रहार गरेका छन् । आज जस्तै उहिलेका रकमीको शैली एउटै हुँदो रहेछ । घूसका आशले ढिलो गर्नेहरू त्यसबखत पनि उस्तै रहेछन् । उनले लेखेका छन्-

३.

बिन्ती डिठ्ठा बिचारीसित म कति गरुँ, चूप रहन्छन् नबोली

बोल्छन् त ख्याल गर्या झै अनिपछि दिन दिन भन्दछन् भोलिभोलि

कीता सक्दिन भन्नु कीता छिनीदिनु क्यान भन्छन् भोलिभोलि

भोलि भोलि हुँदा सब घर बितियो, बक्सियोस आज झोलि ।

उनले कानुनी लिखत र प्रतिउत्तर कवितात्मक शैलीमै लेखेका छन् । त्यतिमात्र हैन अदालतमा दिने निवेदन पनि उनले कवितामा नै लेखेको पाइन्छ । पोखरा अदालतमा अरुकै मुद्दामा साक्षी बकपत्र गर्न जानुपर्ने तर विरामी परे के गर्ने भनेर उनले कविता लेखेर पठाएपछि बकपत्र गर्ने मौका पाउँ भन्ने व्यहोराको निवेदनको रूपमा ।

स्वस्ती श्री पोखरा अदालत महा, डिठ्ठा बिचारीहरू

पाउमा परी विन्ती गर्छु ऐले बिरामी छु म क्या गरुँ

मेरो म्याद रहोस सकिन ऐले आउन यो म्यादमा

गर्न्याछू बकपत्र यही मितिले एक मासका भित्रमा ।

चन्द्र शमशेरले पचास लाख राज्यको कोषबाट बनाएको सिंहदरबार सरकारलाई नै तीन करोडमा बेचेर दाम हात पारे । राणा शासक र तिनका आफन्त, परेका पदाधिकारी, शक्तिको ताबेदारी गर्नेहरूले विर्ताका नाउँमा जमिन र अनेक नाउँमा राज्यको सम्पत्ति हात पार्ने क्रम त्यसैबेला शुरु भयो । फरक नाम र फरक रूपमा सो क्रम अहिलेसम्म जारी छ ।

नजिक नहुने र सत्ताका बिरोधमा छ भन्ने लागेका मानिसलाई डाँडा कटाउने गरिन्थ्यो । वीर पुस्तकालयको पुस्तक हिनामिना गरेको बहानामा माहिला गुरुज्युलाई काशीबास पठाइयो । अरु त के कुरा स्वयं राणा परिवारका मानिसहरू पनि सत्ताको गुटमा परेनन् भने धनकुटा पाल्पा वीरगंज रूपन्देही लगायतका स्थानमा विभिन्न बहानामा खटाइएका उदाहरण छन् । केही त भागेर भारत समेत पुगेका थिए ।

२०२० मा जारी नयाँ मुलुकी ऐनको अदालती बन्दोबस्तको ६८ नम्बरले अरु मुद्धाका हकमा एकाघरका सोह्र वर्ष माथिकालाई कानुन बमोजिम वारिस दिन मिल्ने भए पनि अरुका हकमा घुस किर्तेमा सजाय पाएको र सो बाहेक नैतिक पतन देखिने अन्य फौज्दारी अपराधमा सजाय पाएको व्यक्ति बाहेक जो सुकै व्यक्तिलाई वारिस दिन पाइने व्यवस्था गरेको थियो ।

यसले पहिलेदेखि नै भ्रष्ट आचरण भएको व्यक्ति तत्कालका लागि मात्र होइन पछिसम्म पनि अविश्वसनीय मानिने गरेको प्रष्ट हुन्छ । यसैगरी दण्ड सजायको १३ देखि १६ नम्बरसम्ममा घुस खाने र सरकारी सम्पत्ति के गरे हिनामिना हुने भन्नेबारेमा उल्लेख गर्दै सजायको पनि व्यवस्था गरेको थियो ।

४. प्रजातन्त्र र भ्रष्टाचार

एक सय चार वर्ष राणा वंशीय शासन चल्यो । जसलाई हामी बीच जहानीयाँ शासनका नामले परिचित गराइएको छ । त्यस अवधीमा राजाहरू खोपीका देउता सरह मात्र रहदै आए । एकातिर सत्ता नजिक रहनेको राजकाजमा मनपरि दुराचार अनाचार भ्रष्टाचार तत्कालीन समयमा चरमचुलीमा पुगिरहेको थियो भने अर्कातिर दोश्रो विश्वयुद्धले ल्याएका परिवर्तनको लहरले नेपाललाई पनि छोइसकेको थियो । राणा शासकहरूले विश्वमा भइरहेका गतिविधि बुझ्दै नबुझेका होइनन् ।

राणा शासनको पछिल्लो चरणमा विद्यालय बैंक दुरसञ्चार लगायतका क्षेत्रमा केही काम हुन थालेका थिए । नागरिक अधिकारका लागि वैधानिक व्यवस्था गर्ने संकेत पनि नदिएका होइनन् । तर भारतबाट महात्मा गान्धीको नेतृत्वमा बेलायतको उपनिवेश अन्त्य र चीनमा माओत्से तुङको नेतृत्वमा जनवादी क्रान्तिको सफलताले नेपाली राजनीति पनि तरङ्ग उत्पन्न भयो ।

यसर्थ राणा शासकले सिमित रूपमा खटाइ खटाइ दिएका अधिकारबाट समाजले सन्तोष मान्ने कुरै भएन । शाह राजवंशलाई गतिविधि शून्य बनाएका कारण राजा मात्र होइन राणाहरूको एकलौटी अधिकार प्रयोगले बिरोधको सबैतिरको तारो राणा शासक तर्फ सोझिएको थियो ।

राणा शासन अन्त्यका लागि मुलतः संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्र मातहतमा नागरिक अधिकारको स्थापना, निर्वाचित सरकार, युगानुकूल विकास र आर्थिक पारदर्शिता प्रमुख विषय राखिएका थिए। आर्थिक पारदर्शिता अहिलेको भाषामा भन्नुपर्दा भ्रष्टाचार अन्त्यको आकांक्षा नै थियो । तर राणा शासनमा अधिकारको एकलौटी प्रयोग, अपारदर्शी आर्थिक गतिविधि अन्त्य हुने आशामा गरिएको परिवर्तनले हाकाहाकी भ्रष्टाचार भित्रिएको महसुस गर्न थालियो । राणा प्रधानमन्त्री मोहन शमशेरको कार्यकाल मात्र होइन जनताका छोरा नेपाली कांग्रेसका नेता मातृका प्रसाद कोइरालाको नेतृत्वमा बनेको सरकार पनि भ्रष्टाचारको आरोपबाट मुक्त हुन सकेन । यो आरोप विपक्षबाट मात्र होइन स्वयं नेपाली कांग्रेसकै कार्यकर्ताबाट सुन्नुपर्ने अवस्था आयो ।

त्यसपछिका सल्लाहकारसभा, टंकप्रसाद आचार्य र डाक्टर के आइ सिंहको नेतृत्वमा बनेका सरकारहरू मात्र होइन २०१५ सालमा भएको निर्वाचन पछि दुई तिहाइ मतबाट वी पी कोइराला नेतृत्वमा गठित नेपाली कांग्रेसको सरकार समेत भ्रष्टाचारको आरोपबाट मुक्त रहेन सकेन । त्यसबेलाका पत्रपत्रिका अध्ययन गर्दा टंकप्रसाद आचार्य नेतृत्वको सरकारबाट मन्त्री बालचन्द्र शर्मा र पशुपति घोषले कर्मचारी नियुक्तिमा धाँधली भएको र प्रशासन भ्रष्ट भएको भन्दै राजिनामा दिएका थिए ।

२०१६ साल जेठमा गठन भएको वी पी कोइरालाको सरकार सयदिन पूरा नगर्दै घाँसे घीउ काण्ड (डाल्डा काण्ड)मा मुछियो ।

५. राणा शासनका बेलादेखि पैठारीमा प्रतिबन्धित रहेको कृत्रिम मखन र वनस्पति घीउ २०१६ साउन ३० मा राजपत्रमा सुचना प्रकाशित गरी साउन २५ देखि प्रतिबन्ध खुलाइएको थियो । घीउ विराटनगरका दुई व्यापारीले ल्याउने अनुमति पाएका थिए ।

यसैगरी नेपाली कांग्रेसको तत्कालीन सरकारले मोरङको कानेपोखरी दक्षिणमा करिब दुईसय पचास बिघा जंगल फडानी गरी बस्ती बसाउन प्रधानमन्त्री वी पी कोइरालाका भानिज नाता पर्ने तीर्थप्रसाद अधिकारीका नाउँमा अधिकार सुम्पियो । जसलाई रमाइलो झोडा भनिन्छ । यसको २०२३ सालदेखि २०३० सालसम्म बिक्री बितरण भयो । तीर्थप्रसाद अधिकारीबाट पाँच हजारदेखि दश हजार प्रति बिघा तिरेर जमिन लिने केहीको रजिष्ट्रेसन पास नभए पछि भारतको निर्वासनमा रहेका वी पी कोइराला समक्ष पुगेर रकम थप गरी नामसारी गर्ने क्रममा खुलासा भएको थियो । यद्यपि पञ्चायती व्यवस्था आइसकेकोले यसको ठुलो चर्चा भएन । तर जमिन मात्र होइन ठुलो मात्रामा काठ निर्यात गरेर ककसले फाइदा लिए रहश्यको खोजी हुन बाँकी नै छ ।

२०१७ सालमा नेपाली कांग्रेसकै संसद मणिराम शास्त्रि (पोखेल)ले विपीकै भाइ तारणीप्रसादले ४० हजार नगद बुझि सरकारी ठेक्का दिलाई दिएको सार्वजनिक गरे। यो मात्र होइन सत्तापक्षका २६ जना सांसदले मन्त्रीहरूले मनोमानी काम गरी भ्रष्टाचार गरेको भन्दै धर्मपत्र खडा गरी भ्रष्टाचार नातावाद र पक्षपात बिरुद्ध अभियान चाल्न दक्षिणकाली गएर कसम खाएका थिए। जसमा बलबहादुर राई, मणिराम शास्त्रि, पद्मनाथ रेग्मी, भीमप्रसाद श्रेष्ठ लगायत थिए। अन्ततः २०१७ साल पुस १ मा राजा महेन्द्रले शासन हातमा लिंदा नातावाद कृपावाद र भ्रष्टाचारका कारणलाई आधार बनाएका थिए ।

राजा महेन्द्रले आफ्नो सम्बोधनमा भनेका थिए-

'प्रजातान्त्रिक पद्धतिअनुसार छानिएका प्रतिनिधिहरूद्वारा जनता र सरकारका बीचमा भएको भ्रमात्मक वातावरण राम्रोसित सुल्झाई राष्ट्रको हित र विकास गर्ने पूरा कोसिस हुनेछ भन्ने सबैले आशा एवं विश्वास राखेका थिए, तर त्यसको ठिक उल्टो प्रजातान्त्रिक पद्धतिको आडमा राष्ट्र र जनतालाई एकातिर पन्छाई व्यक्तिगत र दलगत स्वार्थ पूर्ति गर्न अधिकार प्रयोग गरियो । ऐन र कानुनको मर्यादा नराखी छिटोछरितो र योग्य बनाउने नाममा यो मन्त्रिमण्डलले देशका प्रशासनयन्त्र निष्क्रिय र आधारहीन बनाउने चेष्टामा लाग्यो ।

अधिकार दुरूपयोग हुँदा भ्रष्टाचार बढ्नुका साथै अनकन भ्रान्ति पैदा गराई प्रशासनयन्त्रमा पनि शिथिलता उत्पन्न भई देशमा शान्ति सुरक्षा कायम राख्न यो मन्त्रिमण्डल विल्कुल असमर्थ भएकाले र अराष्ट्रिय तत्त्वहरूले धेरै मात्रामा प्रोत्साहन पाई राष्ट्रिय एकतामा समेत बाधा पुर्याउने वातावरण आउन लागेको पनि कसैमा नछिपेको तथा वैज्ञानिक विश्लेषण र वस्तुस्थितिको कार्यान्वयनबिना कोरा सिद्धान्तका आधारमा उठाइएका आर्थिक कदमले समाजमा चाहिने परिवर्तनको सट्टा जनतामा अशान्त र दूषित वातावरण मात्र पैदा गरेकाले राष्ट्रको हित तथा प्रजातन्त्रका निमित्त पनि देशमा यस्तो स्थिति धेरै समयसम्म रहन दिनु उचित नहुने भएकाले देशको एकता, राष्ट्रियता र सार्वभौम बचाउन, देशमा अमन चयन कायम राख्न र देशलाई कुनै कारणबाट पनि बिग्रँदो स्थितिबाट बचाउने अन्तिम जिम्मेवारी पनि हामीमा भएकाले उपर्युक्त वातावरण हटाई शान्ति सुरक्षा कायम राख्न र देशलाई सङ्क्रमण स्थितिबाट बचाउन विशेष अवस्थाको जरुरत पर्न आएकाले तथा देश र जनताको हितलाई मात्र ध्यानमा राखी संविधानको धारा ५५ को अधिकार प्रयोग गरी यो मन्त्रीमण्डल र संसद् दुवै सदनसमेत हामीबाट आज यो घोषणाद्वारा विघटन गरिबक्सेका छौं ।'

यस सम्बोधनमा उनले नीतिगत र प्रत्यक्ष भ्रष्टाचारको कुरा उठाएका थिए ।

६. पञ्चायतकालीन भ्रष्टाचार

जम्माजम्मी २९ वर्ष ३ महिना चलेको निर्दलीय पञ्चायती व्यवस्थाले राजनीतिक आक्षेप प्रशस्तै खेप्यो । व्यवस्था भित्र वैधानिक तवरबाट प्रतिपक्षको प्रावधान नभए पनि पक्ष विपक्ष र समर्थन बिरोध चलिरह्यो । जसका माध्यमबाट त्यसबेला भएका भ्रष्टाचारका कुरा बाहिर निस्कन्थे । निर्दलीय परिपाटीका आलोचकहरू भ्रष्टाचार नभएको भन्दा पनि त्यसलाई गुपचुप दबाइएको भन्न रुचाउछन् । यद्यपि निर्दलीय व्यवस्था प्रारम्भका दश वर्ष राजनीतिका दृष्टिले आलोचनात्मक भएपनि भ्रष्टाचारका दृष्टिले तुलनात्मक रूपले स्वच्छ भएको तथ्यले नै पुष्टि गर्छ ।

राजा महेन्द्रले शासन हातमा लिएको तीन वर्ष नबित्दै नारायणहिटी राजदरबार सरकारलाई बेचेर अनुचित फाइदा लिएको पञ्चायतकालको पहिलो भ्रष्टाचार भएको भनिइन्छ । कतिमा बेचिएको भन्नेमा विवादास्पद तथ्यहरू पाइन्छ । कसैले तीन करोड भनेका छन् भने कसैले एघार करोड उल्लेख गरेका छन् । यसबारे सरकारी कागजात प्राप्त हुन सकेको छैन । नेपालको बजेट २०२७/ २८ मा आएर मात्र एक अर्ब नाघेको अबस्थामा उल्लेख गरिएको रकम विश्वसनीय देखिदैन । तरपनि यो विषय यकिन नभए पनि दरबार सरकारलाई बेचेर भारतीय संसदमा समेत आफ्नो पक्षमा मानिस राख्न राजा महेन्द्र सफल भएको स्वयं दरबार निकट मानिसहरूले बताउने गरेका छन् ।

२०२८ साल माघ १७ गते ५२ वर्षका राजा महेन्द्रको अप्रत्याशित रूपमा निधन भएपछि २६ वर्षको उमेरमा राजा भएका वीरेन्द्र आफ्नो विवेक भन्दापनि दरबारका सचिवहरू र माथिल्लो तहका पञ्चहरूको सल्लाहमा शासन चलाउन थाले । त्यसपछि समयले परिस्थितिलाई दरबारको हातबाट स्वार्थ समूहका हातमा सुम्पिन थालेको अनुमान गर्न सकिन्छ ।

२०२६ सालमा स्टेनलेस स्टिल र सेन्थेटिक टेक्सटायलका कारखाना खोल्न अनुमति दिंदा केही उच्चपदस्थ पञ्चहरूले रकम लिएको कुरा सार्वजनिक भएको थियो । तर त्यसमाथि छानविन र कारबाही भने भएको देखिएन । त्यस अवधीमा अपारदर्शी ढंगले व्यवस्था सुदृढिकरण र बर्गीय संगठनका नाउँमा खर्च हुने गरेको चाहिं अनुभविहरू बताउँछन् । तत्कालीन प्रधानमन्त्री सुर्यबहादुर थापाको समयमा २०२५ साल भ्रष्टाचार भयो भन्ने आवाज उठेपछि राजा महेन्द्रले एक पत्रलेखि त्यसबेलाको संसद राष्ट्रिय पञ्चायतमा छलफल गरिएको थियो ।

२०२८ साल माघ १७ गते ५२ वर्षका राजा महेन्द्रको अप्रत्याशित रूपमा निधन भएपछि २६ वर्षको उमेरमा राजा भएका वीरेन्द्र आफ्नो विवेक भन्दापनि दरबारका सचिवहरू र माथिल्लो तहका पञ्चहरूको सल्लाहमा शासन चलाउन थाले । त्यसपछि समयले परिस्थितिलाई दरबारको हातबाट स्वार्थ समूहका हातमा सुम्पिन थालेको अनुमान गर्न सकिन्छ ।

पत्रपत्रिकाहरूको अध्ययनबाट २०२९ सालमा विदेशी मुद्राको चोरी बजारी बढेको र सोहीताक शाही वायुसेवा निगमको बोइङ खरिदमा एकलाख बीस हजार डलर त्यसका सञ्चालक समिति सदस्य र सल्लाहकारहरू मिलेर कमिसन खाएको कुरा २०३५ साल तिर चर्चामा आयो । २०३३ सालमा इतिहासमा चर्चित गलैंचा काण्ड भयो । गलैंचाको अधिक मूल्याङ्कन गरी विदेशी मुद्रा अपचलन गरिएको सो काण्डमा मन्त्रीहरू भेषबहादुर थापा र हर्क गुरुङ समेत मुछिए । कुलेखानी जलविद्युत आयोजना निर्माणको ठेक्का पाएको कोरियन कम्पनीले दरबारका नातेदारलाई दरबारमार्गमा एउटा तारे होटल नै बनाएर दिएको चर्चाले ठूलै बजार लिएको थियो ।

७. २०३४ सालमा गाई काण्ड आयो यसमा स्विस सरकारबाट कृषकलाई उपलब्ध गराइएका गाई, मन्त्री रविद्रनाथ शर्मा दरबारका सचिव नारायणप्रसाद श्रेष्ठ रञ्जनराज खनाल समेतले लिएर दुरूपयोग गरेको आरोप लाग्यो । त्यसबेलाका केही गाई दरबार लगिएको भन्दै बिरोध भएको थियो ।

यस्तै पञ्चायतकालको अर्को हास्यास्पद काण्ड थियो गधा काण्ड । कृषि मन्त्री रविन्द्रनाथकै समयमा नेपालका मोटर बाटो नपुगेका दुर्गम जिल्लाहरूमा खाद्यान्न तथा कृषि उत्पादन ढुवानीका लागि गधा फार्म विकास गर्ने योजना बन्यो । सो योजनाको अध्ययन भ्रमणका लागि केही उच्चपदस्थ कर्मचारी भारत पठाइए । उनीहरू नयाँदिल्ली हरियाणा लगायतका ठाउँमा घुमफिर गरी एक डेढ महिना पाँचतारे होटलमा बसेर फर्किए । त्यसको नतिजा केही आउन सकेन । यसमा आफन्त र नजिकका नातेदारलाई पोस्न गरिएको प्रपञ्च भएको आरोप लाग्यो । यो विषय महालेखा परिक्षकको प्रतिवेदनमा उल्लेख भएपछि मात्र सर्वजनिक भएको थियो ।

२०३६ सालमा गरिएको जनमत संग्रहमा निर्दललाई जिताउन तत्कालीन प्रधानमन्त्री सुर्यबहादुर थापाको योजना र सक्रियतामा सुकुम्वासीलाई जमिन बाँड्ने नाउँमा वन फडानी गरी ठुलो मात्रामा काठ निर्यातको काम भयो । सुकुम्वासी बनाउने र जमिन बाँडेर राजनीतिक पक्षले अनुचित फाइदा लिने कामको संस्थागत शुरुवात त्यसैबेला भयो । जो अहिलेसम्म चलिरहेको छ ।

त्यसैताक सर्पको छाला निकासी काण्ड आयो जाटिया थरका एक व्यापारीले नेपालबाट पाँचलाख थान सर्पको छाला निकासी गर्ने अनुमति पाएका थिए। नेपालमा त्यति ठुलो संख्यामा सर्पको छाला नभएको र विदेशी मुद्रा अपचलनका लागि मात्र सो नक्कली अनुमतिको रचना भएको भन्दै निक्कै बिरोध भयो । बिरोधका कारण केही समयपछि अनुमति रद्द गरियो । तर अनुमति खारेज हुनुभन्दा पहिले नै काम तमाम भैसकेको धेरैले अनुमान गरेका थिए ।

यसैगरी २०४३ सालमा तत्कालीन सोभियत संघको युक्रेनबाट पाउडर दुध आयात गर्दा परमाणु बिस्फोट भएको समयमा बिषाक्त दुध ल्याइएको भनी बिरोध भयो जुन चेर्नोबिल दुध काण्डका नाउँले प्रख्यात छ । सन् १९८६ मा त्यहाँ परमाणु बिस्फोट भएको थियो ।

पञ्चायतकालमा तस्करी, भन्सार छलि र विदेशी मुद्रा अपचलनको माध्यम बन्यो झिटीगुण्टा मार्फत गरिने आयात । राजा महेन्द्रले खाद्यान्न उत्पादन नभएको र जीवनयापनका अरु माध्यम पनि कमजोर रहेकोले मुलत मनाङ जिल्लाका बासिन्दालाई हङकङ बैकक सिंगापुरबाट भन्सार सहुलियतमा तोकिएको मात्रामा सामान ल्याउने सुविधा दिन दिएको आदेशको ठूलै दुरूपयोग भएको थियो ।

यसैगरी २०४० सालमा एकअर्ब डलर काण्ड पञ्चायतकालको सर्वाधिक ठुलो चर्चाको विषय बनेको थियो । नेपाल राष्ट्र बैक र *बाँकी ४ पेजमा*

# राष्ट्रिय स्वाधीनता र जनताको जनवाद



● मोहन वैद्य 'किरण' ●

***पुँजीपति वर्ग लोकतन्त्रको संवाहक बन्यो । त्यो इतिहासको प्रगतिशील कदम थियो । परन्तु, केही समयपश्चात् पुँजीपति वर्गले सर्वहारावर्गको उत्पीडन तथा दमन गर्न थाल्यो र पुँजीपति वर्ग साम्राज्यवादी तथा जनविरोधी बन्न गयो । त्यस स्थितिमा सर्वहारा लोकतन्त्र र जनताको लोकतन्त्र विकसित हुन पुगे । यी सबै कुराबाट के स्पष्ट हुन्छ भने लोकतन्त्रसम्बन्धी अवधारणा समाजमा हुने परिवर्तनसितै विकसित हुने गर्छ । परन्तु, नेपालमा त केही शताब्दीअगाडिको संसद्वादी लोकतन्त्रलाई आदर्श मानेर चल्ने गरियो ।***

आजको युगमा राष्ट्रिय स्वाधीनताको आन्दोलन विजयी नबन्दासम्म जनतन्त्रको आन्दोलन पनि विजयी बन्न सक्तैन । आखिर संविधान त घोषित गरियो । परन्तु, न यस संविधानले जनयुद्ध र जनआन्दोलनहरूमा अभिव्यक्त जनभावनालाई समेट्यो, न त राष्ट्रलाई एकताबद्ध नै गर्न सक्यो । संविधान बनाउनेहरूले देश नयाँ युगमा प्रवेश गरेको भनेर प्रचारवाजी गरे र खुसियाली त मनाए, तर फेरि पनि देश वस्तुतः अतीततिरै फर्कियो । हुन त संविधानमा उल्लिखित गणतन्त्र, धर्मनिरपेक्षता र संघीयतासहितका कतिपय विषयलाई अंशतः र मात्रात्मक रूपमा सकारात्मक अर्थमा ग्रहण गर्न सकिन्छ र गर्नुपर्छ ।

परन्तु, समग्रता, गुणात्मक र सारतत्त्वका रूपमा जनताको जनवादका दृष्टिले यो प्रतिगामी बन्न पुगेको छ । देशका विभिन्न भागमा संघर्षको ज्वाला फेरि पनि दन्कियो । भारत सरकारले पहिले नाकाबन्दी गरेकै थियो । अहिले पनि अघोषित नाकाबन्दी गरेर आफ्नो हस्तक्षेपकारी चरित्रलाई फेरि पनि दोहोऱ्याएरै छाड्यो । अहिले देश जनताको जनवादको स्थापना र राष्ट्रिय स्वाधीनताको रक्षा दुवै दृष्टिले गम्भीर संकटमा फस्न पुगेको छ ।

केही वर्षयता कहिले चार र कहिले तीन राजनीतिक दलहरू आफूलाई सदा सार्वभौम ठानेर हिजोको पञ्चायती कालमा झैं कसैको पनि केही कुरा न सुनेर राजनीतिको रथलाई हाँक्न व्यस्त बन्दै आएका छन् । अहिले राजनीतिक व्यवस्था त संसद्वादी नै छ, तर वास्तविक प्रतिपक्षी को हो थाहा छैन । सरकारधारी र प्रतिपक्षी एउटै ठाउँमा बसेर सत्ताको आस्वादन गरिरहेका छन् । आन्दोलनकारीहरूका मुखमा कर्फ्यु-निषेधाज्ञाको बुजो लगाएर, जनहत्या, धरपकड तथा सेना परिचालनको अभियान जारी गरेर, जनयुद्ध तथा जनआन्दोलनहरूमा संलग्न रहेका सम्बन्धित राजनीतिक शक्तिहरूलाई पाखा लगाएर र विश्वको सबैभन्दा उत्कृष्ट लोकतान्त्रिक संविधान बनाइयो भनेर ठूलो होहल्ला गरिएको छ । परन्तु, अहिले वास्तविक जीवनमा लोकतन्त्र राज्यआतंकको पर्याय बन्न पुगेको छ । प्रतिस्पर्धामा लोकतन्त्रको सौन्दर्य रहेको कुरा गर्ने, विविधतामा एकरूपता भन्न रुचाउने र बहुलवादलाई दार्शनिक आदर्श मान्नेहरूका लागि विरोधीहरूका आवाज तथा मागलाई सुन्नै नचाहने केले बनायो? स्पष्ट छ, सारमा यो संसद्वादी लोकतन्त्रको रूढिवाद र असफलताकै प्रतिफल हो ।

विश्व र नेपालमा पनि लोकतन्त्र पद निकै चर्चित रहिआएको छ । लोकतन्त्रलाई जनतन्त्र, जनवाद र प्रजातन्त्र पनि भन्ने गरिन्छ । यसको शाब्दिक अर्थ हो जनताको तन्त्र । परन्तु, वास्तविक जीवनमा लोकतन्त्र जनताको तन्त्र नभई जनविरोधीहरूको तन्त्र हुने गरेको छ । लोकतन्त्र पदको उत्पत्ति प्राचीन युनानमा भएको थियो । त्यहाँ लोकतन्त्रको अभ्यास दास मालिकहरूले गर्दथे । महिला र दासहरूलाई मतदान गर्ने अधिकार थिएन । सामन्तवादी काल अथवा भनौं मध्य युगमा एक प्रकारले लोकतन्त्रको नामनिसानै थिएन र त्यस युगमा मूलतः निरङ्कुश राजतन्त्रकै हैकम थियो । युरोपमा पुँजीवादी क्रान्ति सम्पन्न भई आधुनिक युगको थालनी भएपछि लोकतन्त्रले स्वतन्त्रता, समानता र भ्रातृत्वका नारा लिएर आयो ।

पुँजीपति वर्ग लोकतन्त्रको संवाहक बन्यो । त्यो इतिहासको प्रगतिशील कदम थियो । परन्तु, केही समयपश्चात् पुँजीपति वर्गले सर्वहारावर्गको उत्पीडन तथा दमन गर्न थाल्यो र पुँजीपति वर्ग साम्राज्यवादी तथा जनविरोधी बन्न गयो । त्यस स्थितिमा सर्वहारा लोकतन्त्र र जनताको लोकतन्त्र विकसित हुन पुगे । यी सबै कुराबाट के स्पष्ट हुन्छ भने लोकतन्त्रसम्बन्धी अवधारणा समाजमा हुने परिवर्तनसितै विकसित हुने गर्छ । परन्तु, नेपालमा त केही शताब्दीअगाडिको संसद्वादी लोकतन्त्रलाई आदर्श मानेर चल्ने गरियो । यसले नेपालमा मजदुर, किसानलगायतका श्रमिक वर्ग र महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिमलगायतका उत्पीडित समुदायका हकअधिकारलाई आफ्नो अन्तर्वस्तुमा समेट्न सकेको छैन । अहिले त श्रमजीवी वर्गका हकअधिकारबारे चर्चा नै गर्न छोडिएको छ । राजनीतिमा लोकतन्त्रको कुरा त खुबै भट्याउने गरिन्छ, परन्तु अर्थतन्त्रको क्षेत्रमा उत्पीडक तथा उत्पीडित वर्गका बीचको अन्तर्विरोधलाई समाधान गर्नेतर्फ ध्यानै दिइन्न । यसरी हेर्दा अहिले पनि संसदीय लोकतन्त्र वास्तविक जीवनमा दाससमाजमा दासमालिकहरूको अभिजाततन्त्र जस्तै दलाल एवम् नोकरशाही पुँजीपति र सामन्तवर्गकै तन्त्र बन्न गएको छ ।

यसैगरी साम्राज्य, राष्ट्र, राष्ट्रियताजस्ता पदको प्रयोग उहिल्यैदेखि हुँदै आए पनि मूलतः राष्ट्रियता वा राष्ट्रिय स्वाधीनताको अवधारणा आधुनिक युगमै विकसित भएको हो । यस प्रकारका पदावलीहरूको विकास गर्ने काममा पुँजीपति वर्गकै विशिष्ट भूमिका थियो । परन्तु, पुँजीवादले साम्राज्यवादको रूप लिएयता त्यही पुँजीपति वर्ग राष्ट्रियता र राष्ट्रिय स्वाधीनताको विरोधी बन्न गएको छ । अरूको त कुरै छोडौं, ब्रिटिस साम्राज्यवादको अधीनमा रहँदा भारतीय जनताले अत्यन्तै तीव्र रूपमा अनुभूत गर्दै आएको राष्ट्रिय स्वाधीनताको भावधारालाई चटक्कै बिर्सेर भारतीय शासक वर्गले अहिले नेपालप्रति किन हिजो ब्रिटिस भारतले गरेजस्तो व्यवहार गर्न खोज्छ, गम्भीर विडम्बनाको विषय हो । वस्तुतः राष्ट्रियता र जनतन्त्र एक अर्कासित घनिष्ट रूपमा जोडिएका हुन्छन् । राष्ट्रियताबिना जनतन्त्र र जनतन्त्रबिना राष्ट्रियताको परिकल्पनै गर्न सकिन्न । परन्तु, शान्तिप्रक्रियामा आएयता र संविधान निर्माणको प्रक्रियामा लागेपश्चात् मानिसको ध्यान जनतन्त्रमा बढी र राष्ट्रियताको प्रश्नमा अत्यन्तै कम जाने गरेको छ । ठीक यसै अवसरको नाजायज फाइदा उठाई यस अवधिमा अनेकौं राष्ट्रघाती सम्झौता तथा सहमति हुँदै आएका छन् । अहिले घोषित संविधानले पनि जनतन्त्रमात्र होइन, राष्ट्रिय स्वाधीनताको प्रश्नलाई समेत कमजोर बनाएको छ ।

यो बेला मधेस, थारूवानलगायत देशका विभिन्न भागमा जनताद्वारा उठाइएका न्यायपूर्ण तथा जायज मागहरूको सम्बोधन गर्ने, वार्ता तथा संवादको प्रक्रिया अगाडि बढाउने, दमन, धरपकड, जनहत्या, कर्फ्यु तथा सेना परिचालनका गतिविधि रोक्ने, आन्दोलनकारीहरूमाथि लगाइएका झुटा मुद्दा फिर्ता लिने एवम् भारत सरकारद्वारा जारी अघोषित आर्थिक नाकाबन्दी हटाउनेलगायतका विषयलाई सत्तारूढ तथा प्रतिपक्षी पार्टीहरूले आफ्नो कार्यसूचीमा सबैभन्दा प्रधान तथा प्रमुख बनाउनुपर्थ्यो । परन्तु, त्यसबारे समयमै गम्भीर पहल गरिएको पाइँदैन ।

लामो समयदेखि नेपाली राजनीतिमा कुनै न कुनै अन्तर्राष्ट्रिय शक्तिकेन्द्रको दलाली गरेर सत्तालिप्सा तृप्त गर्ने प्रवृत्ति अत्यन्तै बढ्दै गएको छ । सरकारमा होऊन् वा प्रतिपक्षमा, कैयौं राजनीतिक दल वा तिनका कैयौं नेता राष्ट्रिय आत्मसमर्पणवाद र दलालीको आहालमा चुर्लुम्मै डुब्दै आएका छन् । परन्तु, विडम्बना के छ भने तिनै नेताहरूले आफूलाई खाँटी देशभक्त वा राष्ट्रवादीका रूपमा पेस गरेर जनतालाई भ्रमित तुल्याउने काममा कसरत गर्न पनि पछि परेका छैनन् । यसबारे विशेष सतर्क रहन जरुरी छ । यसगरी आन्दोलनको प्रक्रियामा आफ्ना निहित स्वार्थसिद्ध गर्नका लागि वैदेशिक प्रतिक्रियावादलाई गुहार्ने र जनतालाई दिग्भ्रमित तुल्याउने दलाल प्रवृत्तिको पनि हामीले दृढ विरोध गर्नुपर्छ ।

हामी नेपाली जनताले राष्ट्रियता र जनतन्त्रका लागि लामो लडाइँ लड्दै आएका छौं । शान्तिपूर्ण र सशस्त्र दुवै प्रकारका सङ्घर्षका अनुभवहरू हासिल गरेका छौं । सङ्घर्षको पछिल्लो कालखण्डलाई मात्र हिसाब गर्ने हो भने जनयुद्ध र शान्तिप्रक्रियालाईजोड्दा दुई दशक अर्थात् २० वर्ष पार भइसकेका छन् । हामीले जुन उद्देश्य प्राप्त गर्नका लागि सङ्घर्ष गर्दै आएका थियौं, ती प्राप्त नहुँदै सङ्घर्षको एउटा अध्यायको अवसान भएको छ । अब राष्ट्रियता र जनतन्त्रका निम्ति सङ्घर्षको नयाँ अध्यायको थालनी भएको छ । एउटा द्वन्द्वको समाधान नहुँदै अर्को द्वन्द्वको बीजारोपण भइसकेको छ । आजको युगमा राष्ट्रिय स्वाधीनताको आन्दोलन विजयी नबन्दासम्म जनतन्त्रको आन्दोलन पनि विजयी बन्न सक्तैन । राष्ट्रियता तथा जनतन्त्रलाई एकअर्काबाट अलग्याउनै सकिन्न र ती अविभाज्य रहेका छन् । अब यस कटु यथार्थलाई राम्रोसित हृदयङ्गम गरी आन्दोलनका आरोह-अवरोहमय प्रक्रियाका विशेषतालाई गम्भीरतापूर्वक आत्मसात् गर्दै क्रान्तिकारी आशावादले समृद्ध भएर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरूको समाधानका लागि नयाँ जनवादी क्रान्तिको नयाँ प्रक्रियामा दृढतापूर्वक अगाडि बढ्नुपर्छ ।

वैद्य नेकपा-माओवादीका अध्यक्ष हुन् ।

*(पुनः प्रकाशन । प्रथम प्रकाशन मिति २०७२)*

## हामीलाई...

दरबारको प्रत्यक्ष संलग्नतामा हुन लागेको भन्दै यसको बिरोधको गुरुत्व अझ बढी थियो । योजना बन्दै गर्दा तुहिएको यो काण्डमा सिने नायिका मिनाक्षी आनन्दको समेत नाउँ जोडिएको थियो । तेलको अन्तर्राष्ट्रिय मुल्य बृद्धिका कारण खाडि क्षेत्रमा जम्मा भएको रकम त्यहाँका धनाढ्यहरूले जम्मा गर्दै आएका युरोपका बैकहरूलाई उल्टै शुल्क बुझाउनु पर्ने अबस्था आएको थियो । उनीहरूले त्यसको बिकल्पमा कम व्याजमा ऋण खोज्ने स्थान खोजिरहेको थाहा पाए पछि सो रकम कमव्याजमा राष्ट्र बैकले लिएर बाणिज्य बैकहरूलाई बढी व्याजमा दिइ मुनाफा लिने योजना राखिएको थियो ।

दरबारको सहमति लिनका लागि राजाले विभिन्न समयमा दिने हुकुम प्रमाङ्गीका विकास योजना कार्यान्वयनमा त्यस्तो मुनाफाको रकम लगाउन सकिने प्रलोभन देखाइएको थियो ।

८. चर्चामा आएको तर कार्यान्वयनमा नआएको यो काण्डमा सुर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द, अर्थमन्त्री प्रकाशचन्द्र लोहनीका साथै दरबारका सचिवहरूको नाउँ जोडिएको थियो । त्यसबेलाका सरकारका मुख्य सचिव कर्णध्वज अधिकारी र नेपाल राष्ट्र बैकका गभर्नर कल्याण विक्रम अधिकारी व्याज खाएर सरकार चलाउनु हुन्न भन्दै विपक्षमा रहेकोले यो बाहिरिएको थियो ।

पञ्चायतको उत्तरार्धमा वन विनास, सुन तस्करी, मूर्ति चोरी र कर्मचारीतन्त्रमा राजनीतिको पक्ष विपक्षमा लागेर भ्रष्टाचार निक्कै मौलायो । २०४३ सालमा राष्ट्रिय पञ्चायत सदस्य चन्द्रबहादुर बुढा सुन सहित विमानस्थलबाट पक्राउ पर्नु त्यसको उत्कर्ष थियो । २०४५ जेठमा काठ तस्करी अनियमिततामा मन्त्री हेमबहादुर मल्ल अख्तियार दुरूपयोग निवारण आयोगको कारबाहिमा तानिए । जसमा पञ्च नेता फत्तेसिंह थारु, मुकुन्द बहादुर बस्नेत, निरञ्जन थापा समेतको नाउँ जोडिएको थियो ।

२०४५ साल मै सहायक मन्त्री उत्तम पुनका ससुरा आइत सिं गुरुङ ११ करोड बराबरको सुन सहित पक्राउ पर्दा ठुलो खैलाबैला नहुने कुरै भएन । भ्रष्टाचार र तस्करीको आरोपमा राष्ट्रिय पञ्चायत सदस्य भीम प्रसाद गौचन गिरफ्तार भएर १२ वर्ष कैद गरिए । नेशनल ट्रेडिङ चीनी काण्डमा शेरबहादुर पाण्डेलाई बर्खास्त गरियो ।

तत्कालीन प्रहरी महानिरिक्षक डी बी लामा र अधिराजकुमार धीरेन्द्रका अंगरक्षक भरत गुरुङ स्वयं तस्करीमा पक्राउ पर्नु त्यससमयमा चर्चा र आश्चर्यको विषय बनेको थियो । पञ्चायतकालमा पारदर्शिताको अभाव सञ्चारको कमि र राजदरबारका कतिपय कुरा गोप्य राखिनाले कतिपय कुरा हल्ला हल्ला मै आउने र हल्लाहल्ला मै बिलाउने गर्थे । तिनको पुष्टि वा खण्डन हुदैनथ्यो ।

यस्तै मध्ये दरबारले रानी ऐश्वर्यले पंफादेवीका नाउँमा स्विस बैकमा ठुलो रकम राखेको भन्दै आन्दोलन सफल भएपछि सो रकम फिर्ता ल्याइने कुरा दलहरूले प्रचार गरेका थिए । आन्दोलन सफल भएपछि न त त्यो पुष्टि भयो न रकम फिर्ता आयो । त्यो के थियो भन्ने रहश्यको रहश्य मै हरायो ।

वहुदलीय व्यवस्थाको पुनस्थापनापछि

२०४६ सालमा वहुदलीय व्यवस्था पुनस्थापनाको लागि भएको आन्दोलनका लागि मुख्य बुँदामा भ्रष्टाचारको अन्त्य पनि एक थियो । त्यसबाहेक राजनीतिक बिचार र संगठन स्वतन्त्रता, वैदेशिक ऋण कम गर्ने, शासकहरूले विदेशका बैंकमा राखेको सम्पत्ति फिर्ता ल्याउने, चुस्त प्रशासन बनाएर जनतालाई भनसुन तथा घुस विनाको सेवा दिने र मुलुकको द्रुत विकास गर्ने नारा अगाडि सारिएको थियो ।

आन्दोलनको समाप्ति पछि अन्तरिम सरकार निर्वाचन र नयाँ संविधान जारी गर्ने काममा जुट्यो । निर्वाचन पछि गठित नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा बनेको वहुमतको सरकार जनअपेक्षा अनुरूप काम गर्न सकेन । सरकार मातहत सञ्चालित कलकारखाना निजीकरण तथा अवमुल्यन गरी बिक्री गर्ने काममा भएको अनियमितता नीतिगत भ्रष्टाचारको सबैभन्दा ठुलो उदाहरण बन्यो ।

कांग्रेसको कार्यकालमा मन्त्री बनेका तारणीदत्त चटौत, खुमबहादुर खड्का, विजयकुमार गच्छदार, गोविन्दराज जोशी, चिरञ्जिवी वाग्ले, जे पी गुप्ता लगायत दर्जन भन्दा बढी नेताहरू भ्रष्टाचारमा मुछिएको चर्चा चल्यो । खड्का, वाग्ले, गुप्ताले त कारबास नै बस्नु परेको थियो । यसलाई कतिपयले राजनीतिक प्रतिशोध पनि भनेका छन् । तर अदालतबाट प्रमाणित कुरालाई चुनौति दिने उपाय नै रहेन ।

९. त्यस्ता कम्पनी विघटन तथा तिनको सम्पत्ति बेच्ने कुरा आफैमा आलोचनाको विषय त छँदैथियो; त्यसमाथि न्यून मुल्याङ्कन गरी निजी व्यापारीहरूका हातमा सुम्पिनु नेपालको इतिहासमै तिखो आलोचनाको विषय बन्दै आएको छ ।

पञ्चायतकालमा जनता कर्मचारीसँग डराउने, कर्मचारी पञ्चसँग डराउने, पञ्चहरू राजासँग डराउने र राजा राजतन्त्रमा जनताबाट फालिने त्रासको चक्रमा चलेको मुलुक आन्दोलन पछि उन्मुक्त भयो । लगभग सबै कुरा दलमा निर्भर हुनथाल्यो । सत्ताधारी दलका नेताहरूमा जे गरेपनि हुन्छ भन्ने भावनाले काम गऱ्यो ।

यसरी जनआन्दोलनको माग र जनअपेक्षा विपरित शासकीय कमजोरी, पक्षपात, भ्रष्टाचार र अनियमितताका कारण प्रतिपक्षीको विरोध मात्र होइन सत्ताधारी दल भित्रकै आन्तरिक आरोप प्रत्यारोपका कारण कार्यकाल पूरा नगरी सरकार मध्यावधीमा होमियो ।

मध्यावधीमा कुनै दलले वहुमत हासिल गर्न नसकेपछि २०५१ मंसीरमा नेपाल कम्युनिष्ट पार्टी एमालेका नेता मनमोहन अधिकारीको नेतृत्वमा अल्पमतको सरकार बन्यो । यो सरकारका समयमा प्रतितपत्र घोटाला काण्ड सबैभन्दा ठूलो कलंकको विषय बन्यो । त्यसमा आरोपित व्यापारी र कर्मचारी गिरफतार गरिए । केही कारबाहीमा परे केही फरार भए । त्यसपछि एमाले अल्पमतको सरकारका समयमा भएको चिनी काण्ड निकै चर्चित भयो । यसबेलाका आपूर्ति मन्त्री सी पी मैनाली थिए ।

नौ महिना चलेको अल्पमतको यो सरकारले अन्य दलको समर्थन नपाए पछि अन्ततः विघठनको अबस्थामा पुग्यो । यसले पनि राजा समक्ष संसद विघटनको सिफारिस चढायो । संसद विघटन बिरुद्ध सर्बोच्च अदालतमा मुद्धा दायर भयो र २०५२ भदौ १२ गते प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय समेतको इजलासले संसद पुनस्थापना हुने फैसला गरिदियो ।

ललिता निवास जग्गा, सुन, रक्तचन्दन, सुपारी, यति होल्डिंगसका विभिन्न प्रकरणहरू, नक्कलि शरणार्थी, वाइड बडि जहाज, गिरिबन्धु टी स्टेट , सहकारी, लडाकुको रकम हिनामिना, एनसेल , आयल निगमको जग्गा खरिद जस्ता चर्चामा आएका, कारबाहीको क्रममा रहेका वा कारबाही भइसकेका मात्र होइन अख्तियारको छानविनमा रहेका स्थानीय निकायका सयौं मुद्धा अनि उजुर नै नपरेका र पर्न नसकेका, मिलेमतोमा गरिएका सहमति वा भागवण्डामा गरिएका भ्रष्टाचारका मुलुकका लागि चिन्ताका विषय हुन् ।

नेपालको इतिहासमा चर्चित सो फैसला पछि सत्ताका लागि जे पनि गर्न हुन्छ र जे पनि गर्नु पर्छ भन्ने अनैतिक मान्यता राजनीतिक दलहरू भित्र स्थापित भयो । सत्तामा रहिरहन चाहने एमाले र जसरी पनि सत्तामा गएरै छोड्ने नेपाली कांग्रेस लगायतका दलहरू बीचको प्रतिस्पर्धाले सांसद अपहरण, सांसदहरूको विदेश यात्रा, अपहरणका नाटक, ठूलो मात्रामा रकमको चलखेल गरेर सांसद किनबेचको तहमा समेत झरेको थियो । यस किनबेच कार्यमा लोकेन्द्र बहादुर चन्द अध्यक्ष भएको राष्ट्रिय प्रजातन्त्र पार्टी र सुर्यबहादुर थापा नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टीका साथै मधेस केन्द्रीत दल सहित केही साना दल पनि सक्रिय रहेका थिए ।

त्यस अवधिको राजनीतिक गतिविधिको बिबरण अध्ययन गर्दा नेपाली राजनीतिमा अनैतिकता र राजनीतिक भ्रष्टाचारको उच्च तहमा खुला प्रवेश त्यहिं समयबाट भएको भन्न कसैले हिचकिचाउनु पर्दैन । त्यसबेला राजनीतिमा प्रवेश गरेको अनैतिक मान्यता गणतन्त्र स्थापना पछि अझ बलियो भएर बसेको छ । विभिन्न सिद्धान्तमा रहेका भनिने दलहरू सिद्धान्तहिन तरिकाले गठबन्धन गर्दै अघि बढी रहेका छन् । आज स्वार्थ नमिलेर खराब भनिएको व्यक्ति दल र गतिविधि भोलि स्वार्थ मिल्नासाथ असल र राम्रो भनिने गरेको छ ।

अल्पमतको नौ महिने एमाले सरकारको बहिर्गमनपछि २०५२ साल भदौ २७ मा नेपाली कांग्रेसका तत्कालीन युवा नेता शेरबहादुर देउवाको नेतृत्वमा पचास सदस्य सम्म रहेको मन्त्रीमण्डल आफैंमा राष्ट्रका लागि बोझ थियो । यो बोझ एकातिर थियो । अर्कोतिर भ्रष्टाचार बढेको, अपेक्षित विकास पछि परेको, वैदेशिक चलखेल, अस्पष्ट परराष्ट्र नीति र आम निराशा बढेकाले नेकपा माओवादीको सशस्त्र द्वन्द्वले देशभर विस्तार हुने मलजल पायो । यही द्वन्द्वले स्थानीय निकायको आवधिक निर्वाचन हुन समेत सकेन ।

१०. जिल्ला र गाउँमा जाने प्रशासनिक सेवा समेत अवरुद्ध भयो । नीति निर्माण र विकासका निर्णय शहर र केन्द्रका कोठामा बसेर गर्न थालियो । यसले राजनीतिक दलका कार्यकर्ता र कर्मचारीको मिलेमतोमा भ्रष्टाचार बढ्ने मौका पायो । भ्रष्टाचार गर्नेलाई भौतिक कारबाहीको त्रास फैलाएर माओवादीले उनीहरूबाट रकम हात पार्ने र संरक्षण दिने काम अन्तिमसम्म नै गरिरह्यो । यसरी राजनीतिक र प्रशासनिक मिलेमतोमा देश पिसिएको थियो ।

यसबीच पनि सांसदहरूको पजेरो काण्ड, रातो राहदानी काण्ड,नक्कली बिल लिएर उपचार खर्च, आफन्त र आसेपासेलाई आर्थिक सहायता चन्दा पुरस्कार मार्फत राष्ट्र दोहन गर्न नेताहरू पछि परेनन् । यसकालमा शाही वायुसेवा निगमका चेज एयर, धमिजा , लाउडा र साउथ चाइना एयर काण्डमा माथिल्लो तहका नेता तथा पदाधिकारी नै मुछिएका थिए । यसपछि सुडान मिसनका लागि खरिदमा भएको हिनमिना अझ डरलाग्दो थियो ।

प्रमुख दल नेपाली कांग्रेस र नेकपा एमालेले सत्तामा जाने प्रतिस्पर्धामा राप्रपाका गुटहरूलाई बोक्ने साना दलहरू र सांसद किन्ने काम एकातिर भयो भने लोभ र त्रासको दाउपेचमा लागेर तत्कालिन विद्रोही माओवादीले आफ्नो राजनीति बिस्तार गरिरह्यो । सबै राजनीतिक दलहरू मात्र होइन राजसंस्थाले पनि माओवादी विद्रोहीलाई उपयोग गर्ने नीति लिएको थियो । यी सबै गतिविधिको पिडा चाहिं मुलुकले व्यहोरिरह्यो ।

देशमा भ्रष्टाचारलाई महसुस गर्दै त्यसको नियन्त्रणका लागि २०५६ पुस १ को मन्त्रिपरिषदको बैठकले महादेव यादवको संयोजकत्वमा सात सदस्यीय भ्रष्टाचार नियन्त्रण सुझाव समिति गठन गरेको थियो । महालेखा परिक्षक, अख्तियार, प्रशासन र कानुनका अनुभवि व्यक्तित्व रहेको सो समितिले सोही वर्षको चैतमा प्रतिवेदन बुझायो । विमलराज बस्नेत, राधारमण उपाध्याय, वीरबहादुर शाही, राधेश्याम अधिकारी, श्रीहरि अर्याल र भोजराज पोखरेल रहेको सो समितिले सबैखाले भ्रष्टाचार नियन्त्रणका लागि पर्याप्त हुने सुझाव दिएको देखिन्छ । एकसय एघार बुँदाको प्रतिवेदन बिस्तृत भएपनि त्यसको एक-चौथाई सुझाव मात्र कार्यान्वयन भएन । बरु भ्रष्टाचारले विकराल रूप लिन थाल्यो ।

२०६२-६३ को आन्दोलन सकिएपछि चुच्चो र पखेटा काटिएको अबस्थामा राजसंस्था पुग्यो । सोही अवधिमा नेपालको इतिहासमै सबैभन्दा ठूलो मन्त्रीमण्डल डाक्टर बाबुराम भट्टराई नेतृत्वको सरकार बन्यो । पटकपटकको प्रयास पछि पनि घोषित संविधानसभाको निर्वाचन हुन सकेन । अन्त्यमा तत्कालिन प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वको गैरदलीय सरकारले निर्वाचन सम्पन्न गरायो ।

११. अहिलेको अबस्था

गणतन्त्र स्थापना र २०७२ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान लागु भएपछि संघीय सरकारमा पच्चीस भन्दा बढी मन्त्री बनाउन नपाइने संवैधानिक व्यवस्थाका कारण सिमित हुन पुग्यो । संविधान अनुरूप दुई पटक संघीय र स्थानीय सरकारको निर्वाचन भइसकेको छ ।

यसअघि संविधानसभाका लागि ६०१ जना सांसद बेहोरेका नेपाली जनताले नयाँ संवैधानिक प्रावधान अनुसार अब ८८४ सांसदको भार बेहोर्नुपर्ने परिरहेको छ ।

६०१ जना सभासद्/सांसदको संख्यालाई 'जम्बो' भनेर करिब एक दशक गरिएको विश्लेषणलाई २०७२ मा नयाँ संविधान आएपछि प्रदेशसभा, प्रतिनिधिसभा र राष्ट्रियसभामा गरी कुल सांसद संख्या ८८४ जनाले प्रतिस्थापन गरे ।

संविधानअनुसार प्रदेशसभामा कुल ५५० जना सांसद छन् । यो ७ वटै प्रदेशमा भएको कुल सांसदको संख्या हो । ५५० जना सांसदको संख्या त्यहाँ हुने प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीबाट आउने गरेका छन् । जसअनुसार, प्रत्यक्ष निर्वाचन प्रणालीबाट ३३० जना निर्वाचित हुन्छन् । ३३० लाई ६० प्रतिशत मानी थप ४० प्रतिशत संख्या समानुपातिक प्रणालीबाट थप्ने गरिन्छ ।

प्रत्यक्ष तर्फको ३३० जना सांसद प्रतिनिधिसभाको प्रत्यक्षका लागि निर्धारण भएको कुल १६५ को दोब्बर हो । संविधानले प्रत्येक प्रदेशबाट संघ अर्थात् केन्द्रका लागि जति जना सांसद प्रत्यक्षतर्फबाट निर्वाचित हुन्छन्, सो संख्याको आधा सांसद प्रदेशसभाको लागि प्रत्यक्ष प्रणालीमार्फत *बाँकी ८ पेजमा*

# अन्तर्राष्ट्रवादी क्रान्तिकारी पत्रकार एड्गर स्नो

● हेलेन फोस्टर ●

सन् १९३३ तिर जापानले साङ्घाईमा दोस्रो पटक आक्रमण गऱ्यो । साङ्घाईमा अमेरिकी वाणिज्य दूतावासमा काम गर्ने हेलेन फोस्टरसँग एडगर स्नोको सम्बन्ध गाढा हुँदै गयो र त्यो सम्बन्ध विवाहमा परिणत भयो । मधुमास मनाउन एडगर स्नो आफ्नी पत्नीसँग जापान पुगे तथा त्यहाँबाट फर्केर पेइचिङ पुगी 'सुदूर पूर्वको मोर्चा' (बच भ्बकतभचल ँचयलत) पुस्तक तयार गर्न लागे । साथसाथै येनचिङ विश्वविद्यालयमा अध्यापन गरे । विश्वविद्यालयकै पुस्तकालयमा उनले मार्क्सवादी सिद्धान्तको अध्ययन गरे । त्यहीँ उनले कम्युनिस्ट आन्दोलनका युवा विद्यार्थी कार्यकर्ताहरूसँग परिचय बढाए । ती युवाहरूमार्फत उनको सम्बन्ध कम्युनिस्ट पार्टीको प्रधानकार्यालयका नेताहरूसम्म पुग्यो । उनले चीनमै बस्ने निर्णय गरे तथा 'जिउँदो चीन' (ष्खष्लन ऋजष्लब) पुस्तक लेखे ।

उनी 'शनिबारे सन्ध्या समाचार' (त्जभ क्बतगचमबथ भ्खभलष्लन एयकत) मा काम गर्दै थिए र इन्डोनेसियाका टापुहरूमा हेलेनसँगै भ्रमणमा गए । बोर्नियो र सेलेवेसका कति टापुमा हल्यान्डले उपनिवेश बनाएको थियो । नरिवल, काठ र रबर त्यहाँको प्राकृतिक स्रोत थियो । जाभा, पापाउ, न्युगिनी, बालि आदि टापुहरूका आदिवासीहरूको २१० दिने पात्रो र तिनीहरूको सभ्यता, रीतिरिवाज, शिक्षा-संस्कृति अत्यन्त प्राकृतिक र विकसित थियो । डचहरूले त्यसैबेला ती आदिवासी तथा त्यहाँको संस्कृतिलाई पर्यटन उद्योगको रूपमा प्रयोग गरेका थिए ।

इन्डोनेसियाबाट फर्केर स्नो परिवारले पेइचिङमा घरजम गऱ्यो । पेइचिङ अफिसर विद्वान्, जमिनदार, खान्दानी, साहुमहाजन, रिक्सा चालक र साधारण चिनियाँ जनता र विदेशी कूटनीतिज्ञहरू बस्ने, बगैँचा, पोखरी र फूलैफूलको महानगर थियो ।

पेइचिङमा स्नोले आफ्नो चिनियाँ भाषाको जानकारीलाई अझ राम्रो बनाउने अवसर पाए । साङ्घाईमा बस्दा उनले चिनियाँ विद्वान्, शिक्षक र महान् लेखक लु सुन (LuShun) सँग भेटघाट र छलफल गर्ने मौका पाएका थिए । लु सुनको 'आह क्यूका साँचो कथा' भन्ने रचनालाई अङ्ग्रेजीमा अनुवाद गर्न अनुवादक याओ सिन नुङ (Yao Hsiii–Nung) लाई सघाएका थिए । याओ सुचाओ विश्वविद्यालयका जातक र अङ्ग्रेजी भाषामा राम्रो दख्खल भएका व्यक्ति थिए । स्नोले मिलेर काम गर्न याओलाई पेइचिङ बोलाए । त्यसबेला अनुवादकहरूलाई कम पारिश्रमिक दिने गरिन्थ्यो । लु सुनसँगको सम्झना गर्दै उनले आफ्नो रचना 'सुरूका यात्रा' (Journey to the Beginning) मा गणतन्त्रबारे लु सुनको टिप्पणीलाई उल्लेख गरे - 'गणतन्त्रभन्दा पहिले जनता दास थिए । पछि हामीहरू पूर्वदासहरूका दास भयौं ।'

'सोभियत रुसबारे मलाई केही थाहा छैन तर रुसबारे पढेको छु' चीनसँग केही समानता थियो । रुसबाट सिक्नेबारे कुनै शङ्का छैन । त्यस्तै हामीले अमेरिकाबाट पनि सिक्न सक्छौँ । तर, चीनको निम्ति आफ्नै किसिमको क्रान्ति अर्थात् चिनियाँ क्रान्तिको आवश्यकता छ । हाम्रै इतिहासबाट पनि सिक्नुपर्छ ।"

***फासीवाद र च्याङ काइ शेक***

राष्ट्रवादी दल (कोमिनताङ), फासीवाद, इटाली र हिटलरको जर्मनीबाट प्रभावित थियो । सिद्धान्ततः तीनवटैको शासन मिल्दोजुल्दो थियो । च्याङ काई- शेकले आफ्नो हवाई सेनालाई तालिम दिन इटालीको जनरल चेनौल्ट (ऋबिष्च ऋजभलबगति) बाट र पछि सेनाको तालिम दिन जर्मन अफिसरहरू ल्याएका थिए । त्यस सेनालाई जर्मनहरूको जस्तो 'कालो कमिज' भन्ने राजनैतिक संयन्त्र र गुप्तचर विभाग (न्भकतबउय) को जस्तै बनाइयो । कोमिनताङ आफ्नै सैनिक तालिमहरूलाई जर्मनीको सैनिक एकेडेमीले नेताप्रति बफादार भएजस्तै च्याङप्रति बफादार हुन सिकाइयो । त्यसैलाई विद्यालय र कोमिनताङको युवा सङ्गठनमा पनि सिकाइयो ।

हजारौँ हजार कम्युनिस्ट र विरोधीहरू पक्राउमा पर्थे । तर, अदालतमा पुऱ्याइन्नथ्यो, हरेक दिन हत्या हुन्थ्यो, त्यसको जानकारी कसैलाई दिइँदैनथ्यो ।

***चीनको दोस्रो युवा आन्दोलन***

सन् १९३५ मा जापानले मञ्चुरिया र भित्री मङ्गोलिया कब्जामा लियो र ठुलो पर्खालको दक्षिणको होपै चाहार क्षेत्रलाई 'स्वायत्त' बनाउन खोज्यो । च्याङ काई शेक जापानसँग लड्नुको अर्थ कम्युनिस्टको विजय सम्झन्थ्यो । जापान ठुलो पर्खालको दक्षिण र पेइचिङको बिचको भागलाई 'असैनिक क्षेत्र' घोषणा गराउन चाहन्थ्यो । त्यसको अर्थ अर्को पटक ती क्षेत्र जापानको नियन्त्रणमा जान्थ्यो । कोमिन्ताङ जापानसँग लड्ने पक्षमा थिएन र एक पुरानो राष्ट्रवादी सिपाही जनरल सुङ चे युयान (Sung Cheh–Yuan) लाई होपै चाहार 'स्वायत्त' क्षेत्रको जिम्मा सुम्पियो ।

सरकारको पछि हट्ने त्यस नीतिले उत्तरी चीनका सबै संवेदनशील जनता आत्तिए । अमेरिकी क्रिश्चियन येनचिङ विश्वविद्यालयका विद्यार्थीहरू रोई कराई गरी देशलाई बचाउन आफ्ना विदेशी प्राध्यापक र पत्रकारहरूसम्म पुगे ।

सन् १९३५ को डिसेम्बर महिना थियो, विद्यार्थीहरूको त्यो भावना स्नो परिवारले बुझ्यो र देश बचाउन विद्यार्थीहरूलाई उत्साहित गर्न थाल्यो । ९ डिसेम्बरको दिन पेइचिङका हजारौँ युवा विद्यार्थीहरू 'नक्कली स्वाधीनता आन्दोलन मुर्दावाद !', 'विश्वासघातीहरूलाई पक्राउ गर !', 'जापानी साम्राज्यवाद मुर्दावाद !', 'चीनलाई बचाऊ !' जस्ता नाराहरू लगाएर प्रदर्शन, पर्चा, पोस्टर, पताका, उपचार दल, सम्चारेहरू र सञ्चालन समिति बनिसकेका थिए । प्रहरीले लाठी प्रहार गऱ्यो, हावामा गोली हान्यो, स्थिति झन् चर्क्यो । प्रदर्शनमा पसले, स्वास्नीमानिसहरू, किसान र ज्यामी, भिक्षुहरू, शिक्षक, साहुमहाजन, रिक्सावाल सबैले भाग लिए । त्यो आन्दोलन देशभरि फैलियो । देश-विदेशमा त्यही मुख्य समाचार बन्यो ।

१७ डिसेम्बर १९३५ का दिन पेइचिङ र थेनचिनमा दोस्रो व्यापक प्रदर्शन भयो । त्यसले व्यापकता लियो । जापान जिल्लियो, जनरल सुङले जापानको माग जनताको विरोधका कारण केही गर्न नसक्ने बतायो । जापानी जनेरल केन्जि डोइहारा (प्बलवष म्यष्जबचब) लाई फिर्ता बोलाइयो । सन् १९१९ को मई महिनाको युवा आन्दोलनपछि ९ डिसेम्बर १९३५ को युवा आन्दोलन अत्यन्त महत्वपूर्ण रह्यो ।

त्यसबेला कम्युनिस्टहरूको लालइलाकालाई घेरामा राख्न राष्ट्रवादी सरकारको राष्ट्रपति च्याङ काई शेकले सियान (Xian) मा बलियो मञ्चुरियाली सेना राखेको थियो । त्यसको उत्तरतिर शान्सि (Shansi) प्रान्तको येनान (Yenan) लाई चिनियाँ कम्युनिस्ट सरकारको राजधानी बनाइएको थियो । एडगर स्नोलाई लालइलाकाको प्रधान कार्यालयबाट बोलावट आइपुग्यो । उनी र उनका एकजना घनिष्ठ साथी जर्ज हाटेम (George Hatem) सियान पुगे । त्यहाँबाट लुकीछिपी तिनीहरू शान्सि प्रान्तको येनान र पाओ आन (Pao An) पुगे । अहिलेको रोमन वर्णमालामा दिएको उच्चारणअनुसार (द्यबय'बल) लेखिन्छ ।

***कम्युनिस्ट सदरमुकाममा***

एडगर स्नोले साङ्घाईमा सुङ चिङ लिङमार्फत कम्युनिस्ट पार्टीको केन्द्र येनानको पाओ आनमा पुग्न जून १९३६ मा मिलाएका थिए । सियानफू (Sianfu) हुँदै लालइलाकामा चाउ एन लाइ, सेनाको सञ्चार विभाग प्रमुख लि को नुङ (Li KoNung) र माथिल्लो कमाण्डर येन चिन इङ (Yen Chin–Ying) सँग भेट गरे । सहरी जीवनको फरासिला, दाह्री भएका चाउ एन - लाइ त्यतिखेर ३८ वर्षका थिए ।

९२ दिनको घोडा र पैदलको कठिन यात्रापछि पाओ आनमा माओ त्सेतुङसँग स्नोको भेट भयो । ४२ वर्षका व्यक्तिगत कुरा गर्न नचाहने माओसँग चीनको इतिहास, एसियाली मार्क्सवाद र पार्टीको इतिहासबारे कुराकानी गरे ।

पाओ आनमा तिनीहरू ३ महिना बसे । त्यहाँ एडगर स्नोले चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, त्यसपछिका महत्वपूर्ण घटनाहरू, माओ त्सेतुङ नेतृत्वमा आइपुग्दासम्मका पार्टीका सैद्धान्तिक सङ्घर्षहरूको जानकारी पाए र टिपोट गरे । त्यसपछि महत्वपूर्ण केन्द्रीय नेताहरूसँग भेटघाट गरी तिनीहरूका जीवनीहरूको टिपोट बनाए । त्यस टिपोटलाई एडगर स्नोले अङ्ग्रेजीमा लेखे, त्यसलाई फेरि चिनियाँ भाषामा अनुवाद गरी माओ त्सेतुङ र नेताहरूलाई देखाए । अनेक केरमेटपछि त्यसलाई अन्तिम रूप दिइयो । त्यसबेला उल्था गर्ने व्यक्तिमध्ये येनचिङ विश्वविद्यालयका छात्र ह्वाङ ह्वा (Huang Hua) एक थिए । पछि उनी संयुक्त राष्ट्र सङ्घका प्रतिनिधिमण्डलका नेता भए ।

पाओ आनबाट पेइचिङ फर्केपछि एडगर स्नोले सारमा चीनमै प्रकाशित अङ्ग्रेजीको 'चिनियाँ साप्ताहिक समीक्षा' (China Weekly Review) मा धारावाहिक लेखको रूपमा प्रकाशित गरे ।

सन् १९३७ मा त्यही लेखहरूलाई बेलायतमा 'चीनको आकाशमा रातो तारा' (Red Star Over China) भन्ने पुस्तकको रूपमा भिक्टोर गोलानस (Victor Gollancz) बाट पहिलो पटक प्रकाशित गरियो । सन् १९३८ मा सरा अमेरिकामा पनि प्रकाशित गरियो । सन् १९६८, १९७२ र १९७३ मा उक्त पुस्तकको संशोधित संस्करणहरू प्रकाशित भए ।

सन् १९३९ मा एडगर स्नो पुनः येनानमा माओ त्सेतुङ भेट्न गए । चीन बस्दा उनले 'सिकागो ट्रिव्युन' (Chicago Tribune), 'न्युयोर्क सन' (त्जभ ल्भध थ्यचप क्गल), 'न्युयोर्क हेराल्ड ट्रिव्युन' (The New York Herald Tribune) र 'लण्डन दैनिक हेराल्ड' (The London Daily Tribune) मा पनि काम गरे ।

सन् १९४१ मा एडगर स्नो आफ्नो जहानसँग अमेरिका फर्के । त्यहाँ तिनीहरू आपसमा छुट्टिए अर्थात् हेलेन फोस्टरसँग पारपाचुके भयो । सन् १९४२ अप्रिल महिनादेखि उनी 'शनिबारे सन्ध्या' (त्जभ क्बतगचमबथ भ्खभलष्लन एयकत) को निम्ति अन्तर्राष्ट्रिय संवाददाताको रूपमा काम गरे । दोस्रो विश्वयुद्ध सुरु भइसकेको हुँदा उनी अप्रिलमा अफ्रिका पुगे र मई महिनामा दिल्ली पुगी भारत, बेलायतको स्थितिबारे बुझ्न जुलाईमा वार्धा (ध्बचमजब) मा नेहरूसँग अन्तर्वार्ता लिए । भारतबाट उनी मस्को पुगे ।

रुसमा उनी अमेरिकी दूतावासको पर्यवेक्षणमा स्तालिनग्राडको लडाइँमा पुगे । त्यसबेला स्नोले एक तटस्थ पर्यवेक्षकको रूपमा भन्दा फासीवादविरोधी मित्र राष्ट्रहरूको पक्षमा समाचारहरू लेखे । एसियामा पुगेपछि उनले 'एसियाको युद्ध' (The Battle for Asia) पुस्तक लेखे ।

सन् १९४४ मा उनले माओ त्सेतुङ र चिनियाँ कम्युनिस्टहरू 'किसानी प्रजातन्त्रवादीहरू' हुन्, तिनीहरू सर्वसत्तावादीहरू होइनन् भनी 'जनता हाम्रो साथमा' (People on our Side) भन्ने पुस्तक लेखे । त्यसबेला स्नो ३९ वर्षका थिए । उनले 'सोभियत शैलीको सत्ता' (The Pattern of Soviet Power) र 'स्तालिन शान्ति चाहन्छ' (Stalin must have peace) भन्ने पुस्तक लेखे ।

दोस्रो विश्वयुद्धपछि संरा अमेरिकामा अत्यन्त कम्युनिस्टविरोधी परिस्थिति थियो । त्यस अवस्थालाई त्यहाँको प्रधानसेनापति म्याकार्थीको नामबाट 'म्याकार्थी युग' (McCarthy Period) पनि भन्ने गरिन्छ । त्यसबेला संरा अमेरिका आफ्नै तानाशाही व्यवस्थाको रूपमा प्रस्टिएको थियो । त्यस वातावरणमा अमेरिकी सङ्घीय गुप्तचर विभाग (FDI) ले स्नोलाई लखेट्नु अस्वाभाविक थिएन ।

सन् १९५७ मा उनले 'रातो चीनका टिपोटहरू' (China M Random Notes on Red China) लेखे र सन् १९५८ मा बेलायतबाट 'सुरुका यात्रा' (Journey to the Beginning) प्रकाशित गरे । त्यस पुस्तकमा सन् १९२८-२९ तिरको चीनको कहालीलाग्दो बयान र भ्रमण गरेका देश, जनता र नेताहरूबारे उल्लेख छ ।

संरा अमेरिकामा बस्न उनलाई गाह्रो भएको हुँदा उनी स्वीट्जरल्यान्डमा आफ्नी दोस्री पत्नी लुइस ह्वीलर स्नो (Louis Wheelor Snow) सँगै बस्न गए । तर, नागरिकता भने अमेरिकाकै थियो ।

सन् १९६० मा एडगर स्नो पुनः चीन गए । उनले माओ त्सेतुङ र चाउ एन-लाइसँग अन्तर्वार्ता पनि लिए । सन् १९६३ मा उनले १९५९ देखि १९६१ को चीनको स्थितिसमेत प्रस्ट हुने गरी 'आजको रातो चीन : नदीको अर्को भाग' (Red China Today : The Other Side of the River) शीर्षकको पुस्तक प्रकाशित गरे ।

सन् १९६४ मा उनी फेरि चीनको भ्रमणमा गए । भियतनाम युद्धमा संरा अमेरिका झन्झन् फस्दै गयो, ऊ त्यहाँबाट न भाग्न सक्ने न त लडाइँ चालु राख्न सक्ने स्थितिमा पुग्यो । अमेरिकामा भियतनाम युद्धविरोधी जनमत बढ्दै थियो, दिनको झन्डै १२ करोड डलर खर्च हुँदै थियो, अमेरिकी डलरको मूल्य घट्दै गयो । यस्तो स्थितिमा भियतनाम युद्धबाट उम्कन अमेरिकाले चीनसँग वार्ता नगरी सुख पाउने स्थिति नै थिएन । अमेरिकाले पठाउने दूतलाई चीनले स्वीकार गर्न मानेन भने चीनले भनेको मान्न अमेरिका तयार थिएन ।

सन् १९७० मा स्वीट्जरल्यान्डमा बसेका एडगर स्नोलाई राष्ट्रपति निक्सनले चीन गई सम्बन्ध सुधारको निम्ति आग्रह गरे । एडगर स्नो चीनको पुरानो मित्र भएको नाताले चीनले स्वागत गऱ्यो । त्यसपछि पिङपङ (टेबुलटेनिस) का खेलाडीहरूको भ्रमणको आदान-प्रदान, पत्रकारहरूको भ्रमण र हेनरी किसिङ्गरको चीन भ्रमणपछि अमेरिकी राष्ट्रपति निक्सन चीन पुगे ।

एसियाली र अफ्रिकी देशहरूको सम्मेलन इन्डोनेसियाको वाङडुङ सहरमा भएको थियो । चिनियाँ प्रतिनिधिमण्डलको नेतृत्व प्रधानमन्त्री चाउ एन-लाइले गरेका थिए । त्यहाँ अमेरिकी विदेशमन्त्री डलेससँग चाउ एन-लाइने चीन-अमेरिकी सम्बन्ध सुधार्न हात मिलाउन खोज्दा डलेसले हात पछि हटाउने धृष्टता गरेका थिए । त्यस शिष्टाचारविरोधी व्यवहारलाई चिनियाँहरूले बिर्सेका थिएनन् ।

निक्सन पेइचिङ हवाई अड्डामा हवाईजहाजको सिँढीबाट तल झरी हात मिलाउन उनले नै पहिले चाओ एन-लाइतिर हात बढाए । यसरी एडगर स्नोले चीन र संरा अमेरिकाबिचको सम्बन्ध सुधार्न भूमिका खेले ।

स्वीट्जरल्यान्डमा एडगर स्नो पेटको क्यान्सर (एबलअचभबतष्अ ऋबलअभच) बाट बिरामी भए । उनका साथी जर्ज हाटमसँगै प्रधानमन्त्री चाउ एन लाइले चिनियाँ डाक्टरहरूको एक टोली स्वीट्जरल्यान्ड पठाए । १५ फेब्रुअरी १९७२ मा कम्युनिस्टका एक असल मित्र र पत्रकार एडगर स्नो ६७ वर्षको उमेरमा बिते । तर, उनका रचनाहरूमा उनी सदा जीवित रहनेछन् ।

## नेपालको...

खर्ब नाघ्नलागेको कुरा पनि कसैबाट लुकेको छैन । विदेशीको प्रायोजनमा राजनीतिक ब्यवस्थाको संयोजन गरिएका कारण नेकां र एमालेजस्ता नेपालका पुराना र संसदका ठूला पार्टीले समेत ०७२ को संविधानमा चाहेर पनि संशोधन गर्न/गराउन नसकेको कुरा सबैका सामु स्पष्ट भएको छ । ०७२ को संविधानमा जुन, जुन कुरालाई बिशेषता र उपलब्धीकारूपमा उल्लेख गरिएको छ, ति कुराहरू साम्राज्यवाद र मुख्यत अमेरिका प्रायोजित रहेको कुरा नेपालको राजनीतिक बजारका चर्चाको बिषय रहँदैआएका छन् । साम्राज्यवादीहरूले नेपाललाई आर्थिक, सामाजिक र राजनीतिकरूपमा अस्तब्यस्त बनाएर आफ्नो प्रभूत्व सधै कायम राखिराख्न भरमग्दुर प्रयास गरेका छन् र नेपालका कतिपय नेताहरूले परोक्षरूपमा सघाउने काम गरेका छन्भन्ने कुरा पनि जगजाहेर छ ।

देश यतिबेला ०७२ को संविधानका उक्त प्रावधानहरू नहटाए अगाडि बढ्न पनि नसक्ने र विदेशीको इशारा बिना उक्त प्रावधान हटाउन पनि नसक्ने अनिर्णयको बन्दीकारूपमा रहेको दुखद अवस्था छ । अझै कतिपयले संविधान संशोधन गरेर कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन पद्धति थपाउने प्रयास गरिरहेका छन् । कार्यकारी राष्ट्र प्रमुख राजाबाट मुक्त भएको देशमा नयाँ राजाहरूको ब्यवस्था प्रायः सबैका लागि अरुचीको बिषय हुनेगरेको छभने अर्धसमानुपातिक निर्वाचन पद्धतिले त सबैलाई आजित बनाएको हालको अवस्थामा अब पूर्ण समानुपातिक निर्वाचन पद्धतिको विकास गरियोभने यो देशको राजनीति सीमित ब्यक्ति र परिवारको कब्जामा जाने निश्चित छ । किनकी ०७२ को संविधानमा उल्लेख भएका कतिपय एजेण्डाहरू अमेरिकी भएका कारण नेपालका कतिपय नेताहरू त्यसलाई नेपालमा लागूगराउन बाध्य छन् । नेपालको राजनीतिक ब्यवस्था अमेरिकाकै जस्तो हुबहु बनाउने र यहाँको राजनीतिमा अमेरिकीहरूलाई हाबि गराउने काममा पनि उनीहरू लागिरहेका छन् । उनीहरूलेनै नेपालमा बिवादास्पद अमेरिकी योजना एमसीसी जबरजस्त प्रबेश गराएका थिए । जसका लागि १२ बुँदे प्रतिबद्धतापत्र लण्डनमा मस्यौदा गरेर नेपालमा भित्र्याइएको थियो । जुन प्रतिबद्धतापत्र एकातिर रद्धिको टोकरीमा परिसकेको छभने अर्कातिर त्यसलाई जो जसले रचना गरेका थिए, उनीहरूले संझनसमेत छाडिसकेका छन् । ०७८ फागुन १० गते नेपालको संसदले एमसीसी पारित गरेको नाटकीय घोषणा गरिएको थियो । नाटकीय यस मानेमा कि हालसम्म त्यसदिन कुन पार्टीका कतिजना सांसदले हस्ताक्षर गरेर एमसीसी परियोजना पारित गरिएको थियोभन्ने हालसम्म पनि खुलेको छैनभने संसदबाट पारित गरिएको महत्वपूर्ण प्रस्ताव राष्ट्रपतिबाट प्रमाणित हुनुपर्नेमा हालसम्म कुनै राष्ट्रपतिबाट सो प्रस्ताव प्रमाणित भएको समाचार बाहिर आएको पनि छैन । केवल त्यसलाई लागूगराउन जोरजबरजस्तीमात्र भैरहेको छ । अमेरिकाले सन् २०२५ को शुरुमै नेपालको एमसीसी परियोजना खारेज गरेको थियो । तर यहाँका प्रमुख दलका प्रमुख नेताहरूको पहलमा गत असारमा फेरी सुचारु गरिएको भनिएको छ । यद्यपि त्यसको आधिकारिकता सार्बजनिक हुनसकेको छैन ।

अमेरिकाले दिने भनिएको रकम हालसम्म प्राप्त हुनसकेको छैनभने नेपालले खर्चगर्ने भनिएको अधिकांश रकम खर्च भैसकेको छ । नेपालले खर्च गरेको रकम पनि बिभिन्न मुलुक र विश्व बैंकलगायतका संस्थाबाट ऋणकारूपमा जुटाइएको पाइएको छ । ऋण लिएर एमसीसीजस्तो बिवादास्पद परियोजना नेपालमा सञ्चालन नगरिनहुने अवस्था कसरी सिर्जना भयो ? त्यसका पछाडिको कथा बढो रोचक र डरलाग्दो रहेको छ । एमसीसी ०८० भदौ १३ गतेका मितिले पाँच बर्षमा सम्पन्न गरिसक्नुपर्ने भनिएको थियो । त्यो भनेको आगामी ०८४ को भदौ १२ गतेभित्र सो परियोजना सम्पन्न नभएमा अमेरिकाले दिने भनिएको रकम नआउने निश्चित छ । प्रायः कामहरू अगाडि बढेका छैनन् र बढ्ने कुनै संभावना पनि छैनन् । आगामी करिव अढाई बर्षमा सो परियोजना सम्पन्न हुनु र आकाश खस्नु उस्तै जस्तो हुनेभएको छ । यसरी केही ब्यक्ति र समूहहरूको स्वार्थ परिपूर्ति गर्न/गराउनका लागि नेपालको झण्डै ३० अर्ब रूपैयाँ खर्च भैसकेको छभने आगामी अढाइ बर्षमा थप त्यतिनै रकम खर्च हुनेवाला छ । नेपाललाई आर्थिक संकटमा धकेल्नका लागि एमसीसी परियोजना अचुक अस्त्र साबित भएको छ । यस्तै अवस्था होभने सो परियोयोजना फेरी पनि आर्थिक अभावमा रोकिन सक्ने अवस्था छ । एमसीसी अमेरिकाले अगाडि सारेको इन्डो-प्यासिफिक स्ट्राटेजी अर्थात 'आइपिएस' को एक अंग भएको दिनको घामजस्तै छर्लङ्ग भैसकेको छ । नेपालमा यसलाई प्रवेश गराउनुको मुख्य उद्देश्य चीनले अगाडि सारेको 'बिआरआई'लाई अवरोधगर्नु र नेपाली भूमीबाट चीनलाई घेराबन्दीगर्नु हो । जसमा नेपालका केही कथित कम्युनिस्ट समूहहरूसमेत परिचालित भएको देखिएको छ । हालैमात्र नेपालका छिमेकी चीन र भारत तथा रुसले नेपालमा अमेरिकी दबदबा बढेको औपचारिक ठहर गरेर त्यसका बिरुद्ध अगाडि बढ्ने सहमति गरेको देखिएको छ । रुस, भारत र चीन तीन देशका विदेशमन्त्रीहरूबीच गतसाता बेइजिङमा एकसाथ भेट भएलगत्तै (आरआईसी) त्रिपक्षीय सहकार्य ब्युँताउने प्रयास शुरुभएको छ । कोरोनाको महामारी र भारत-चीनबीचको खटपटका कारण रोकिएको सो सहकार्य रुसको प्रस्तावमा ब्युँतिन लागेको देखिएको छ । भनिन्छ रुसको सो प्रस्तावमा चीन र भारत दुवै सकारात्मक देखिएका छन् ।

सांघाई कोअपरेसन अर्गनजाइजेसनको विदेशमन्त्रीस्तरीय बैठकमा भाग लिन चीन पुगेका बेला भारतीय विदेशमन्त्री एस जयशंकरले वाङ यी र रुसी विदेशमन्त्रि सेर्गेइ लाभ्रोव दुवैसँग भेट गर्नुभएको थियो । सन् १९९० को दशकमा रुसी प्रधानमन्त्री यव्गेनी प्रिमाकोवले यो त्रिपक्षीय सहकार्यको बिचार अघिसार्नु भएको हो । त्यतिबेलानै पश्चिमा प्रभूत्व र अमेरिकी दबदबालाई टक्कर दिन उहाँले यस्तो प्रस्ताव राखेको बताइएको थियो । सन् २००२ मा उहाँको प्रस्ताव फलिभूत पनि भएको थियो । २००२ देखि २०२० सम्ममा आरआईसीले २० पटकभन्दा बढी मन्त्रीस्तरीय बैठक आयोजना गरेको थियो । व्यापार, ऊर्जा र विपद् व्यवस्थापनमा तीन देशले सहकार्य पनि गरेका थिए । तर सन् २०२० मा कोरोनाको महामारी भएको तथा चीन र भारतबीचको लद्धाख झडपसँगै त्यसका गतिविधि ठप्पभएका थिए । गतबर्षको अन्त्यदेखि चीन र भारतका बीचमा सम्बन्ध सुधार हुनथालेको थियो । हालै रुसी उपविदेशमन्त्री आन्द्रेइ रुदेन्कोले त्रिपक्षीय संवाद ब्युँताउनुपर्ने बताउनु भएको छ । भनिन्छ यी दुवै देशसँगको वार्तामा सो विषय उठेको छ । जसमा चीनले पनि सहमति जनाएको बताइन्छ । बाहिर आएको समाचारअनुसार गतसाता बिहीबारको नियमित पत्रकार सम्मेलनमा चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन चियानले चीन-रुस-भारत सहकार्यले यी तीन देशको हितकोमात्र सेवा गर्दैन, विश्वकै शान्ति, सुरक्षा, स्थायित्व र प्रगतिलाई सहयोग पुऱ्याउँछ । त्रिपक्षीय सहकार्य अघिबढाउन रुस र भारतसँग सम्पर्कमा रहन चीन तयार छ भन्नुभएको थियो ।

भारतीय विदेश मन्त्रालयले पनि यसमा सकारात्मक प्रतिक्रिया दिएको पाइएको छ । सी जिनपिङ र नरेन्द्र मोदीबीचबीच गतबर्ष रुसको कजानमा भेटभएको थियोभने जयशंकरअघि भारतका राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभल र रक्षामन्त्री राजनाथ सिंहले पनि चीनको भ्रमण गरिसक्नु भएको छ । त्रिदेशिय गठबन्धन अगाडि बढेको खण्डमा नेपालमा अमेरिकी आडमा राजनीतिगर्दै आएकाहरू धरासायी हुने अवस्था सिर्जना भएको छ । त्यसैले नेपालमा प्रमुख भनिएका तीन दल एकातिर भित्रीरूपमा बिभिन्न स्वार्थ पूर्ति गर्नेगराउने कार्यमा मिलेका पनि छन् र बाहिर निरन्तररूपमा बेमेल प्रदर्शन पनि गरिरहेका छन् । हालैमात्र काठमाडौंमा रहेका भारतको संस्थापन पक्षकाहरूले गठबन्धन गरेर नेकां र एमाले सहितको सरकारलाई हल्लाउने प्रयास गरेको देखिएको छ । जसका लागि खुलेयाम भारतीय खुफिया एजेन्सी रअकोसमेत गरिचालन भएको देखिएको छ । खासमा नेकां र एमालेकाबीचमा गठबन्धन भएर बर्तमान सरकार गठन भएपछि यस्ता घटनाहरू गत एकबर्षको अवधीमा कम्तिमा छपटक दोहोरिएको देखिएको छ । यसरी नेपालको संसदीय राजनीतिमा तीब्र ढंगले विदेशी चलखेल भैरहेको सपष्ट छ । जसबाट राष्ट्रनै खतरामा पर्ने संकेतहरू देखिएकाले देशभक्त शक्तिहरू चनाखो हुनुपर्ने आवश्यकता छ ।

# सम्मान


● गौरी देबकोटा ●

'शव जलिसक्न त अझ् एक घण्टा लाग्ला ।' मनले अड्कल लगायो र लुसुक्क हिड्ने सुरले पाइला बाटो लाग्यो । दायाँ तर्फको सत्तलमा शवका आफन्त मलामीहरूले खचाखच थियो । बायाँतर्फ तीन वटा चिता जलिरहेथे । तिनै मौन भीड र चिताको राप छिचोलेर तिलगंगातर्फ मोडिएँ । मध्य मङ्सिरको चिसो त्यति नभए पनि आर्यघाटमा बसिरहँदा धेरै पटक जाडोले सताएको अनुभव छ । त्यसैले कुर्तामाथि ज्याकेट लगाएको थिएँ । समयको चाप र जलिरहेको रापले ज्याकेट खोलुँ खोलुँ भए पनि बसमा बसेपछि ठिकै हुने ठानेर खोलेको थिइनँ । जिपलक खोलेर बाहुला माथिमाथि सार्दै हिंडिरहेथेँ । 'पुण्यसँग साटफेर गर्ने सामग्री'का छाप्रे लस्करमा रातो इन्डियन पाइजामा माथि हाफ ज्याकेट लगाएका केशव दाइ रुद्राक्षको माला मोलतोल गर्दै रहेछन् । उनले त देखेका थिएनन् म नै बोल्न खोजेँ "दाइ नमस्कार"

उनको हातमा रहेको फूल प्रसादको ढकीतिर मेरो नजर अडिएको थियो । एक्कासी मलाई देखेर कुनै चोरीमा समातिए झैं मतिर हेर्नु भयो । म पनि सामुन्यको वर्तमान र विगतको भ्रमको बिचमा अलमलिएको थिएँ । प्वाक्क बोलिहालेँ, "ए...! तपाईं त फूल प्रसाद पो लिएर ...!"

मेरो कुराको वास्तै नगरी दाइले नमस्कार फर्काउँदै सोधे, "अनि तपाईं कता नि ?"

"म छिमेकीको दाहसंस्कारमा आएकी । काम सकिएकै छैन । बसिरहन नभ्याउने भएकोले फर्केकी ।" सोधे

"पौडेल जीलाई आराम छ नि ?"

हजुर ठिकै हुनुन्छ । जिल्ला जानु भएथ्यो, नौबिसे आइपुग्नु भो । साँचो मसँग छ, त्यसैले फर्किन हतार भएकी, "हात जोड्दै भनेँ, "धेरैपछि भेटभयो, खुसी लाग्यो ।

"त्यै त ।" विदाको भावमा बोकिरहेको ढकी दुबै हातले हल्का माथि उठाए ।

'प्याच्चै भन्ने बानी आफैलाई मन पर्दैन कहिलेकाहिँ । नभनेको भा'नि हुनी, अप्ठेरो पो माने त ।' फेरि आफैलाई भनेँ- 'आ... तिनैले गति छाडेका त हुन्, जेसुकै भनुन् ।' मनमा कुरा खेलाउँदै बाटो काटेर लागेँ बसतिर ।

'रिङरोडको बस गौशालाबाट स्वयम्भू पुर्‍याउन एक घण्टा लगाउँछ ।' सिटमा बस्दै गमेँ, 'थाकेको मान्छेले कुर्नुपर्‍यो भने गाह्रो पो हुन्छ । साँचो कतै राखेर निस्कनु पर्ने रहेछ... तर जाम नपरे त ठिकै होला, थानकोट उक्लिन पनि एक घण्टा त लागिहाल्छ ।'

बसमा यात्रुहरू ओर्लने उक्लने क्रम चलिरहे तापनि झ्यालपटि बसेकीले म बिथोलिनबाट जोगिएको थिएँ । त्यसैले पनि केशव दाइलाई सम्झँदै पूर्वस्मृतिमा डुब्न पुगेँ ।

यिनले हाम्रा बाहरूसँग सङ्घर्षको विषयमा कुराकानी गरिरहँदा म केही बुझ्दिनथेँ । मार्क्स, लेनिन, माओ, चे, जेनी, सामन्तवाद, समाजवाद, साम्यवाद... के के हो के के ...ओ हो हो ! तिरिमिरि झ्याईं भए पनि सुन्दा आनन्द आउँथ्यो । यी अप्ठ्यारा नाम र कुराहरूका बिच बिचमा दुःखबाट पार लाउने उपाय, छोरी मान्छेहरूको जुनी फेरिने कुरा, गरिबका लागि न्याय, समानता, सबैका लागि शिक्षा आदि विषयले खुब आकर्षित गर्थे मलाई । मुलोछ्यानमा पढ्न बसेकी हुन्थेँ । बाहरू अगेना वरिपरि बसेर यिनका कुरामा मुन्टो हल्लाइरहन्थे । आमा भातभान्छाको काम सकेर तातोपानी चिसोपानी ओछ्यान आदिको तजबीजमा लाग्नुहुन्थ्यो । मेरो भने स्कुलको पाठ गर्नमा भन्दा यिनकै कुरामा ध्यान बढी जान्थ्यो । झण्डै महिनैपिच्छे कहिले एक्लै कहिले साथीहरूसहित आइरहन्थे ।

स्कुल जाँदै गर्दा सरिताले एक दिन भनेकी थिई, 'हाम्रा बाले भन्नु भा'को तिनीहरू त धर्म कर्म पनि मान्दैनन् रे । ईश्वर भन्ने त हुँदै हुन्न भन्छन् रे । तिनीहरू भँडाहा हुन्, गाउँ भाँड्न आएका कम्निसहरू ।'

'ओइ यो कम्निस् भनेको चैं के रै'छ ?'

मैले पनि खुब आफैले गर्ने झैं उसलाई अर्थ्याएथेँ- कम्निस्ट भनेको ठूलो-सानो, धनी-गरिब केही नहुने । सबै उस्तै हुने व्यवस्था हो । 'ए हो र ! त्यसो भए त राम्रै होला...,' उत्साहित हुँदै भनेकी थिई, 'ती मान्छेहरू आएको दिनमा मलाई पनि भन् है ! तेरो घर पढ्न आउँछु ।'

बिस्तारै देशमा जनयुद्ध शुरु भयो । घरघरमा भेटघाट, छलफल र प्रशिक्षणहरू हुन थाले । गीत सङ्गीतका कार्यक्रम कम्ता रमाइला लाग्थेनन् ! गाउँ, घर, स्कुल, आफन्त जतातति कतै साउतीमा त कतै खुलेर, युद्धकै कुरा हुन थाल्यो । सदैव गाँस बास कपासको निम्ति असीमित सङ्घर्ष गरिरहेका जिन्दगीहरू सीमित युद्धबाट पार लाग्छ भने किन नलाग्ने भन्ने मनस्थितिले माओवादीप्रति झुकाव र सहानुभूति ओइरियो । ठग र फटाहाहरूको दोहोलो काढियो । वाह, हुन्छ कि क्या हो कम्युनिस्टले भने झैं ! खुसी खुसी साथ दिइयो । आमाले त डालो भरि चामल हुँदा पनि ढिकीमा घान हाल्थिन् । 'के था, राती भोकै आइपुग्छन् कि... आइज घान लाउन' भन्दै । दुई डाला चामल कहिल्यै टुटाउनु भएन घरमा ।

केराबोटे साइँला बालाई माओवादीले उठबस गराएपछि कम्युनिस्टको निन्दा गर्ने सरिताका बा पनि हच्किएका थिए । केही नबुझेका हामी ग्वाँचहरू नौला मान्छेसँग पनि आँखा जुधाएरै कुरा गर्नसक्ने भयौँ । कसैसँग दबिएर बस्न हुन्न रैछ भन्ने जान्यौँ । सङ्घर्ष के हो, कसरी हुँदो रहेछ, राज्यले कसरी दमन गर्दो रहेछ र युद्धमा होमिएकाले कसरी योगदान गर्दा रहेछन् सबै देखियो भोगियो बुझियो । सङ्गठनमा काम गर्न थालेपछि आइपरेका चुनौतीहरूले अझ् धेरै सिकायो । अहिले जे जसो गरे पनि यत्तिको परिवर्तनसहित बुझ्ने र बोल्नसक्ने बनाउनमा त तिनै केशव दाइहरूको भूमिका थियो ।

अलि छिट्टै थाकेछन् । थाके पनि आफुले आर्जन गरेका ज्ञान विज्ञानका कुरालाई बाग्मतीमा बगाएर आफै डुब्न त नगएको भए हुने ! तर उनको त्याग र समर्पणलाई चाहिँ यो मनमा सदैव सम्मान नै रहन्छ । मनमनै उही बेलाका केशव दाइलाई नमन गरेँ । 'सायद अर्को पुस्तालाई बाटो छाडे हुन्...' मनको निष्कर्षले सन्तोष चाहिँ दिलाएन ।

गाडी गौशाला, चावहिल, चक्रपथ हुँदै माछापोखरी आइपुग्दा मेरो मनले उही घर-गाउँ, स्कुल बा, आमा, युद्धकाल संकटकाल हुँदै दैनिक विदेशिने छोराछोरी पुस्तासम्म विचरण गर्‍यो । त्यत्रो आशा र भरोसा गरेको पार्टी र नेताले मन बुझाउने काम केही गरेनन् । सुधारको आधार त बन्यो तर गर्न सक्ने र गर्नै पर्नेतिर ध्यान दिएनन् । खबरदारी गर्दा गर्दै पनि नराम्रोसँग गति छाडे । उनीहरूको सेवा र संरक्षणमा बालबच्चासमेतलाई धरापमा राखियो । सम्झिल्याउँदा कटक्क दुख्छ मन । अहिलेको राजनीतिक गतिविधि र बेथिति देख्दा यो व्यवस्था र अहिलेका नेताहरू बढार्ने हुन्डरी आउनुपर्छ झैं लाग्छ । ढिलो चाँडो आउला आउन त...।

गाडी स्वयम्भू पुगेर रोकिएसँगै मनको तरङ्ग पनि मोडियो घरतिर । कति फुर्सदिला के मान्छेहरू । ओर्लिएर पनि कति अलमल गरिरहेका । फटाफट आआफ्नो बाटो लाग्नु नि ! अल्झउनेहरूप्रति मनमनै झर्को मान्दै बाटो लागेँ ।

"ए... तपाईं पो पहिला आइपुग्नु भएछ । गाडि रोकेरै हैरान पार्छन् ।" घडि हेरेँ, ठ्याक्कै सवा घण्टा भएछ बस चढेको ।

"केही छैन, नेट टिपिहाल्यो सिढीमा बसेँ । धेरै बेर भा'को छैन भर्खरै हो ।" उनले सन्तोषै माने ।

'यिनको नाम मात्रै सितल हैन, मान्छे पनि सितल नै छन् र त सजिलै छ मलाई ।' मनमनै भनेँ र जिज्ञासा राखेँ, "फोन नि गर्नु भएन त आइपुगेँ भनेर ।"

"अघि नै बसपार्क आइपुगेँ भनेथ्यौ आइपुगिहाल्छौ भनेर नगरेको ।" अनि प्रसङ्ग फेर्द भने, "त्यै त, बस्नेत बा बितेछन्, छोराछोरी आइपुगेका छैनन् होला ।"

च्यानल गेट खोल्दै भनेँ, "छैनन्, छोरा भोलि साँझ् आइपुग्छन् रे । छोरी त खै ... ?"

"अनि छोरा पर्खेनछन् त जलाउनलाई !" जुत्ता खोल्दै उनले सोधे ।

"अँ, छोराछोरी नकुर्नू जसले जलाए पनि हुन्छ मलाई भनेथे रे पहिल्यै । आमाले हुन्छ लैजानू भनिछन् । बूढाले त काजकिरिया पनि गर्नु पर्दैन भनेका छन् रे , खै के गर्छन् ... । गरेर हुने त केही होइन, लोकाचारको लागि आएर बस्ला कि छोरा । हुन त बस्नेत आमा पनि रुढीगत कुरामा लाग्ने मान्छे त हैनन् । छिमेकी र आफन्त हुन्छन् नि यसो गर र उसो गर, यसो गरेन र उसो गरेन भन्ने त । कसैले चासै नगर्नु नि ! परिवारलाई जे मन लाग्छ गर्न दिनु ।"

झोला डाइनिङ टेबलमा राख्दै भने, "हो नि, परिवार शोकमा हुन्छन् । अरू सबै पण्डित ! सुधार्न खोज्नेले नि मेसो पाउँदैनन् ।

"झोला भान्छामा लानु भो त, के छ ?"

"तिम्रो आमाले बोडी राखिदिनु भा'छ, झिकेर कफी बनाउँदै गर । म फ्रेस भएर आउँछु अनि पिउँदै केलाएर पकाउनुपर्छ । बस्नेत आमाकोमा पुग्नु पर्ने... थाकेको छु, भोलि मात्रै जानु पर्ला ।"

"दिनेश त साँझितर आइपुग्ने कुराथ्यो । एक बजे नै आइपुगेछ नि, म स्कुलबाट फर्किँदा पसेथेँ ।"

ए... राम्रै भएछ । म पनि जान्छु एकछिन् । "अफिसबाट फर्केको सितलले मोबाइल चार्जमा जोड्दै सोधे, "अनि किरिया बसेछन् कि नाईं ?" "भेटघाटलाई बस्न आँगनमा पाल हालेर कुर्सीहरू राखेकाछन् । माला लगाएको बा को फोटो छ । धूप दियो केही बालेका छैनन् फोटो अगाडि । आमाछोरा बाहिरै बसेर भेटघाट गरिरहेका रहेछन् । छोरा फुलबाउले गन्जी र टाउजरमा थ्यो । आमाको पनि लुगा त सदाको जस्तै छ । कोरा चैं बस्याछैनन् ।" मैले बेलिबिस्तार लाएँ ।

"ए हो !" उत्साहित हुँदै सोफामा सँगै बसे उनी र भने, "देख्यौ महिलाले चाह्यो भने कति सजिलै सुधार हुन्छ । बस्नेत आमाले हुन्न किरिया बस्नै पर्छ भनेको भए त्यो छोरो उम्किनै सक्थेन । उसले मात्रै गर्नु पर्दैन गर्दिन भनेको भए विदेश बसेर सडेको बाउको किरिया पनि गर्दिन भन्यो भन्थे । आमाको चित्त बुझाउन पनि बस्दिनै पर्थ्यो । आमा नै सुझबुझको हुनाले दिनेशलाई सजिलो भयो । टोल समाजमा मान्य व्यक्ति नै हुन् बस्नेत बा । जीवनभर संस्कार संस्कृति र परिवर्तनको विषयमा लेखेर बोलेर हिंडे । अहिले छोराले परम्परागत ढंगबाट किरिया गरेको भए के अर्थ रहन्थ्यो र ! बस्नेत बा को विचारको कदर-सम्मान भएछ, खुसी लाग्यो । बस्नेत आमाको यो निर्णयले समाजमा राम्रै प्रभाव पार्ला कि ..." बोल्दै भान्छामा पुगेका सितलले पानी पिए र भने, "म पुगेर आउँछु ।"

"अघि बस्न भ्याइन यसो आउनेलाई चिया बनाइदिन पनि हुन्छ, म पनि जान्छु" भन्दै सँग निस्किएँ म पनि ।

भर्खर गाउँबाट आइपुगेका दिनेशका माइला बा सहित पाँच सात जना चिया पिउँदै थिए । दिनेशले बसिरहेको कुर्सीबाट उठेर नमस्कार गर्‍यो ।

"नमस्कार बाबु, बस बस ।" शितल पनि कुर्सी तानेर बसे ।

बस्नेत आमा कि भदैनी चिया लिएर निस्किइन् । भित्रको काममा भदैनी देखेपछि म पनि बसेँ त्यहीँ ।

"अनि एक्लै आयौ कि ...?" सितलले दिनेशलाई सोधे ।

"हजुर, यहाँ यसो व्यवस्था मिलाएर आमा लिएर जाने सल्लाह गरेर एक्लै आएको ।" दिनेशको कुरा नसकिँदै माइला बा भित्रभित्रै मुर्मुरिँदै बोले, "कहिले ? भोलि नै जान्छस् कि ? गतिछाडा, बाउ बाजेको संस्कार त धान्नु पर्छ नि ! भाउजु पनि उस्तै, सम्झउनु पर्दैन यसलाई ...?"

दिनेस केही बोलेन । "जाने बुझेकै गरेको हो बाबु" आमाले यति मात्रै भनिन् ।

"नरिसाउनुस् हजुर, यो सब तपाईंकै दाइको इच्छा अनुसार भा'को छ ।" परिवारबाट बस्नेत जी को विचार र भावनाको सम्मान भएकोमा हामी त खुसी छौं । यसमा हजुरहरूले पनि चित्त नदुखाउनु होला, हामी छिमेकीले पनि यस्तो र उस्तो भन्नु हुँदैन । सकारात्मक परिवर्तनलाई सदर गर्ने तपाईं हाम्रो नै काम हो ।" बस्नेत बाकै दमाली सेवानिवृत्त शिक्षक भण्डारीले वस्तुस्थिति बुझउने प्रयत्न गरे । "हो नि !" भण्डारी सरकै कुरामा सितल लगायत अरूले पनि सही थापे ।

आमाले उठेर बत्तीको स्वीच अन गरिन् र भनिन्, "रात पर्‍यो, सावित्री जान्छे होली, जाऊ बाबु अलिकति खाना बनाऊ ।"

दिनेश भित्र पस्यो । आमा फेरि उही कुर्सीमा उसै गरि बस्नेत बाको फोटोतिर मुन्टो फर्काएर बसिन् ।

"हजुरले जे गर्नु भा छ, बस्नेत बाको सम्मान नै भएको छ । हामी समाजले यसको सिको गर्नुपर्छ । अरूले यसो उसो भने भनेर चित्त नदुखाउनु आमा । चलेको गलत चलनलाई मासेर नयाँ बसाउन धेर-थोर साह्रो गाह्रो हुन्छ नै । जगतै यस्तै छ ।" ढाडस दिने प्रयासमा सितलले भने । "अहिले हामी जान्छौँ । केही परेमा नजिकै छौँ, डाकीबोलाउनु होला ।" मैले थपेँ ।

अरू निस्किसकेका थिए । दिनेशका माइला बातर्फ विदाको भावमा हात जोड्दा उनी हामीलाई आँखा तरेर हेर्दै थिए । हामी निस्कियौँ ।

# जागरणको 'दलन' भगत सर्वजित मानव मर्यादा पुरस्कारबाट पुरस्कृत

काठमाडौँ - संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रदान गर्ने भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार, २०८१ बाट दलन टेलिसिरियल पुरस्कृत भएको छ । मन्त्रालयले राष्ट्रिय नाचघरमा एक विशेष समारोहका बीच जागरण मिडिया सेन्टरले निर्माण गरेको जातीय भेदभाव र छुवाछुत सम्बन्धी टेलिसिरियल दलनलाई पुरस्कृत गरेको हो ।

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेयले जागरण मिडिया सेन्टरका अध्यक्ष कमला विश्वकर्मालाई पुरस्कार प्रदान गरेका हुन । उक्त अवसरमा दलन टेलिसिरियलले नेपाली समाजमा जरा गाडेर बसेको जातीय छुवाछुत र जात प्रथाको अत्याचार र नेपाली समाजको चित्रण प्रस्तुत गरेको भन्दै राष्ट्रिय पुरस्कारबाट सम्मान गरिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयले बुधवार विभिन्न विधाका ११ पुरस्कार वितरण गरेको थियो । दलन टेलिसिरियलले जातीय भेदभाव विरुद्ध समाजको वास्तविक





तस्बिर देखाएको बताउँदै निर्माण गरेको करिब डेढ दशकपछि गरेको पुरस्कारले ऊर्जा थपेको अध्यक्ष कमला विश्वकर्माले बत्ताइन । उनले यो पुरस्कार जागरण मिडिया सेन्टरसँगै टेलिसिरियलका लेखक, निर्देशक, कलाकार, छायाङ्कन र तत्कालीन समयको निर्माण पक्षको योगदानको समेत सम्मान भएको भन्दै सबैलाई धन्यवाद दिईन् । दलन टेलिसिरियल नेपाली कला क्षेत्रमा अभिनय र कथा प्रस्तुतिको हिसाबले निकै उत्कृष्ट थियो ।

जागरण मिडिया सेन्टरले दलन टेलिसिरियलसँगै जातीय भेदभाव विरुद्ध सञ्चारकर्मीहरू उत्पादन, बुटवलमा रेडियो जागरण सञ्चालन गर्नुका साथै अधिकार र न्यायको क्षेत्रमा निरन्तर काम गर्दै आइरहेको छ ।

❑ यो साता कविता

## गोष्ठी


❑ कृष्णभक्त महर्जन

*गोष्ठी*
*गोष्ठीको*
*गोष्ठीमा*
*दर्शनका विद्वान*
*शास्त्रका विद्वान*
*प्रविधिका विद्वान*
*मास्टरमा मास्टर*
*विद्यार्थीमा विद्यार्थी*
*एक से*
*एक छ*
*गोष्ठीको*
*नयाँ*
*नया अनुभव*
*नयाँ*
*नयाँअनुभूति*
*सिकारुमा सिकारु*
*मार्गनिर्देशकमा मार्गनिर्देशक*
*उन्नतमा*
*उन्नत छ*
*वर्ग*
*वर्ग सघर्षमा*
*जन सघर्ष*
*जन आन्दोलनमा*
*प्रशिक्षकमा प्रशिक्षक*
*प्रशिक्षार्थीमा प्रशिक्षार्थी*
*सहजकर्ताको सहजीकरणहरू*
*डेटामा*
*डेटा प्रवाह छ*
*गोष्ठी*
*गोष्ठीको*
*गोष्ठीमा*
*एकले*
*अर्काको अध्ययन*
*अर्काको*
*एकले अध्यापनको*
*उर्ज्जाले*
*उर्ज्जावान बनेको छ ।*

## आमा अझै म हारेको छैन


❑ मिसम अधिकारी

*आमा अझै म हारेको छैन*
*सहिदको सपना र क्रान्तिको माया मारेको छैन*

*छातिमा गोली शरिरमा छर्रा वारूदले जलेर*
*जीउँदो छु अझै लड्नु छ अझै मृत्युलाई छलेर*
*बलिदान माग्छ क्रान्तिले आँसु झारेको छैन*
*आमा अझै म हारेको छैन ।*

*सामन्त ढल्यो सामन्तवाद ढलेको छैन*
*निमुखा जनताहरूको चुलो बलेको छैन*
*हिमाल पहाड तराई अझै खारेको छैन*
*आमा अझै म हारेको छैन*

*फोहोर डङ्गुर फाल्नुछ आमा*
*चुहिने छानो टाल्नुछ आमा*
*चट्टानलाई गाल्नु छ अझै*
*झलमल उज्यालो बाल्नुछ आमा*
*चौतर्फी बार बारेको छैन*
*आमा अझै म हारेको छैन ।*

*दलाल पूँजीवादलाई फाल्छौं समूल ढालेर*
*जनताको सत्ता ल्याउछौं अब मशाल बालेर*
*समाजवादको अभिष्ट पर सारेको छैन*
*आमा अझै म हारेको छैन*

*आमा अझै म हारेको छैन*
*सहिदको सपना र क्रान्तिको माया मारेको छैन ।*

यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !
www.moolbato.com
www.hanktoday.com
www.daunnenews.com
www.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृष्टि साप्ताहिक
हाँक साप्ताहिक

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## नेकपामा...

यता दक्षिणपन्थी राजावादी बाटो अंगालेका डा. केशर जंग रायमाझीले पनि दोस्रो महाधिवेशनले चुनेको केन्द्रीय कमिटीको बहुमत आफ्नो पक्षमा रहेको दावी गरे । र उनको अगुवाइमा २०२३ सालमा राष्ट्रिय सम्मेलन र वनारसको तेस्रो महाधिवेशनलाई अस्विकार गर्दै २०२४ सालमा तेस्रो महाधिवेशन भयो । डा. माझीले आफ्चनो तुऱ्याईबाट भाकपा र सोभियत कम्युनिष्ट पार्टीको भाईचारा सम्बन्ध आफ्नो पक्षमा पार्न सफल भए ।उनले २०१९ सालको तेस्रो महाधिवेशनलाई पार्टी विधान विपरित भन्दै डा. रायमाझीको नेतृत्वमा भएको तेस्रो महाधिवेशनलाई सोभियत कम्युनिष्ट पार्टी र भारतीय कम्युनिष्ट पार्टी (महासचिव अजय घोष नेता श्रीपाद अमृत डागे) को समर्थन लिन सफल भएका थिए ।

माझी पक्षको केन्द्रीय कमिटीमा विष्णु बहादुर मानन्धर, कृष्णराज वर्मा, कृष्ण प्रसाद अधिकारी (सिराह) सैयदकमर शाह, शैलेन्द्र कुमार उपाध्याय, डि.पी.अधिकारी, कमल राज रेग्मी लगायत रहेका थिए । २०३६ सालको जनमत संग्रह घोषणापछिको खुला परिस्थितिमा डा. रायमाझीको दक्षिणपन्थी हरकत थप खुलासा हुँदै गयो । जनमत संग्रहको परिणामलाई स्वीकार गर्दै राजाकै आह्वानलाई थप पुष्टि गर्दै “अब आफ्ना कुरा सडकमा होइन राष्ट्रिय विधायिकामा राख्न पाउने राजनीतिक परिस्थिति” सृजना भएकोले सोही अनुरूप राष्ट्रिय मूलधारमा आउन भन्दै सार्वजनिक अभिव्यक्ति दिन थालेपछि डा. केशर जंग माझीलाई पार्टीबाट निष्काशन गर्न मानन्धर पक्षलाई बाटो खुलेको थियो । विष्णु बहादुर मानन्धरको नेतृत्वमा पार्टी संठगनलाई अगाडी बढाउने कामको थालनी पनि भयो । डा. माझीलाई निष्काशन र मानन्धरको पक्षमा केन्द्रीय नेताहरू हेमन्त बहादुर वि.सी., सितानन्दन राय (२०४९ मा एमालेमा प्रवेश), मदन मोहन थापा, निलाम्बर आचार्य, चन्द्रदेव जोशी लगायत रहेका थिए । डा. रायमाझी निस्कासनपछि मानन्धरको नेतृत्वमा गठित नेकपामा पंक्तिकार विश्ववन्धु भण्डारी, रामचन्द्र चापागाई (वनारसबाट पुष्पलालको अस्तु पशुपतिमा बिर्सजन गर्न ल्याउने) लगायत गण्डकी क्षेत्रबाट मानन्धर समूहमा प्रवेश गर्ने काम भएको थियो । मानन्धर नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले माझी निष्काशनपछि भारतको मुजफ्फरपुरमा पाँचौ महाधिवेशन सम्पन्न गरी पार्टीलाई क्रान्तिकारी धारमा अगाडी बढाउने निरंकुश पंचायती व्यवस्थाको विरुद्ध प्रजातन्त्र पुनः स्थापनाको संर्घषको कार्यनीतिमा जोड दिने काम भएको हो । मजफ्फरपुरको महाधिवेशन भूमिगत रूपमा भारतको सि.पि.आई. को स्थानीय पार्टी कमिटीको सहयोगमा भएको थियो । उक्त महाधिवेशनलाई टिकापुर महाधिवेशन नामाकरण गरिएको थियो । कारण जनकपुरका जिल्ला पार्टी कमिटी सचिव टिका पोखरेलको क्यान्सर रोगका कारण निधन भएको र उनैको नाममा टिकापुर महाधिवेशन नामाकरण गरिएको थियो । पंक्तिकार विश्ववन्धु भण्डारी महाधिवेशनमा सहभागी भई केन्द्रिय कमिटीमा निर्वाचित हुने अवसर प्राप्त भएको थियो ।

नेपालमा निरंकुश पञ्चायती व्यवस्था विरुद्धको अन्तिम संघर्ष २०४६ सालको संयुक्त आन्दोलन सफलताको लागि कम्युनिष्ट कांग्रेसको संयुक्त प्रहारले नै आन्दोलनले सफलता प्राप्त गरेको थियो । यसलाई पुष्पलालको संयुक्त जनआन्दोलनको सिद्धान्त अनुरूप सफल भएको भनिने गरिएको छ । ३० बर्ष लामो निरंकुश पञ्चायती व्यवस्था समाप्त भयो । त्यस यता बहुदलीय प्रजातान्त्रिक शासन व्यवस्थाको सुरुवात भएको हो । यो आन्दोलन २०१७ सालमा राजा महेन्द्रद्वारा खोसिएको प्रजातन्त्र पुन स्थापनाको संघर्षको नामले परिचित रहेको छ । नेपाल कम्युनिष्ट पार्टीको यो लामो ईतिहासमा संस्थापकहरू प्रथम महासचिव पुष्पलाल प्रथम महाधिवेशन २०१० सालका महाधिवेशनका महासचिव मनमोहन अधिकारी दोस्रो महाधिवेशनका महासचिव डा. केशरजंग रायमाझी (राजावादी) तेस्रो वनारस महाधिवेशनका महासचिव तुलसीलाल अमात्य लगायत पहिलो पुस्ताका अग्रजहरू अब यस धर्तीबाट विदा भइसकेका छन् । पाका पुराना पुस्ताका एकमात्र धरोहर द्वितीय महाधिवेशनबाट केन्द्रीय कमिटीमा निर्वाचित ईतिहासका साक्षी नेकपा मसालका नेता महामन्त्री मोहन विक्रम सिंह छन् । यस्तै पाका पुरानाहरूमा प्रतिनिधि सभा सदस्य चित्र बहादुर केसी छन् । नेकपा सयुंक्तका स्व विष्णु बहादुर मानन्धरको विरासत थाम्दै आएका संयुक्तका अध्यक्ष चन्द्रदेव जोशी (८७ वर्ष) छन् । नेकपा माओवादीका नेता किरण वैद्य, वरिष्ठ नेता कमल कोइराला, हिरण्य लाल श्रेष्ठ, ने.म.कि.पा. का नेता नारायण मान बिजुक्छे (रोहित) सांक्षीका रूपमा रहेका छन् । यस बाहेक पुरानो पुस्ता सिठो बालेर खोज्नुपर्ने अवस्था आएको छ ।

२०४६ सालको आन्दोलनको पूर्व सन्ध्यामा गठित संयुक्त वाममोर्चामा मानन्धर समूह समेत सामेल भएको थियो । २०४६ सालको संयुक्त जनआन्दोलनमा सामेल भएका अन्य दलहरू नेकपा मार्क्सवादी, नेकपा माले, नेकपा अमात्य, नेकपा बर्मा, नेकपा मशाल र नेपाल मजदूर किसान पार्टी रहेका थिए । संयुक्त वाममोर्चाको अध्यक्षमा सहाना प्रधान र अन्य दलबाट १/१ जना सामेल रहेका थिए । २०४७ सालको अन्तरिम सरकारमा बाममोर्चाका अध्यक्ष सहाना प्रधान, नेकपा मालेबाट झलनाथ खनाल, नेकपा मानन्धर समूहबाट निलाम्बर आचार्य समेत ३ जना कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम मन्त्री मण्डलमा सामेल भएका थिए । त्यसै गरि नेपाली कांग्रेसबाट महेन्द्र नारायण निधी, योग प्रसाद उपाध्याय, मार्सल जुलुम शाक्य त्यस्तै स्वतन्त्र बुद्धिजिवी (वाम समूह) बाट मथुरा प्रसाद श्रेष्ठ र प्रजातान्त्रिक धारका स्वतन्त्र बुद्धिजिवी देवेन्द्र राज पाण्डे तथा राजाका प्रतिनिधिका रूपमा डा.केशरजंग रायमाझी र अचुतराज रेग्मी समेत ११ जनाको मन्त्रीमण्डल रहेको थियो । डा.रायमाझी यसरी राजाको प्रतिनिधि भएर मन्त्रि मण्डलमा सामेल हुँदै त्यस यता राजसभा स्थायी समितिको सभापति भए ।

२०५८ सालको दरबार हत्यकाण्डका बेला पनि डा. रायमाझी राजसभा स्थायी समितिको सभापति रहेका थिए । २०४७ सालको प्रजातान्त्रिक संविधान जारी पश्चात संसदीय निर्वाचनको माहोलले दलहरूलाई आकर्षित गर्दै गएको थियो । यही माहोलको पूर्व संध्यामा मनमोहन अधिकारी नेतृत्वको नेकपा मार्क्सवादी र मदन भण्डारी नेतृत्वको नेपमा माले बीच २०४७ पौष २२ गते पार्टी एकीकरण भई नेकपा एमाले केन्द्रीय संगठन कमिटी निर्माण भएको थियो । एकीकृत नेकपा एमालेमा अध्यक्ष मनमोहन अधिकारी (मार्क्सवादी) महासचिव मदन भण्डारी (माले) त्यस्तै पोलिटव्युरोमा चन्द्रप्रकाश मैनाली, जिवराज आश्रित, झलनाथ खनाल, माधव कुमार नेपाल, मार्क्सवादी तर्फबाट पोलिटव्युरोमा बलराम उपाध्याय, भरत मोहन अधिकारी, सहाना प्रधान र सिद्धिलाल सिंह समेत १० जना पोलिटव्युरोमा दुवै संगठनबाट बराबरीको आधारमा समावेश गर्ने काम भएको थियो ।

त्यसैगरि केन्द्रीय संगठन कमिटी सदस्यतर्फ मालेबाट अमृत कुमार बोहोरा, अशोक कुमार राई, ईश्वर पोखेल, खड्क प्रसाद ओली (केपी ओली, हाल एमाले अध्यक्ष एवं प्रधानमन्त्री), वामदेव गौतम, विष्णु पौडेल, मुकुन्द न्यौपाने, मोदनाथ प्रश्रित, मोहन चन्द्र अधिकारी, युवराज ज्ञवाली, राधाकृष्ण मैनाली र सुरेन्द्र पाण्डे त्यस्तै माक्सवादी बाट कमल कोईराला, केशरमणी पोखेल, गोविन्द राज ज्ञवाली, नर बहादुर खाण नेकपा (संयुक्तबाट एमालेमा प्रवेश गरेका) वाचस्पति देवकोटा (नेकपा मसालबाट एमालेमा प्रवेश गरेका) लगायत २७ जनाको केन्द्रीय कमिटी रहेको थियो । उक्त केन्द्रीय कमिटीले लगतै २०४९ माघ २० गते काठमाडौं कमलादीमा सम्पन्न महाधिवेशनबाट अध्यक्ष मनमोहन अधिकारी, महासचिव मदन भण्डारी, पोलिटव्यूरोमा जीवराज आश्रित, ओली केपी ओली, माधवकुमार नेपाल, सिपी मैनाली, सहाना प्रधान, झलनाथ खनाल, भरत मोहन अधिकारी, सिद्धिलाल सिंह र केन्द्रिय कमिटी सदस्यहरूमा अशोक राई, बामदेव गौतम, मुकुन्द न्यौपाने, राधाकृष्ण मैनाली, ईश्वर पोखेल, युवराज ज्ञवाली, अमृत बोहोरा, मोदनाथ प्रश्रित, वाचस्पति देवकोटा, मोहन चन्द्र अधिकारी, विष्णु पौडेल, केशवलाल श्रेष्ठ, सितानन्दन राय, जितेन्द्र नारायण देव, काशिनाथ अधिकारी, गोपाल शाक्य, गुरु बराल, सुरेन्द्र पाण्डे, प्रेमसिंह धामी, गोविन्द कोईराला, सलिममियाँ अन्सारी, राजेन्द्र पाण्डे, किरण गुरुङ, केशव बडाल र त्रिलोचन ढकाल रहेका थिए । बैकल्पिक केन्द्रीय कमिटी सदस्यहरूमा हिरण्यलाल श्रेष्ठ, शान्ता मानवी, प्रेम बहादुर सिंह, देवराज घिमिरे (हाल प्रतिनिधि सभाका सभामुख), हेमराज राई, भिम बहादुर कठायत र सानु श्रेष्ठ रहेका थिए ।

त्यसैगरी केन्द्रीय सल्लाहकार तर्फ बलराम उपाध्याय, कमल कोईराला, गौरिभक्त प्रधान, लक्ष्मीभक्त उपाध्याय, योगेन्द्र शाह, नर बहादुर खाण, गोमा देवकोटा, विश्वेश्वरा दाहाल, सिद्धिलाल सिंह र भवानी प्रसाद घिमिरे सहित १० जना रहेका थिए । उक्त पाचौं महाधिवेशनमा पंक्तिकार विश्वबन्धु भण्डारी राष्ट्रिय परिसद सदस्यको हैसियतबाट सहभागी हुने अवसर मिलेको थियो । यसरी दुई ठूला पार्टी बीच एकीकरण भएकोले २०४८ सालको आम निर्वाचनमा बामपन्थी मतदाता बीच निकै ठूलो आकर्षण सृजना भएको थियो । परिणाम स्वरूप नेकपा एमालेले संसदमा ६९ जना प्रतिनिधित्व गराउन सफल भएको थियो । यो सफलताले नेकपा एमालेको पक्षमा जनलहरको वृद्धि हुँदै मुलुकका सबै जिल्ला र गाउँ टोल तहसम्म पार्टी संगठन रात दुगना दिन चौगुनाको हिसाबले विस्तार हुन गएको हो ।

सँगसँगै २०४८ सालको आम निर्वाचमा बाबुराम भट्टराई नेतृत्वको संयुक्त जनमोर्चाले ९ जना, ने.म.कि.पा बाट ३ जना, नेकपा प्रजातन्त्रवादी (मानन्धर नेतृत्व) २ जना (३ प्रतिशत थ्रेस होल्ड नपुगेका कारण राष्ट्रिय पार्टीका रूपमा दर्ज हुन नसकेपछि पार्टी संगठन खुम्चिने क्रम सुरु भएको हो ) गरी संसदमा ८३ जना वामपन्थी सदस्यको प्रतिनिधित्व रहेको थियो । त्यो निर्वाचन कालमा नै नेकपा एमालेमा एकीकरण भई सकेको पार्टीलाई निर्वाचन पछि मार्क्सवादी तर्फका केही नेताहरू मनमोहन अधिकारी र सहाना प्रधान नेतृत्वका एकीकरण पूर्वका सहाना प्रधान तर्फका संस्थापक नेता पुष्पलालद्वारा दिक्षित प्रभु नारायण चौधरी, माधव (मधु) ज्ञावली, राम बहादु भण्डारी (हाल नेकपा पुष्पलाल समुहको उपाध्यक्ष), तिलक पराजुली, बोधराज काफ्ले, शरण विक्रम मल्ल, लोकनारायण सुवेदी, भिम सेढाई, राम सिं रावल, एकराज पाण्डे लगायतका नेताहरूले मार्क्सवादी विउँताउन छुट्टै पार्टी घोषणा गर्ने काम भयो । फेरि मार्क्सवादीका नाममा सानो संगठन अहिले पनि जिवित त छ तर संगठानात्मक रूपमा सिमित व्यक्ति विशेष बाहेक संगठनको प्रभाव ज्यादै न्यून देखिन्छ । यसरी नेपालमा कम्युनिष्ट पार्टीहरू आपसी मतभेदलाई विचार मंथन र बहसमा अगाडी सार्दै अल्पमतको कदर बहुमतको निर्णयलाई कार्यान्वयनमा अगाडी बढाउन भन्दा भावावेशमा छुट्टै पार्टी निर्माण गर्ने शिलशिला स्थापनाको केही समयपछि नै शुरु भएको प्रवृति र परम्परा अध्यावधिक कायमै छ । विशेष गरेर २०४६ साल यता पनि कम्युनिष्ट पार्टी पनि एक आपसमा विलय हुने र पुनः विभाजनको श्रृङ्गखलाले पनि निरन्तरता पाइरहेको छ ।

## तलवमान...

गरेका हुन् ।

वक्तव्यमा मजदुरहरूका पेशागत तथा राजनीतिक मागहरूलाई निस्तेज बनाउन गरिएको कोशिस र त्यसमा सदवादी ट्रेड युनियनहरूको वर्गीय आत्मसमर्पणवादी चरित्र प्रदर्शनको विरोध गरेका छन् ।

वक्तव्यमा भनिएको छ, “१- सरकारले निर्धारण गरेको तलवमानले मजदुरवर्गमाथी पुँजीपतीवर्गद्वारा भईरहेको श्रम शोषणको निरन्तरताको कडि भएको छ । क्रान्तिकारी आन्दोलनको उच्च स्तरको दबाब बिना सरकार र पुँजीपतीहरूका बिचमा बन्द कोठाभित्र रोदन गर्ने ट्रेड युनियनवादी प्रवृत्ति भएको कथित त्रिपक्षिय समितिद्वारा वार्ताका नाममा गरिने याचना मार्फत मजदुरहरूको कष्टकर जीवनमा कुनै परिवर्तन सम्भव हुदैन भन्ने हाम्रा पुर्ववत निष्कर्ष नै सहि सावित भएको प्रष्ट छ ।

२-यथास्थितिवादी ट्रेड युनियनहरूले साम्राज्यवादी एवं दलाल पुँजीपतीवर्गको प्रभाव र उनिहरूको नवउदारवादी नीति अनुरूप मजदुर आन्दोलनलाई नियन्त्रण गर्न अगाडि बढाएको कथित संयुक्त ट्रेड युनियन समन्वय केन्द्र मार्फत मजदुरहरूका पेशागत तथा राजनीतिक मागहरूलाई निस्तेज बनाउन जुन कोशिश गरेका छन त्यसको परिणाम स्वरूप कथित त्रिपक्षिय समझदारीमा आएको भनिएको बर्तमान तलवमान निर्धारणमा संसदवादी ट्रेड युनियनहरूको वर्गीय आत्मसमर्पणकारी चरित्र समेत जिम्मेवार छ भन्ने कुरा बुझ्न आवश्यक छ ।

३- हाम्रो संगठन क्रान्तिकारी ट्रेड युनियन महासंघ नेपाल लगायत कतिपय मजदुर पक्षिय ट्रेड युनियनहरूले विद्यमान तलवर ज्यालामा सत प्रतिशत ((१००५) वृद्धि गरेर मात्रै आजको मुद्रास्फीति, बजार मुल्य, अन्तर्राष्ट्रिय श्रम बजारसँग संगति र सामान्य जीवन धान्न सम्भव हुन्छ भन्ने माग सहि रहेको छ र त्यसका लागि मजदुरहरूको क्रान्तिकारी आन्दोलन संगठित गर्न जोड गर्नु आवश्यक रहेको छ ।

४- नव उदारवादी सिद्धान्त र व्यवस्थाको सारतत्व भएको तर समाजवादको खोल ओढेर जनसमुदायको जनवादी(समाजवादी आकांक्षामाथि धोकाधडी गरिरहेका कथित वाम नेतृत्वको सरकारले दलाल तथा नोकरशाही पुँजीपतीवर्गको हितमा मजदुरहरूको श्रमको शोषण, दोहनमा योगदान गरेर प्रतिक्रियावादी चरित्र प्रदर्शन गरिरहेको अवस्थामा सरकारको भण्डाफोर गर्दै मजदुरहरूका बिचमा अभियान अगाडि बढाउन जरुरी भएको छ ।

५- यस सन्दर्भमा हाम्रो संगठन मजदुरहरूको तलबरज्यालामा १००५ वृद्धिको मागलाई दीर्घकालिन कार्यक्रम र मजदुर सरोकारका मुद्दाहरू एवं घोषित तलब र ज्याला सम्बधमा ब्यबहारिक स्थिति के छरु त्यसबारे स्थलगत अध्ययन र अनुगमन गर्दै मजदुरहरूका बिचमा सम्बन्ध सुदृढ गरी आन्दोलनको विकास गर्ने तर्फ केन्द्रीत हुन हार्दिक अपील गर्दछौं ।”

## जनगणतन्त्रका...

राजकुमार हिङ्वाङले संघीय जनगणतन्त्रको विषयमा व्यापक छलफल र समिक्षा जरुरी रहेको बताए ।

नेकपा (विप्लव) का केन्द्रीय सदस्य चिरञ्जीवी सिले कार्यपत्रले प्रष्टसँग विकल्प दिएको बताउँदै भने,“पुँजीवादले आफ्नो विकल्प दिएको छ, तर कम्युनिस्टहरूले विकल्प दिन सकेका छैनन्, त्यसका लागि कम्युनिस्टबीचको एकता जरुरी छ ।”

कार्यपत्र प्रस्तोता तथा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य केदार खतिवडाले ‘दलाल संसदीय व्यवस्थाको विकल्प संघीय जनगणतन्त्र’का लागि जनयुद्धको उद्देश्य संसदीय व्यवस्था थिएन, २०६२/६३को जनआन्दोलनको जनभावना के थियो ? दलाल संसदीय गणतान्त्रीक व्यवस्थाको चरित्र, अहिले जनजीविकामा परेको संकट र संघीय जनगणतन्त्र आजको आवश्यकता उपशिर्षकमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रमलाई सो पार्टीका केन्द्रीय सदस्य पेशल दाहालले सञ्चालन गरेका थिए भने अर्का केन्द्रीय सदस्य बन्धुदेव पाण्डेले स्वागत मन्तब्य राखेका थिए ।

खतिवडाले प्रस्तुत गरेको कार्यपत्रमा जनगणतन्त्रको अपहरिहार्यताका बारेमा भनिएको छ, “आज नेपाल गहिरो राजनितिक, सामाजिक, आर्थिक संक्रमणको अवस्थामा छ । यो व्यवस्थाले न त मजदुर, किसान र विपन्नवर्गको मुक्ति सुनिश्चित गऱ्यो, न त राष्ट्रिय सार्वभौमिकता, आत्मनिर्भरता, उत्पादनमूलक अर्थतन्त्रको विकासमा योगदान पुऱ्यायो । बरु यो प्रणालीले विदेशी शक्तिका दलालहरू, दलाल पूँजीपति, भ्रष्ट राजनीतिक गिरोह र नोकरशाही तत्वलाई संरक्षण गर्दै जनजीविकालाई संकटमा धकेलेको छ । जनताको भनिएको संविधान व्यवहारमा केही दलालवर्गका लागि कानुनी कवच बनेको छ । बहुसंख्यक जनता भोकमरी, बेरोजगारी र विस्थापनको चपेटामा छन् । सत्तामा रहने संसदवादी पार्टीहरू विदेशी एकाधिकार पूँजीको प्रतिनिधित्व गर्दछन । राष्ट्रिय उत्पादन प्रणालीलाई सिध्याएर आयतमुखी र ऋणमुखी नीतिहरू लादिदैछन । संसद र राज्य संयन्त्रहरू जनताको प्रतिनिधित्वगर्ने ठाउँ नभई दलाल, माफिया, भ्रष्ट नोकरशाहहरूको अखडा बनेको छ ।

जनजीविकामा बढ्दो महँगी र कालाबजारीको चपेटामा सर्वसाधारण पर्न गएका छन् । मिटरव्याजको चर्को शोषण, सहकारीहरूमा देखिएको अपारदर्शिता, भुमिबैंकको नाममा उत्पन्न गर्न खोजिएको उत्पादनशील जमिनमाथि वैदेशिक एकाधिकार लाद्न खोजिदैछ, सार्वजनिक जमिन एकाध व्यक्तिको कब्जामा जादैछ । खाद्यान्य, इन्धन, शिक्षा, स्वास्थ्यसेवा जस्ता सबै क्षेत्रमा निजकरणका कारण मुल्य आकासिदो छ । न्युन आय भएका नागरिक आधारभूत विषयको पहुँचबाहिर छन् । मन्त्रालय, प्रशासनिक तथा स्थानीय निकाय, अड्डा अदालत, सुरक्षानिकाय, विकास निर्माणका काम जहाँ जाउँ त्याहाँ भ्रष्टाचार र घुसखोरी व्याप्त छ । भुटानी शरणार्थी प्रकरण, ललितानिवास काण्ड, सहकारी ठगी काण्ड, गिरीवन्धु टि स्टेट काण्ड, भिजिट भिषा काण्ड, कुलिङ पिरियड काण्ड लगायतका दर्जनौ काण्डमार्फत नितिगत भ्रष्टाचार संस्थागत रूपमा विकास भएको छ । देशभित्र भएका उद्योग कलकारखाना योजनाबध्द निजीकरण हुँदै माफीयाको चंगुलमा परेका कारण रोजगारीका लागी दैनिक २००० भन्दा बढीको संख्यामा युवाहरू विदेश पलायन भई नारकीय जिवन व्यतित गर्न बाध्य बनाइएका छन । महिला, दलित, जनजाती, मधेसी, मुस्लिम समुदायहरू अझै संरचनागत दमनमा छन् । वर्गीय असमानता झन चर्किएको छ । समृद्धि र गरीबीको खाडल बढ्दो छ । युवाहरूमा निराशा, अपराध, आत्महत्या र कुलत मार्गमा बृध्दि भइरहेको छ । आजको यो संकट समाधान संसदीय गणतन्त्रसँग छैन भन्ने कुरा अझ व्यवहारत पुष्टी भएको छ । यसको समाधान आमुल क्रान्तिकारी परिवर्तनसँग मात्र छ । ... आर्थिक शोषण, राजनितिक अस्थिरता, भ्रष्टाचार, विदेशी निर्भरता, जनजीविकाको संकट र राष्ट्रको आत्मनिर्णयमा आँच आउँदै गएको परिदृश्यले बहुसंख्यक जनताको हितका लागि यतिबेला संघीय जनगणतन्त्र विकल्प मात्र होइन, अपरिहार्य आवश्यकता बन्नपुगेको छ । संघीय जनगणतन्त्र शोषण विहिन, आत्मनिर्भर र जनसत्तामाआधारीत नेपालको मुक्तिमार्ग हो भन्ने कुरा हामीहरूले भुल्नु हुदैन ।”

स्मरण रहोस्, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यवाहक महासचिव सीपी गजुरेलले हरेक सार्वजनिक मञ्चहरूमा मुलुकको अग्रगामी तथा क्रान्तिकारी परिवर्तनका लागि सम्पूर्ण प्रगतिशील, वामपन्थी तथा कम्युनिस्ट शक्तिहरूलाई संघीय जनगणतन्त्रको पक्षमा उभ्याउन अपिल गर्दै आउनु भएको छ ।

## श्रद्धाञ्जली...

क्रममा विपी कोइराला स्वास्थ्य विज्ञान प्रनिष्ठान धरानमा दुःखद् निधन भएको थियो ।

## अखिल...

काठमाडौं जिल्ला कोटेश्वर ९ नम्बर ब्युरो अन्तर्गतका विद्यार्थीसँग अन्तरक्रिया र छलफल, चाबाहिल, डील्लीबजार, सानोठिमी, सिटिइभिटी, जोरपाटी, वसुन्धरा लगायतका स्कूल क्याम्पसमा अभियान सञ्चालन गरिएको छ भने अभियानको क्रममा संगठनहरू पनि निर्माण भएका छन् ।

१ नं अभियानको नेतृत्व नेता नेत्र शाहीले गरेका छन् भने दुई नं अभियानको नेतृत्व दिपक विस्टले गरेका छन् । काठमाडौं उपत्यकामा सञ्चालित अभियानका प्रायः कार्यक्रममा संगठनका संयोजक महेश श्रेष्ठ सहभागी हुने गरेका छन् । साथै, पार्टीका सम्बन्धित ब्यूरोका नेताहरू पनि अभियानमा सरिक हुने गरेका छन् ।

## क्रान्तिकारी...

भएको छ । भेलाले छाया श्रेष्ठको संयोजकत्वमा ११ जनाको जिल्ला संगठन समिति गठन गरिएको छ। जस्मा सदस्यहरू क्रमशः ममता गौतम, गिता राना ,सुमित्रा खत्री, तारा थापा, मिना वन, तुल्सी खत्री, विश्वमोहनी राजवंशी, लक्ष्मी थापा, कविता विष्टर प्रिता लोध रहेका छन्। कार्यक्रममा महिला संगठनकी केन्द्रिय कोषाअध्यक्ष कमला खडकाको विशेष उपस्थिति रहेको थियो ।

**क्रान्तिकारी युवा संगठन नेपाल बर्दियाको भेला सम्पन्न**

बर्दिया । क्रान्तिकारी युवा संगठन नेपाल बर्दियामा दीपक अधिकारी संयोजक चयन हुनुभएको छ । ७ जनाको उक्त समितिमा सदस्यहरू धर्मराज थापा,विनोद न्यौपाने ,निरन्जन रोकाया, तारा थापा, कञ्चन भण्डारी ,श्रवण लोध रहेका छन् । २०८२श्रावण ३ गते सम्पन्न भेलाले उक्त समिति गठन गरको हो । कार्यक्रमको अध्यक्षता दीपक अधिकारी,पार्टीका वैकल्पिक पिविएम प्रकाश उर्जाको प्रमुख आतिथ्यता, क्रान्तिकारी युवा संगठन नेपालका कार्यालय सदस्य संगीन भिउ थापाको विशेष उपस्थिति ,क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सदस्य विन्ति,कमला खड्का ,बर्दिया जिल्ला इन्चार्ज भूकम्पको समेत आतिथ्यतामा उक्त भेला भएकोथियो।

**जनजाति महासंघ र तमु मोर्चाको भेला सम्पन्न**

कास्की । असार २७ र २८ गते अखिल नेपाल आदिवासी जनजाति महासङ्घ र तमु राष्ट्रिय मुक्ति मोर्चाको भेला पोखरामा सम्पन्न भएको छ । महासङ्घका केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठको प्रमुख आतिथ्यमा भेला सम्पन्न भएको हो ।

सो भेलाले बम बहादुर छन्त्यालको नेतृत्वमा अखिल नेपाल आदिवासी जनजाती महासङ्घ सात नम्बर क्षेत्रीय समन्वय कमिटी गठन गरेको छ । त्यसैगरि तमु (गुरुङ)हरूको राष्ट्रिय भेला सम्पन्न भएको समाचार छ । पवनमान श्रेष्ठकै प्रमुख आतिथ्यतामा सम्पन्न भएको राष्ट्रिय एकता भेलाले महान गुरुङको नेतृत्वमा अखिल नेपाल तमु राष्ट्रिय मुक्ति मोर्चाको १३ सदस्यीय केन्द्रीय समिति निर्माण गरिएको छ ।

कर्यिक्रमको अन्त्यमा सात नम्बर व्युरोका सेक्रेटरी निश्चलले दुवै भेलाको सफलताको शुभकामना दिनुहुँदै कार्यकाल सफलताको लागी दुवै समिति र नेतृत्वलाई हार्दिक वधाइ र शुभकामना दिनुभएको थियो ।

## भ्रष्टाचार...

रहेका राजनीतिक पार्टीका नेताहरू पनि संस्थागत भ्रष्टाचारको पक्षमा रहेका हुनाले नेपालमा भ्रष्टाचारको विषय अत्यन्तै गम्भीर बन्न गएको हो। विकास निर्माणका कामहरू जति हुनसक्ने त्यति पनि हुन सकिरहेका छैनन् र विदेशी ऋणको भार वर्षेनी बढ्दै गइरहेको छ । देशमा विकासको काममा गति दिनका लागि भ्रष्टाचारलाई रोक्नु पहिलो सर्त हो। तर स्वयं सरकार त्यसमा संलग्न पार्टी तथा हिजो सरकारमा र अहिले प्रतिपक्षमा रहेका पार्टीका नेताहरू समेत संस्थागत भ्रष्टाचारको पक्षमा भएको हुनाले आम जनता नै भ्रष्टाचारीका विरुद्ध संघर्षमा नउत्रिएसम्म देशमा भ्रष्टाचार कम हुनेवाला छैन। त्यसकारण हाम्रो पार्टीले भ्रष्टाचारका विरुद्ध अभियान सञ्चालन गर्न आवश्यक ठानेको हो। यस भ्रष्टाचार विरोधी अभियानमा सहभागी हुन र विभिन्न ढङ्गबाट यस अभियानलाई सहयोग गर्न हामी सम्पूर्ण जनसमुदायसँग हार्दिक अपिल गर्दछौं।

आदरणीय जनसमुदाय,


हामी तपाईंहरूलाई यो कुरा पनि स्पष्ट गर्न चाहन्छौं कि यो प्रतिक्रियावादी संसदीय व्यवस्था र बुर्जुवा गणतन्त्र भनेकै भ्रष्टाचारी, घुस्याहा र शोषक वर्गको हित गर्ने व्यवस्था हो। त्यसकारण यो व्यवस्था अन्तर्गत हुने भ्रष्टाचार विरोधी आन्दोलनले भ्रष्टाचारको न्यूनीकरण गर्न त सम्भव छ तर निर्मूल गर्न सक्दैन । देशमा संस्थागतढंगले फैलिँदै गएको भ्रष्टाचारलाई न्यूनीकरण गर्न र त्यसका विरुद्ध जनतालाई सुसुचित गर्न हामीले भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्न आवश्यक ठानेका छौ। देशलाई सधैंका लागि भ्रष्टाचारबाट मुक्त गर्न हामीले संघीय जनगणतन्त्रको खुड्किलो पार गरी वैज्ञानिक समाजवादको स्थापना गर्नु अनिवार्य छ । वैज्ञानिक समाजवादले मात्र भ्रष्टाचारको पूर्ण उन्मूलन गर्ने छ ।

२०८२/३/५

*क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल*
*केन्द्रीय कार्यालय*

# आलोपालो

## सत्तासंस्कृतिको कुरुप चित्र


● रोशन जनकपुरी ●

***शासकवर्ग अहिले पनि भानुभक्त र संकीर्ण नेपालीभाषिक राष्ट्रवादी सांस्कृतिकतामा नै आनन्द र गर्व अनुभूत गरिरहे को बुझिन्छ । होइन भने यस गणतन्त्रमा सामन्तवादी सत्ता र धर्मको स्तुति गाउने र पश्चगामी संस्कृतिका समर्थक भानु होइन, जनता र गणतान्त्रिक चेतका सर्जक र कविहरूको दिवस मनाएर, उनीहरूको योगदानको चर्चा गरेर गणतन्त्रका शासक र बौद्धिक वर्गले गर्व र आनन्दको अनुभूति गर्थ्यो ।***

नेपाली भाषाको सरकारी कित्ता अहिले पनि भानुभक्तकै वरिपरि छ । हृदयचन्द्रसिंह, गोपाल प्रसाद रिमाल, पारिजात, कृष्णसेन, केवलपुरे किसान, युद्ध प्रसाद मिश्र आदि अग्रगामी र जनताका सर्जकहरू सत्ताको नजरमा उपेक्षित नै छन् । केही छन् भने दोयम छन् । तात्पर्य के हो भने सरकारी कित्ताको भाषिक चरित्र महेन्द्रीय सङ्कीर्ण राष्ट्रवादमा नै मुग्ध छ, गणतन्त्रको बीसवर्ष बितिसकेर पनि सत्ताको राजनीतिक र सांस्कृतिक चरित्रमा कुनै अन्तर छैन ।

म सम्झन्छु पंचायतकालीन त्यो दिन, जुन दिन पंचायती भारदार कवि माधवप्रसाद घिमिरे रीसमा उम्लिँदै नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको भवनमा उभिएर पंचायतविरोधी साहित्यकारहरूलाई तथानाम गाली गरिरहेका थिए ।

म पारिजात पनि सम्झन्छु, जस्ले आफु मरे आफ्नो लास प्रज्ञा प्रतिष्ठानको परिसरमा न ल्याउन भनेर शाही प्रज्ञाप्रतिष्ठानप्रति घृणा र आक्रोश पोखेकी थिइन् ।

अहिले देशमा गणतन्त्र छ । अहिले, जो पंचायती तानासाही सत्ता र सांस्कृतिक चेतना विरुद्ध लडेका थिए, उनीहरूको सरकार छ । यस्तोमा पनि उही माधव घिमिरे राष्ट्रकवि ? उही राणाजीहरूले पगडी पहिऱ्याइदिएका र पंचायती शासकहरूले राष्ट्रवादी प्रतीक बनाएका भानुभक्त आदिकवि ? होइन भने नेपाली भाषामा हालसम्मका ज्ञात सबैभन्दा पुराना जोसमनी सन्त कवि ज्ञान दिलदासले आदिकविको उपाधि पाउनुपर्ने होइन ?

तर शासकवर्ग अहिले पनि भानुभक्त र संकीर्ण नेपालीभाषिक राष्ट्रवादी सांस्कृतिकतामा नै आनन्द र गर्व अनुभूत गरिरहेको बुझिन्छ । होइन भने यस गणतन्त्रमा सामन्तवादी सत्ता र धर्मको स्तुति गाउने र पश्चगामी संस्कृतिका समर्थक भानु होइन, जनता र गणतान्त्रिक चेतका सर्जक र कविहरूको दिवस मनाएर, उनीहरूको योगदानको चर्चा गरेर गणतन्त्रका शासक र बौद्धिक वर्गले गर्व र आनन्दको अनुभूति गर्थ्यो ।

वर्तमान गणतन्त्रमा सत्ता र सरकारी बौद्धिक वर्गले गणतान्त्रिक संस्कृति, बौद्धिक र जनसंस्कृति अनुरूप ढाल्न थुप्रै बाँकी छ । प्रज्ञाप्रतिष्ठानमा त गणतन्त्र आउन र छाउन अझै बाँकी छ । सरकारी कित्ताका 'इमान्दार' बौद्धिकहरूले विचार गर्ने हो कि ?


# डेंगीबाट बचौं र बचाऔं

**लक्षण**

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता विविराहरू आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु

**लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ, त्यसैले,**

- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्न मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं,
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरू समयसमयमा सफा गरौं

**डेंगीको उपचारभन्दा रोकथाम नै सजिलो उपाय हो**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## हामीलाई...

निर्वाचित हुन्छन् ।

त्यसअनुसार ७ वटै प्रदेशमा गरी ३३० जना प्रतिनिधि निर्वाचित हुन्छन् । र, ३३० जनालाई ६० प्रतिशत मानी त्यसको ४० प्रतिशत अर्थात् २२० जना समानुपातिक प्रणालीबाट निर्वाचित हुने गरेका छन् ।

यसअनुसार ७ वटै प्रदेशका कुल सांसदको संख्या ५५० पुग्छ । यस अनुसार प्रत्येक प्रदेशसभामा निम्न संख्यामा सांसद रहनेछन्ः

तालिका : ७ वटा प्रदेश र संघमा कुल सांसदको संख्या

प्रतिनिधिसभाका लागि प्रत्यक्षबाट निर्वाचित हुने सदस्य १६५ रहेको छ । त्यसलाई ६० प्रतिशत मानेपछि बाँकी ४० प्रतिशत अर्थात् ११० जना थपिएर २७५ जनाको पूर्ण प्रतिनिधिसभा गठन हुन्छ ।

अर्कोतिर संविधानले दुई सदनात्मक प्रणालीको व्यवस्था गरेको छ । प्रतिनिधिसभा जस्तै अर्को सभा, राष्ट्रियसभा रहेको छ । यो सभामा ५९ जना सदस्य रहनेछन् ।

१२. ती प्रत्येक प्रदेशबाट ८ जनाको दरले निर्वाचित हुनेछन् । ३ जना भने राष्ट्रपतिबाट मनोनीत हुने व्यवस्था छ । यसका साथै ७ सय ५३ स्थानीय सरकारका पदाधिकारी समेत कुनै न कुनै तवरबाट राज्यको लाभ लिने पदका रूपमा रहेकोले राष्ट्रिय बोझ भएको आलोचना हुने गरेको छ । यसलाई ठुला दलहरू स्वयंले महसुस गरी संविधान संसोधनको मनस्थितिमा पुगेको भनिइन्छ ।

कर, मालपोत, भन्सार, नापी, प्रहरी, लगायत प्रत्यक्ष जनसम्पर्क कार्यालय नै जनताका लागि अफ्ट्यारो पारेर कमाउने स्थलमा परिणत भएको गुनासो बढिरहेको छ । सर्वसाधारणले कुनै कार्यालयमा गएर अतिरिक्त खर्च नगरी एकैदिनमा काम सकेर फर्किदा लडाइँ जितेर फर्किए सरह हुने अवस्था छ ।

गणतन्त्र स्थापना पछि भ्रष्टाचार कम हुने आशा गरिए पनि त्यस्तो हुन सकेको छैन । अझ भ्रष्टाचार बढेको देखिइन्छ र बुझिन्छ । कार्यान्वयन तहमा त भ्रष्टाचार कम भएन भएन नीतिगत तहमा र न्यायक्षेत्रमा समेत भ्रष्टाचार व्यापक हुदै गएको खुला बहसको विषय बन्नु दुखको कुरा हो । अरु त अरु यस अवधीमा भ्रष्टाचार नियन्त्रणका लागि काम गर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगकै पदाधिकारी भ्रष्टाचारको मुद्धामा सजाय पाएर कारबास पुगेका घटनाले दुराचारको आयतन स्पष्ट गर्छ ।

कर, मालपोत, भन्सार, नापी, प्रहरी, लगायत प्रत्यक्ष जनसम्पर्क कार्यालय नै जनताका लागि अफ्ट्यारो पारेर कमाउने स्थलमा परिणत भएको गुनासो बढिरहेको छ । सर्बसाधारणले कुनै कार्यालयमा गएर अतिरिक्त खर्च नगरी एकैदिनमा काम सकेर फर्किदा लडाइँ जितेर फर्किए सरह हुने अवस्था छ ।

अर्कातिर राजनीतिक दलका तल्ला इकाइका मानिसहरू समेत कमिसनका भागिदार बन्दै गएका छन् । माथिल्ला र ठूला पदहरू खरिद बिक्री हुने गरेको चिया पसल र गल्लिगल्लिमा सुन्न पाइन्छ । बिगतमा देशको गृह मन्त्रालय सम्हाली सकेका मन्त्रीहरू, सचिव मानिसहरू र तिनका छोरा भाइ भतिजा समेत भ्रष्टाचारको मुद्धामा सजाय पाएर काराबासमा जानु भ्रष्टाचारको अन्त्य होइन नमुना मात्र भएको जनविश्वासलाई खण्डन गर्ने कुनै आधार भेटिदैन ।

भ्रष्टाचार नियन्त्रणका खातिर स्थापना गरिएको स्वयं अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पदाधिकारी सेवा निवृत्त भएपछि, नियुक्ति पाउनु अघि र पदमा रहदा गरेका भ्रष्टाचारका कारण कानुनको फन्दामा परेका घटनाले नियुक्ति प्रक्रिया र भ्रष्टाचारको जालोले कहाँसम्म जेलेको छ भन्ने स्पष्ट गर्छ । एकजना आयुक्त त पदमा बहाल रहेकै बेला पक्राउ पर्नु आफैंमा आश्चर्यको विषय बन्यो ।

प्राविधिक कारणले गिरफ्तार हुन नसकेका र नगरिएका यस्ता थुप्रै भ्रष्टाचारी बाँकी छन् भन्नेमा दुईमत छैन । शुन्य भ्रष्टाचार दिने नेताहरूको नाराले जनतालाई जति आशा दिन्छ उनीहरूकै जीवनशैली र जीवनमा देखिएको परिवर्तनले त्यसको कयौं गुणा बढी निराशा निराशा थप्ने गरेको छ ।

ललिता निवास जग्गा, सुन, रक्तचन्दन, सुपारी, यति होल्डिंग्सका विभिन्न प्रकरणहरू, नक्कलि शरणार्थी, वाइड बडि जहाज, गिरिबन्धु टी स्टेट , सहकारी, लडाकुको रकम हिनामिना, एनसेल , आयल निगमको जग्गा खरिद जस्ता चर्चामा आएका, कारबाहीको क्रममा रहेका वा कारबाही भइसकेका मात्र होइन अख्तियारको छानविनमा रहेका स्थानीय निकायका सयौं मुद्धा अनि उजुर नै नपरेका र पर्न नसकेका, मिलेमतोमा गरिएका सहमति वा भागवण्डामा गरिएका भ्रष्टाचारका मुलुकका लागि चिन्ताका विषय हुन् ।

एउटा व्यापारी, निर्माण व्यवशायी, उद्योगपतिसँग बसेर कुरा गर्दा नियम कानुन बाहिर रहेर दल तिनका भातृसंगठन, टोले, समाजसेवीका नाउँमा खान पल्केका डनहरू र कर्मचारीले दिने पिडा अनि असुल्ने रकम अकल्पनीय छ । संघीयताका कारण विकास निर्माणको सहभागिता मात्र तलैसम्म पुगेको छैन भ्रष्टाचारका जरा पनि सँगै पुगेका छन् । विकास निर्माणका कामका त्यसक्रममा हुने कमिसनको जालो र तिनको गुणस्तर कसले हेर्ने ? उद्यमीले कामका लागि झन्झटिलो प्रकृया, तलदेखि माथिसम्म हरेक दल र कर्मचारीतन्त्र रिझाउनु पर्ने अबस्था छ ।

१३. महंगो निर्वाचन प्रणालीका कारण हरेकजसो जनप्रतिनिधि पाइलापाइलामा आर्थिक उपार्जनको बाटो खोजिरहेको छ । निर्वाचनको टिकटका लागि पार्टीलाई समेत रकम बुझाउनु पर्ने र मत प्रचारका लागि गरिएको खर्च र अर्को निर्वाचनको तयारीको बोझ कम जटिल देखिदैन ।

पछिल्लो समयमा सरकारी बजेट खर्चेर उपयोग नहुने ठाउँमा सडक र ठुलाठुला भवन बनिनु, सडक नभएका ठाउँमा पुल बनिनु अनि बनाइएका संरचनाहरू बनाउनेको कार्यकाल नसकिदै भत्किनुको चक्र सामान्य नजरले पनि ठम्याउन सक्ने भएको छ । शहरीकरणले जीवनशैलीमा आएको परिवर्तन र बजार, प्रदेश केन्द्र वा राजधानी मै घर जोड्ने थेगिनसक्नुको मानसिक चापमा हरेक नेता र कर्मचारी परिरहेको प्रष्ट देखिदैछ ।

उनीहरूमा देखिएको मानसिक चापको अप्रत्यक्ष मार उद्योग व्यापारमा समेत परिरहेको छ । बाह्य बजारको समस्याले लगानी आउन अफ्ट्यारो मान्ने परिस्थिति विद्यमान छ । जसले रोजगारी सिर्जनामा बाधा पुगिरहेको छ । काम गर्ने, कमाउने र खर्च गर्ने उमेरको युवा दिनदिनै विदेशिदै छ । यसले हाम्रो उपभोक्ता र बजार पनि संकुचित हुने चक्र बढीरहेको छ ।

नातावाद, दल मात्र होइन दल भित्रका गुट, योग्यताको कदर भन्दा भागबण्डा, रकमको चलखेल र मुल विषय भन्दा अतिरिक्त कुरा नियुक्ति सरुवा बढुवाका आधार बनिरहेको चर्चा हुन्छ र त्यसलाई खण्डन गर्ने भन्दा प्रमाणित गर्ने आधारहरू बढी भेटिनु दुखको कुरा बाहेक केही होइन । एउटा सचिव, सहसचिव वा महत्वपूर्ण स्थानमा रहेको कर्मचारी वर्षमा कतिपटक के कारण सरुवा गरिन्छ अरु कुनै आधार देखिदैन मात्र नातावाद, कृपावाद र अतिरिक्त आर्जनका कुरा अनुमान गरिन्छ । स्थायी सरकार भनिने कर्मचारी संयन्त्र यसरी निरिह निकम्मा र भ्रष्ट बनिरहेको छ ।

अहिले कर्मचारीतन्त्र, प्रहरी प्रशासनका अधिकांश मानिस जागिर जोगाउन, सुरक्षित रहन र मौका परे कमाइ हाल्न निरिह जस्तो देखिएर चाटुकार झुण्डमा परिणत हुँदैछ । अबको केही वर्षमा योग्य प्रहरी, सेना, निजामति र शिक्षकका दरबन्दीको पूर्ति गर्न कठिनाई पर्ने अवस्था अहिले नै अनुमान गर्न सकिन्छ ।

पछिल्लो समयमा सामाजिक सञ्जाल, चिया पसल, रेष्टुराँमा हुने चर्चा मात्र होइन मत नमिल्ना साथ जिम्मेवार नेताहरूबाट समेत आपसमा भ्रष्टाचारको आरोप प्रत्यारोप हुने गरेको छ । वि सं २०५४ मा एमाले नेता झलनाथ खनाल सञ्चारमन्त्री भएका बखत उहाँकै दल निकटस्थ वरिष्ठ पत्रकारले गोरखापत्र संस्थानको महाप्रवन्धक बन्न पन्ध्र लाख रूपैयाँ मागेको आरोप लगाए । नत सो आरोप कतैबाट पुष्टि भयो नत आरोप लगाउनेलाई कारबाही नै भयो ।

यसैगरी पूर्व प्रधानमन्त्री डाक्टर बाबुराम भट्टराईले आफ्नो कार्यकालमा शुरु गरेको बुढी गण्डकी जलविद्युत परियोजनामा उहाँकै समकक्षी के पी शर्मा ओली, पुष्पकमल दाहाल प्रचण्ड र शेरबहादुर देउवाले नौ अर्ब रूपैयाँ कमिसन लिएको सार्वजनिक समारोहमा नै बताउनु भएको थियो । त्यति मात्र नभई आबश्यक परे सोको प्रमाण समेत दिन तयार रहेको भट्टराईले बताउनु भएको थियो । तर न कसैले प्रमाण खोजेर कारबाही गऱ्यो नत झुटो आरोप लगाएकोमा मुद्धा नै चल्यो ।

यसैगरी मन्त्री भइसकेका अर्का नेता खड्ग बहादुर विश्वकर्माले अध्यक्ष प्रचण्डका नाउँमा दुवइमा एकचालीस अर्ब रकम लगानी छ भनी सार्वजनिक रूपमा दावी गरेका थिए ।

१४. यसरी आरोप प्रमाणित पनि गर्नु नपर्ने र मत मिल्नासाथ त्यो विषय सामसुम हुनाले कारबाही गर्ने सबैखाले निकायलाई समेत अन्यौलमा पार्ने गरेको प्रष्ट बुझिन्छ । यसको अर्थ जसले जसलाई जे भने पनि हुने अबस्था सिर्जना भएकोले भ्रष्टाचार जस्तो गम्भीर अपराध सामान्यीकरण हुदै गएको छ । समयक्रममा भ्रष्टाचारका विषयले जस्केलोबाट मात्र होइन मुल ढोकाबाटै दण्डहिनताका कारण मौलाउने अवसर पाएको देखिन्छ ।

वि सं २००७ अघि सञ्चार माध्यम कम थिए । वाक तथा अभिव्यक्ति स्वतन्त्रता सिमित र नियन्त्रित थियो । पोलेको र बोलेको कुरा प्रमाणित नभई झुटो ठहरे बोल्ने र पोल्नेलाई आधा सजाय हुने कारणले पनि आरोप प्रत्यारोपका कुरा निक्कै कम मात्र बाहिर आउँथे ।

राजा महाराजा र उनका आसेपासेले लुकिछिपि भ्रष्टाचार गरे पनि जनतामा व्यापक थिएन । पक्ष विपक्षको घेरा सानो र असंगठित थियो । साथै धर्ममा बढी विश्वास राख्ने समाज भएकोले भ्रष्टाचारको आयतन तुलनात्मक रूपमा सानो थियो । राणाकालमा कालभैरबको मूर्ति र मन्दिर अगाडि उभिएर सपथ खुवाइन्थ्यो समाज र चेतनामा आएको परिवर्तनसँगै त्यस्ता मूर्ति र मन्दिर बनाउँदा नै भ्रष्टाचार हुने गरेका घटना सामान्य हुन थालेका छन् ।

भ्रष्टाचार नियन्त्रणसँग सरोकार राखेर दर्जन भन्दा बढी कानुन बनाइएका छन् । भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार, महालेखा परिक्षक, विशेष अदालत, सम्पति शुद्धिकरण, राजश्व अनुसन्धान, प्रहरी मातहतमा सीआइबी, राष्ट्रिय सतर्कता केन्द्र, शक्तिशाली निकाय र विशेष न्यायालय समेत स्थापित छन् । भ्रष्टाचार नियन्त्रणका खातिर गैरसरकारी क्षेत्रबाट पनि प्रयासहरू नभएका होइनन् । तर पनि यसमा कमि आएको छैन । त्यसैले भन्न सकिन्छ कानुन र संयन्त्रको अभावले समस्या परेको होइन तलदेखि माथिसम्मको आचरण र इच्छा शक्ति कारक छ । राज्य, राजनीति र दलहरू दण्डहिनताले गाँजिएका छन् र नियन्त्रण गर्ने दायित्व लिएकाहरू नै संरक्षक बनेका छन् ।

व्यवस्थापिकामा आरोप प्रत्यारोप मात्र हुन्छ । कार्यपालिकामा बस्ने र त्यसको संयन्त्रमा रहदा जेपनि गर्न हुन्छ अनि न्यायपालिकामा पनि न्याय किनबेच हुन्छ भन्ने जनविश्वास पछिल्लो समयमा बिस्तार हुदै गएको छ । प्रहरी प्रशासन र न्यायपालिका प्रतिको विश्वास धर्मराउनुका पछाडि भ्रष्टाचार नै जिम्मेवार भएकोमा दुईमत छैन । जसका कारण राज्यप्रति जनताको आशा र भरोसा हराउने खतरा उत्पन्न भएको छ ।

सिद्धान्तहिन एवं नाटकीय गठबन्धन र अस्थिर सरकारका कारण राजनीतिक तथा प्रशासनिक भ्रष्टाचार एवं आर्थिक अनियमितताको असिमित हुदै गएको महालेखा परिक्षक, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र ट्रान्सपरेन्सी इन्टरनेशनलका प्रतिवेदनहरूले देखाइरहेका छन् । यी र यस्ता निकायले संकेत गरेका विषयलाई जतिछिटो संबोधन गरिन्छ त्यति नै मुलुकको भविष्य उज्ज्वल र सुरक्षित हुनेछ ।- नेपाल रिडर्सबाट

*१५. सन्दर्भ सामग्रीः*


भ्रष्टाचार नियन्त्रण सुझाव समितिको प्रतिवेदन २०५६

भ्रष्टाचार निवारण ऐन २०५९

रणबहादुर शाहको कानुनी बन्दोबस्त

राम शाहको थिति

बडामहाराजा पृथ्वीनारायण शाहको दिव्य उपदेश- नयराज पन्त

युरोपको इतिहास- डब्लु जे स्मिथ

अख्तियार अनुसन्धान आयोगका प्रतिवेदनहरू

महालेखा परिक्षकका प्रतिवेदनहरू

सार्वजनिक लेखासमितिका प्रतिवेदनहरू

नेपालमा राजनीतिक भ्रष्टाचारको बृत्तान्त- तीर्थ कोइराला

भ्रष्टाचारको शल्यक्रिया- हरिबहादुर थापा

मुलुकी ऐन २०२०

मुलुकी ऐन १९१०

नेपालमा भ्रष्टाचार बिरुद्ध कार्यरत निकायहरूको अन्तरसम्बन्ध र प्रभावकारिता- रत्नकाजी बज्राचार्य ।




सा्ल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

तौल पूर्ण, सुरक्षा सम्पूर्ण

- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न नसकिने प्लास्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्रविधिबाट चल्ने प्लान्ट, तौलमा सोहै आना ढुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्या...स इण्डस्ट्रिज लिमिटेड
जुंगेखोला धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौ
फोन नं. ४२८६८१६, सनाईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेलः metro@stcnepal.com




साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू


**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।